सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ मंसिर २०८१, मंगलबार (19 Nov 2024, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २१२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बार-बेन्च तनाव

भागबन्डाले सर्वोच्चमा न्यायाधीश नियुक्ति सर्धै पेचिलो



दुई न्यायाधीश नियुक्तिमा बारको असन्तुष्टिपछि चुलियो विवाद, थप नियुक्ति अन्योलमा

■ न्यायपरिषद्मा न्यायाधीशविरुद्ध ५३ उजुरी, दुई सय उजुरी टुंगिन बाँकी

(विस्तृत पृष्ठ ३)

सुशासनका लागि निर्वाचन प्रणालीमा सुधार



● प्रेमलकुमार खनाल

देशमा सुशासन कायम गराउन अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुको विकल्प छैन

(पृष्ठ ४)

वाइडबडी मर्मत ढिलाइले नेवानिले गुमायो डेढ अर्ब

१२ भदौमा सि-चेकका लागि इटाली पठाएको नेपाल वायुसेवा निगमको वाइडबडी विमान '९एन-एलजेड' सोमबार काठमाडौं फर्किएको छ

● समयमा उडान नहुँदा यात्रुको रि-रुटिङ, होटेल खर्च, क्रु मेम्बरको भत्तालगायतमा ३८ प्रतिशत अतिरिक्त खर्च



चाडपर्व र पर्यटकीय सिजनमा वायुयानलाई यात्रु बोक्न भ्याई-नभ्याई हुन्छ, भाडा पनि दुई-तीन गुणासम्म महँगिएको हुन्छ, । सिजनमा एउटा वाइडबडी ग्राउन्डेड हुँदा औसतमा करिब डेढ अर्ब आम्दानी गुम्छ, यो हिसाबले एक सय पाँच दिन ग्राउन्डेड हुँदा निगमको डेढ अर्बभन्दा बढी आम्दानी गुमेको छ।

(पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अर्बौं नतिर्ने उद्योगीको पक्षमा सरकारको अर्को निर्णय

बक्यौता जाँच गर्न भन्दै प्राधिकरण र आयोगलाई बाइपास गरेर बनाइयो समिति

● **कपिल आचार्य**, सदस्य, प्राधिकरण सञ्चालक समिति



समिति बनाउने नै भए प्राधिकरण वा नियमन आयोगभित्र बनाउनुपर्ने थियो । तर, मन्त्रालयमै बनाइयो । त्यसको कानुनी आधार पनि स्पष्ट भनिएको छैन । कुन कानुनको आधारमा निर्णय गरियो ? प्राधिकरणले जारी गरेको बिल बाहिरी मान्छेले कसरी चेकचाँज गर्न सक्छन् ? कतिजनाको बिल चेकचाँज गर्ने ? यसअघि पनि थुप्रै ग्राहकले प्रिमियमसहित महसुल तिरेका छन् । उनीहरू पनि बिल पुनः चेक गर्न पऱ्यो भन्दै आएमा के गर्ने ? प्राधिकरणले जारी गरेको बिलमाथि अविश्वास गरेर बाहिरका मान्छेलाई चेक गर्न दिइँदै छ । यो विडम्बना भयो ।

● **चिरञ्जीवी चटौत**, प्रवक्ता, ऊर्जा मन्त्रालय



प्राधिकरण आफ्नो बिल ठिक छ भन्ने र उद्योगीहरू अझै पनि यो बिल ठिक छैन भन्ने ठाउँमा छन् । तसर्थ, यसमा तथ्य हेर्न खोजेका हौं र समिति गठन सम्बन्धमा अन्य नीतिगत तथा कानुनी समस्या हुन्छ जस्तो लाग्दैन ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लोडसेडिङको वेला डेडिकेटेड फिडर र ट्रंकलाइनबाट २४ घण्टासम्म विद्युत् प्रयोग गरेको बक्यौता महसुल नतिरेका उद्योगीको पक्षमा सरकारले फेरि अर्को निर्णय गरेको छ । नेपाल विद्युत् प्राधिकरणले उद्योगीलाई बक्यौता तिर्न १२ मंसिरसम्मको समयसीमा तोकेको वेला ऊर्जा मन्त्रालयले बक्यौता पुनः प्रमाणीकरण गर्न भन्दै तीन सदस्यीय समिति गठन गरेको छ ।

■ लेखा समितिमा बुझाएका प्रमाण अलपत्र छाडेर नयाँ समितितिर ध्यान

सरकारले सार्वजनिक बिदा दिएको दिन अर्थात् सोमबार

» पृष्ठ २ मा क्रमशः

■ मन्त्रीले समिति गठन गरेर थप अन्योल बनाए बक्यौता उठाउने कार्य



■ ऐनमै स्पष्ट छ - **जाँचबुझ गर्ने काम नियमन आयोगको हो**

विद्युत् नियमन आयोग ऐन, २०७४ ले जाँचबुझ तथा निरीक्षण गर्ने अधिकार स्पष्ट रूपमा आयोगलाई दिएको छ । ऐनको दफा १७ अनुसार अनुमतिप्राप्त संस्था (प्राधिकरणलगायत)हरूले ऐन र ऐनअन्तर्गतका नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानुन वा सर्तबमोजिम कार्य गरे-नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ । यसअनुसार पछिल्लो बक्यौता विवादमा पनि आयोगले आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । 'अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानुन वा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका सर्तबमोजिम कार्य गरे-नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ,' विद्युत् नियमन आयोगको दफा १७ मा भनिएको छ, 'जाँचबुझ तथा निरीक्षण गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिसँग लेखा, अभिलेख, विवरण आदि माग गर्न वा स्थलगत रूपमा जाँचबुझ तथा निरीक्षण गर्न सकिनेछ । जाँचबुझ तथा निरीक्षण गर्ने पदाधिकारी वा कर्मचारीले त्यसको प्रतिवेदन तयार गरी आयोगसमक्ष पेस गर्नुपर्नेछ र त्यस्तो प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुमतिपत्रप्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।' तर, मन्त्रालयले ऊर्जासम्बन्धी सरकारी निकायहरूको संयन्त्रबाहिरबाटै प्राधिकरणले जारी गरेको बिल जाँच गराउने निर्णय गरेको छ ।

बिल पुनरावलोकन गर्ने प्रक्रिया के हो ?

बिल जारी भइसकेको अवस्थामा बिल रकम पुनः गणना गर्ने कानुनी प्रक्रिया छन् । विद्युत् महसुल संकलन विनियमावली, २०७८ को विनियम ५५ अनुसार उद्योगी प्रमाणसहित बिल रकम पुनरावलोकन गर्न पहिलो चरणमा प्राधिकरणभित्रै रहेको पुनरावलोकन समितिमा जानुपर्छ । प्राधिकरणबाट जारी भएको छुट बिलिङ सम्बन्धमा उद्योगीले समितिमा पुनरावलोकनको निवेदन दिन सक्छन् । समितिले ३५ दिनभित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनुपर्ने हुन्छ । प्रक्रियाबाट जारी भइसकेका बिलको रकम पुनरावलोकन गर्न सकिन्छ । तर, प्रशासकीय पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुने व्यवस्था छ ।

उद्योगीले प्राधिकरणको छुट बिलविरुद्ध विभिन्न अदालतमा हालेको अधिकांश रिटको फैसलामा पहिला प्रशासनिक पुनरावलोकनमा जान भनिएको छ । तर, उद्योगी यो प्रक्रियामा आएकै छैनन् ।

प्राधिकरणको पुनरावलोकन समितिको निर्णय चित्त नबुझ्नेमा उद्योगी विद्युत् नियमन आयोग जान सक्छन् । यस्ता विवाद समाधान गर्न विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ ले आयोगलाई अधिकार दिएको छ । विद्युत् नियमन आयोग नियमावलीको दफा १७ अनुसार पाँच प्रतिशत शुल्क बुझाएर उद्योगीहरूले आयोगमा पुनरावेदनको आवेदन दिन सक्छन् । त्यसमा आयोगले ९० दिनभित्र निर्णय गरेर आवेदकलाई लिखित जानकारी दिनुपर्नेछ । आयोगको निर्णय चित्त नबुझेमा ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन दर्ता गर्न पाइन्छ । त्यसपछि अदालतबाटै यो विवादको निर्क्योल हुन्छ ।

प्रक्रिया लम्ब्याउँदा पनि राजस्वमा नोक्सानी

प्राधिकरणका एक कर्मचारी बक्यौता असुलीको प्रक्रिया लम्ब्याउँदा धेरै नोक्सानी हुने बताउँछन् । 'यो प्राधिकरण हुँदै सरकारी ढुकुटीमा नै जाने पैसा हो । बक्यौता उठाउने प्रक्रिया लम्ब्याउँदा पनि धेरै नोक्सानी हुन्छ,' प्राधिकरणका एक कर्मचारी भन्छन्, 'रकम ठुलो छ । प्राधिकरण वा सरकारले परिचालन गरेर धेरै फाइदा लिन सक्छन् । छानबिनलगायतका नाममा अनावश्यक रूपमा यसको प्रक्रिया लम्ब्याउनु गलत छ ।'

■ मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग अलपत्र

अहिलेसम्म दुई आयोग र एक समिति बन्दा पनि पीडितहरू अन्यायमै

नयाँ पत्रिका

मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी समस्या समाधानका लागि सरकारले गठन गरेको आयोग आफैं अलपत्र परेको छ । आयोगको म्याद सकिएको डेढ महिना हुँदा पनि म्याद थप नहुँदा काम प्रभावित भएका छन् ।

मिटरब्याजपीडितहरूसँगको सहमतिपछि दोस्रो आयोगको रूपमा ०८० चैतमा सरकारले पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको थियो । गत १५ असोजसम्म म्याद रहेको आयोगले काम पूरा गरेको छैन । सरकारले आयोग अलपत्र पारेको छ । म्याद गत १५ असोजसम्म थियो । तर, सरकारले न आयोगको म्याद थप्यो न कुनै विकल्प अपनाएको छ ।

गृह मन्त्रालयका उपसचिव दिलकुमार तामाङ आयोगको म्याद थप गर्ने कि पुनर्गठन गर्ने भन्ने विषयमा परामर्श भइरहेको बताउँछन् । 'असोज १५ गते आयोगको म्याद सकिएको हो, अब म्याद थप गर्ने कि पुनर्गठन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ,' उनले भने, 'मिटरब्याजका समस्या समाधानका लागि सरकार गम्भीर छ ।'

आयोग गठन भएपछि आह्वान भएको सूचनाअनुसार मिटरब्याजसम्बन्धी थप २९ हजारभन्दा धेरै उजुरी परेका थिए । आयोगले गत १० साउनसम्मको म्याद तोकेर उजुरी मागेको थियो । विभिन्न जिल्लामा २९ हजार ८७८ उजुरी परेका थिए । त्यसमध्ये कतिपय फर्स्योट भइसकेका छन् । प्रतिवेदन नदिँदै सरकारले आयोगलाई बेकामे बनाएको छ ।



फाइल तस्बिर



● **दिलकुमार तामाङ**, उपसचिव, गृह मन्त्रालय

असोज १५ गते आयोगको म्याद सकिएको हो, अब म्याद थप गर्ने कि पुनर्गठन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ । मिटरब्याजका समस्या समाधानका लागि सरकार गम्भीर छ ।

यसअघि ०७९ मा गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ

» पृष्ठ २ मा क्रमशः

तस्करीको तीन किलो सुन लुटपाटमा सशस्त्रका डिएसपी र नेपाल प्रहरीका असइकै भूमिका शंकास्पद

टेकराज थामी/नयाँ पत्रिका

केरुङ नाकाबाट तस्करीको तीन किलो सुन कन्टेनरमा राखेर काठमाडौं आउँदै गरेका भरिया रामकृष्ण वाइबालाई गत २५ साउनमा धादिङको गल्छी-खानीखोलाआसपासमा चार हतियारधारीको समूहले लुटेको थियो । जसमा सशस्त्र प्रहरीका डिएसपी र नेपाल प्रहरीका असइको भूमिका नै शंकास्पद देखिएको छ । उनीहरूको भूमिकासहित घटनाको अनुसन्धान गर्न प्रहरीले एसएसपी ईश्वर कार्कीको नेतृत्वमा समिति नै गठन गरेको छ ।

लुटपाटमा सशस्त्र प्रहरीका डिएसपी योगेशचन्द्र बराल र नेपाल प्रहरीअन्तर्गत विशेष ब्युरोमा कार्यरत असइ (नाम खुल्न बाँकी)को शंकास्पद भूमिका देखिएको हो । त्यति वेला तस्कर समूहले भने लुटपाटमा संलग्न रहेको आशंकामा भरिया वाइबालाई नै अपहरण गरेको थियो । 'लुटेको आशंकामा तस्करले सुन बोकेर आउने चालक वाइबालाई नै अपहरण गरेछन् । तर, खासमा सुन लुट्ने धन्दामा वाइबा नभई सशस्त्र प्रहरीका डिएसपी र नेपाल प्रहरीका असइको संलग्नतातिर अनुसन्धानको सुई सोझिएको छ,' अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले भने ।

प्रहरीका अनुसार घटनामा मुछिएका सशस्त्रका डिएसपी बराल ललितपुरको हरिहर भवनस्थित राजस्व कार्यालयमा कार्यरत छन् । उनले सशस्त्रका पूर्वआईजिपी ठाकुरमोहन श्रेष्ठको सचिवालयमा रहेर पनि काम गरेका थिए ।

प्रहरीका अनुसार कन्टेनरचालक वाइबाले गत २४ साउनमा चालक सिटनजिकैको बत्ती जडान हुने ठाउँमा 'कन्सिल' गरी तीन किलो सुन केरुङ नाकाबाट ल्याएका थिए । यसका लागि तस्करले उनलाई एक लाख रुपैयाँ दिने प्रलोभन दिएका थिए । काठमाडौंमा सुन 'रिसिभ' गर्ने टोली आउने र सुन उसैलाई जिम्मा लगाउने निर्देशन पनि तस्करले वाइबालाई दिएका थिए । सोही निर्देशनअनुसार वाइबा सुन बोकेर रसुवाको बाटो हुँदै आउँदै थिए । तर, बाटोमै पुरानो योजना अन्तै मोडिएको अनुसन्धानमा खुलेको छ ।

वाइबा सुन बाटोमै लुकाएर काठमाडौं आए । काठमाडौं आउँदा-आउँदै मनमा डर पैदा भएपछि निकट सम्बन्ध रहेका मामाका छोरा निमा छिरिङलाई घटनाको विवरण सुनाए । प्रहरीले पक्राउ गरे थुनामा पर्ने, तर सूचना दिए कमिसन आउने भएपछि निमाको मनमा जुक्ति फुऱ्यो, 'घटनाको सूचना प्रहरीलाई दिने ।' उनले आफ्नो योजना वाइबालाई भने । वाइबा निमाको योजनामा सहमत भए ।

निमाको सम्पर्क नेपाल प्रहरीको विशेष ब्युरोमा कार्यरत असइसँग थियो । उनले घटनाको विवरण असइलाई भने । उनले प्राप्त सूचना आफू कार्यरत संगठनमा भनेनन् । तर, हरिहर भवनस्थित राजस्वमा कार्यरत सशस्त्रका डिएसपी बराललाई भने । डिएसपी बराललले निमालाई तत्काल भेटे । उनलाई लिएर बालाजु औद्योगिक क्षेत्रस्थित सशस्त्रको 'क्याम्प' गए ।

कन्टेनरचालक वाइबाले बालाजुमा सुन लिएर आउने र सुन रिसिभ गर्न बसेका टोलीलाई त्यहीं रंगेहात पक्राउ गर्ने योजना डिएसपी बराललले निमालाई बताए । निमा सोहीअनुसार बालाजुस्थित सशस्त्रकै 'क्याम्प'मा बसे । उता कन्टेनरचालक वाइबालाई भने चार हतियारधारीको समूहले धादिङको खानीखोलामा रोक्यो । सुन लुकाइएको ठाउँ देखाउन कन्चटमा पेस्तोल राख्यो । डराएका वाइबाले सुन देखाए । हतियारधारी समूहले सुन लुटेर लग्यो ।

डराएका वाइबा कन्टेनर चलाउँदै बालाजु आइपुगे । त्यही क्रममा उनलाई सशस्त्रको टोलीले पक्राउ गऱ्यो । त्यसअघि सशस्त्रको टोलीले निमासहित सुन बुझ्न पर्खिबसेका अन्य दुई भाइलाई पक्राउ गरिसकेको थियो ।

» पृष्ठ २ मा क्रमशः

■ ३१ दिन प्रहरी हिरासतमा बसेर छुटेपछि भरिया सुन तस्कर समूहको अपहरणमा, २० लाख रुपैयाँको चेकमा हस्ताक्षर गरेपछि अपहरणमुक्त

घटनामा सशस्त्रका एक डिएसपी र नेपाल प्रहरीका एक असइको नाम पनि आएको छ

● **एसपी काजीकुमार आचार्य**, प्रवक्ता, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय



अपहरणमा परेको भन्दै हामीकहाँ जाहेरी आयो । घटनाको अनुसन्धान भयो । चार अभियुक्त पक्राउ परे । सोधपुछका क्रममा घटना सुन तस्करी र लुटपाटसँग जोडिने देखियो । यस घटनामा सशस्त्रका एक डिएसपी र नेपाल प्रहरीका एक असइको नाम पनि आएको छ । घटना अनुसन्धान गर्न 'हेडक्वार्टर'ले पहिले नै समिति गठन गरेको रहेछ ।

■ अकस्मात् बिदाको निर्णय

कार्यालय पुगिसकेका कर्मचारी फर्किए, सेवाग्राही हैरान

बिहान ९ बजे बसेको मन्त्रिपरिषद्ले गरेको निर्णय गृह मन्त्रालयले सूचना जारी गर्दा १० बज्नै लागेको थियो, त्यतिवेलासम्म आ-आफ्नो कार्यालय पुगिसकेका अधिकांश कर्मचारी फर्किए, सेवाग्राहीले सास्ती मात्रै व्यहोरे

सुवास भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाका पूर्वसभामुख दमननाथ ढुंगानाको निधनको शोकमा सरकारले सोमबार सार्वजनिक बिदा दिने निर्णय गऱ्यो । तर, सरकारी कार्यालय खुल्ने समयमै आएको अकस्मात् बिदाको निर्णयले कार्यालय पुगिसकेका देशभरका कर्मचारी घर फर्किनुपर्ने अवस्था बन्यो भने सेवा लिन कार्यालय पुगेका सेवाग्राहीले सास्ती व्यहोरे ।

आइतबार दिउँसो २ बजे नै पूर्वसभामुख ढुंगानाको निधन भएको थियो । तर, मन्त्रिपरिषद् बैठक सोमबार बिहान मात्रै बस्यो र उनको सम्मानमा सार्वजनिक बिदा नै दिने निर्णय गऱ्यो । तर, निर्णयमा ढिलाइ हुँदा यसको असर कार्यालय पुगिसकेका कर्मचारी र सेवाग्राहीले खेपे ।

बिहान ९ बजे बसेको मन्त्रिपरिषद्ले गरेको निर्णय गृह मन्त्रालयले सूचना जारी गर्दा १० बज्नै लागेको थियो । त्यतिवेलासम्म अधिकांश कर्मचारी आ-आफ्नो

» पृष्ठ २ मा क्रमशः

■ गुल्मीमा नागरिकता बनाउन बिहानै टोकन लिएर लाइन बसेका रित्तै फर्किए



सोमबार बिहान नागरिकता, राहदानीलगायत सेवाका लागि गुल्मी प्रशासन कार्यालयमा लाइनमा बसेका सेवाग्राही । कार्यालय खुलिसकेको थियो, प्रशासनले ४५ जनालाई टोकन पनि बाँडेको थियो । तर, सार्वजनिक बिदाको निर्णय भएपछि सेवाग्राही रित्तै फर्किएका छन् । तस्बिर : **टोपलाल अर्याल**

बक्यौता...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयले नेसनल कलेज अफ इन्जिनियरिङका प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो। समितिको सदस्यमा प्राधिकरणका पूर्वकर्मचारी श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले छन्।

समितिलाई टाइम अफ डे (टिओडी) मिटरसमेतको आधारमा माघ ०७२ माघदेखि वैशाख ०७५ सम्ममा उद्योगीको बक्यौता महसुल निर्क्योल गर्न आवश्यक सत्यतथ्य विवरण तथा प्रमाण संकलन र प्रमाणीकरण गर्न मुख्य कार्यदेश दिइएको छ। तर, समितिलाई कति अवधिमा प्रतिवेदन बझाउने भनेर समय तोकिएको छैन।

मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतले मन्त्रीस्तरीय निर्णयबाट समिति गठन गरिएको बताए। ऊर्जामन्त्री दीपक खड्का प्राधिकरण सञ्चालक समितिका अध्यक्ष पनि हुन्। तर, उनी बक्यौता नतिर्ने उद्योगीको पक्षमा छन्।

२५ कात्तिकमै मन्त्रिपरिषद्ले उद्योगमा काटिएको लाइन २४ घण्टाभित्र जोड्ने र टिओडी मिटरसमेतको आधारमा १५ दिनभित्र उद्योगीबाट बक्यौता असुल गर्ने निर्णय गरेको थियो। सोहीअनुसार २७ कात्तिकमा सञ्चालक समितिको बैठक राखेर प्राधिकरणले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने निर्णय गरेको थियो। सोहीअनुसार २८ उद्योगमा काटिएको लाइन जोडिसकिएको छ।

टिओडी मिटरकै आधारमा बिल काटेको भन्दै प्राधिकरणले उद्योगीलाई १२ मंसिरभित्र बक्यौता चुक्ता गर्न अल्टिमेटमसमेत दिइसकेको छ। त्यस अवधिमा बक्यौता नतिरेमा कानुनअनुसार कारबाही अघि बढाउने चेतावनीसमेत प्राधिकरणले सार्वजनिक सूचनामार्फत दिएको छ। तर, अहिले मन्त्रालयले समिति बनाएर बक्यौता असुलीमा थप अन्योल सिर्जना गरेको छ। समितिलाई कति दिनमा प्रतिवेदन बुझाउने भनेर समयसमेत तोकिएको छैन।

मन्त्रालयले विज्ञप्ति जारी गर्दै पूर्वन्यायाधीश गिरीशचन्द्र लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्नेसम्बन्धी विज्ञ समिति बनाएको दाबी गरेको छ। 'डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपभोग गर्ने उद्योगहरूको विद्युत् महसुलसम्बन्धी विवाद पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित जाँचबुझ आयोगले २३ वैशाख ०८१ मा पेस गरेको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रिपरिषद् बाट २५ कात्तिकमा भएको निर्णयअनुसार विद्युत् महसुलको बक्यौता रकम प्रशासनिक तथा प्राविधिक हिसाबले आवश्यक जाँच गरी प्रतिवेदन पेस गर्न ललितपुरस्थित नेसनल कलेज अफ इन्जिनियरिङका प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्यीय एक समिति गठन गरिएको छ,' मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, 'उक्त समितिलाई जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसअनुसार माघ ०७२ देखि वैशाख ०७५ सम्मको टिओडी मिटरसमेतको आधारमा डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकको बक्यौता विद्युत् महसुल निर्क्योल गर्नेसम्बन्धी आवश्यक सत्यतथ्य विवरण/प्रमाण संकलन एवं प्रमाणीकरण गर्ने मुख्य कार्यादेश दिइएको छ।'

प्राधिकरण र आयोगका अधिकारीहरूले मन्त्रालयको यस कदमलाई अस्वाभाविक रूपमा लिएका छन्। 'प्रमाण संकलनको नाममा उद्योगीको बक्यौता घटाउने योजनाअनुरूप यस्तो कदम उठाइएको छ,' मन्त्रालयकै एक अधिकारी भन्छन्, '२५ कात्तिकको मन्त्रिपरिषद्को निर्णयअनुसार प्राधिकरणले पुनः बक्यौता गणना गरेर उद्योगीलाई बिल पठाउने अपेक्षा थियो। तर, प्राधिकरणले यसअघि पनि टिओडी मिटरको तथ्यांककै आधारमा बिल काटेको भन्दै पुरानै बिलअनुसार बक्यौता तिर्न ताकेता गऱ्यो। त्यसपछि सरकारले प्राविधिक समिति बनाएर बक्यौता रकम घटाउने प्रपञ्च रचेको छ।'

लाल आयोगले उद्योगीबाट बक्यौता उठाउन थुप्रै कानुनी तथा प्राविधिक सर्त तोकेको छ। उद्योगीले लोडसेडिङको वेला विद्युत् प्रयोग गरे पनि कतिपय दिनमा तोकिएका प्राविधिक तथा कानुनी सर्त पूरा नभएका हुन सक्छन्। डेडिकेटेड फिडरबाट २४ घण्टा नै विद्युत् आपूर्ति हुनुपर्ने सर्त थियो। ट्रंकलाइनबाट ६ घण्टा लोडसेडिङ भएको वेला न्यूनतम २० घण्टा विद्युत् आपूर्ति भएको हुनुपर्नेछ। तर, उद्योगीहरूले साढे १९ घण्टा र साढे २३ घण्टा मात्रै पनि विद्युत् खपत गरेका केही दिन छन्, जब कि त्यो समयमा १० घण्टाभन्दा बढी समय लोडसेडिङ थियो। १० घण्टा मात्रै लोडसेडिङ भएको अवस्थामा उद्योगीले १४ घण्टा मात्रै विद्युत् पाउने थिए। तर, उनीहरूले २० घण्टाभन्दा बढी विद्युत् प्रयोग गरेका छन्।

यस्ता सर्तमा टेकेर उद्योगीले बक्यौता छुट गराउन चाहेका छन्। तत्कालीन समयमा कानुनले दिएको अधिकारअनुसार प्राधिकरणले टिओडीको डाउनलोड विवरण (स्ट्यान्ट ट्यान्स) तथ्यांक राखेको छ। उद्योगीले मागेजस्तो टिओडीको लोड प्रोफाइल डाटा राख्ने कानुनी व्यवस्था नै थिएन। त्योअनुसार प्राधिकरणसँग लोड प्रोफाइल डाटा पूरा छैन, आन्तरिक प्रयोजनका लागि सुरक्षित गरिएका आंशिक लोड प्रोफाइल तथ्यांक छन्।

तर, लाल आयोगले उद्योगीको पक्षमा हुने गरी प्रतिवेदनमा कानुनमै नभएको लोड प्रोफाइल डाटा चाहिने भनेर उल्लेख गरिदिएको छ। प्राधिकरणसँग लगसिटको डाटा भने पूरा छ। तर, आयोगले त्यसलाई पूरा बेवास्ता गरेको छ। सरकार पनि टिओडीको लोड प्रोफाइल डाटाको पछि लागेको छ। विद्युत् प्रयोग गरे पनि टिओडीको लोड प्रोफाइल डाटा नभएमा बक्यौता नतिर्ने उद्योगीको अडान छ। यी यस्ता सर्तका आधारमा पुनः बक्यौता गणना गर्ने योजना सरकारको छ। त्यसो गर्दा बक्यौता रकम घट्ने जोखिम छ।

उद्योगहरूलाई लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ सै घण्टा विद्युत् दिइएको थियो। त्यसमा ६५ प्रतिशत थप शुल्क (प्रिमियम) लिने भनिएको थियो। त्यसबाट विद्युत् प्रयोगका अधिकांश ग्राहकले प्रिमियमसहित महसुल तिरेका छन्। तर, केही सीमित उद्योगीले नियमित महसुल तिरे पनि प्रिमियम महसुल तिर्न पहिलादेखि नै आनाकानी गर्दै आएका छन्।

लोडसेडिङको वेला ३२५ जना ग्राहक (उद्योग, अस्पताललगायत) ले प्रिमियम महसुल दिने गरी यसमार्फत विद्युत् प्रयोग गरेका थिए। त्यसमा २६४ जनाले बक्यौता पहिला नै तिरेका थिए। एक वर्षअघि ६१ उद्योगको बक्यौता तिर्न बाँकी रहेकोमा अहिले ३५ उद्योगमा मात्रै बक्यौता असुल बाँकी छ। पछिल्लो ४९ उद्योगलाई ताकेता गरेकोमा १४ उद्योग पनि बक्यौता तिर्न आइसकेका छन्।

मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतले समितिलाई कुनै समयसीमा नदिएको बताए। जतिसक्दो छिटो प्रतिवेदन बुझाउन भनिएको उनको भनाइ छ। 'विज्ञहरूलाई धेरै नबाँधौं भनेर समय तोकिएको छैन। जतिसक्दो छिटो प्रतिवेदन बुझाउन भनेका छौं,' उनले भने, 'यो विवाद समाधान होला भनेर नै यो निर्णय गरेको हो, विवाद बढ्ला भनेर होइन।'

■ समिति गठनको कानुनी आधारमा प्रश्न

सामान्यतः समिति प्राधिकरण वा आयोगमा बन्नुपर्ने भए पनि मन्त्रालयले आफैं समिति बनाएर नियतमाथि प्रश्न उठ्ने ठाउँ दिएको छ। कानुनले पनि यस्तो विवाद समाधान गर्न नियमन आयोगलाई नै अधिकार दिएको छ। यो ग्राहक (उद्योगी) र प्राधिकरणबिचको विवाद हो। यो विवाद निरुपण गर्न विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ ले आयोगलाई नै अधिकार दिएको छ। पाँच प्रतिशत सेवा शुल्क बुझाएर उद्योगीहरू आयोगमा जान सक्नेछन्। त्यसमा आयोगले ९० दिनभित्र फैसला सुनाउनुपर्नेछ। तर, त्यो चित्त नबुझेमा ३५ दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन हाल्न पाइन्छ।

विद्युत् महसुलसम्बन्धी विवाद 'विद्युत् महसुल संकलन नियमावली' र 'विद्युत् नियमन आयोग ऐन'अन्तर्गत गर्नुपर्छ। तर, मन्त्रालयले प्राधिकरणले जारी गरेको बिल गलत साबित गर्न प्राविधिक समिति गठन गरेको प्राधिकरणकै एक अधिकारी बताउँछन्। 'यो समस्या समाधान कानुनी प्रक्रियाबाट अघि बढाउनुपर्छ। प्रशासनिक प्रक्रियाबाट हुने (समिति गठन) निर्णय प्राधिकरणले मान्नुपर्छ भन्ने बाध्यता छैन,' ती अधिकारी भन्छन्।

प्राधिकरण सञ्चालक समितिका सदस्य कपिल आचार्य पनि मन्त्रालयले प्राधिकरणमाथि अनावश्यक हस्तक्षेप गर्न खोजेको बताउँछन्। 'ऊर्जा मन्त्रालयले समिति बनाउने नै भए प्राधिकरण वा नियमन आयोगभित्र बनाउनुपर्ने थियो। तर, मन्त्रालयमै बनाइएको छ। त्यसमाथि समिति गठनको कानुनी आधार पनि स्पष्ट भनिएको छैन। कुन कानुनको आधारमा निर्णय गरियो ?' उनले भने, 'प्राधिकरणले जारी गरेको बिल बाहिरी मान्छेले कसरी चेकचाँज गर्न सक्छन् ? कतिजनाको बिल चेकचाँज गर्ने ? यसअघि पनि थुप्रै ग्राहकले विद्युत् प्रयोग गरेको स्वीकार गर्दै प्रिमियमसहित महसुल तिरेका छन्। उनीहरू पनि बिल पुनः चेक गर्न पऱ्यो भन्दै आएमा के गर्ने ? सरकारी स्वामित्वकै प्राधिकरणले जारी गरेको बिल बाहिरका मान्छेलाई चेक गर्न दिइँदै छ। यो विडम्बना भयो।'

मन्त्रालयका प्रवक्ता चटौतले मन्त्रिपरिषद्को निर्णयको आधारमा यस्तो निर्णय गरेको बताए। 'प्राधिकरण आफ्नो बिल ठिक छ भन्ने र उद्योगीहरू अझै पनि यो बिल ठिक छैन भन्ने ठाउँमा छन्। तर्सथ, यसमा तथ्य हेर्न खोजेका हौं,' उनले भने, 'समिति गठन सम्बन्धमा अन्य नीतिगत तथा कानुनी समस्या हुन्छ जस्तो लाग्दैन।'

प्राधिकरणले पहिलादेखि नै आफ्नो बिल सही भएको दाबी गर्दै आएको छ। विभिन्न अदालतले पनि प्राधिकरणले जारी गरेको छुट बिल ठिक भएको फैसला गर्दै चित्त नबुझे प्रशासनिक पुनरावलोकनमा जान भनेका छन्। यसैलाई आधार मानेर प्राधिकरण पुनः बक्यौता गणना गर्ने पक्षमा थिएन। प्रशासनिक पुनरावलोकनबाट उद्योगीको गुनासो सम्बोधन गर्न सकिने पक्षमा प्राधिकरण नेतृत्व छ। त्यसक्रममा उजुरी प्राप्त भएको ३५ दिनमा प्राधिकरणले निर्णय सुनाउनुपर्छ। विद्युत् महसुल संकलन नियमावली, २०७८ मै यो व्यवस्था छ। तर, उद्योगी प्रशासनिक पुनरावलोकनमा आएनन्। आयोगका एक अधिकारीका अनुसार 'यस्तो अवस्थामा आयोगमै यस्तो समिति बनाउन' सकिन्थ्यो। आयोगका अध्यक्ष रामप्रसाद धितालले लाल आयोग कार्यान्वयनअन्तर्गत रहेको समिति गठनलाई सकारात्मक रूपमा लिएको बताए। आयोगका पूर्वअध्यक्ष दिल्लीबहादुर सिंहले पनि विवाद समाधान हुनुपर्ने बताए।

प्राधिकरणको बिल ठिक भएको विभिन्न अदालतकै फैसला

थुप्रै उद्योगीले प्राधिकरणको बिल गलत भएको भन्दै विभिन्न अदालतमा रिट हालेका थिए। तर, विभिन्न अदालतले प्राधिकरणको बिल ठिक भएको भन्दै रिट खारेज गरेका छन्। यससम्बन्धी ९० भन्दा बढी मुद्दामा प्राधिकरणको पक्षमा फैसला भएको छ। अदालतले चित्त नबुझे प्राधिकरणकै प्रशासनिक पुनरावलोकनमा जान उद्योगीलाई बाटो खुला गरेका छन्। तर, उद्योगी प्रशासनिक पुनरावलोकनमा भने गएका छैनन्। अहिले सरकार टिओडी मिटरको तथ्यांकको पछि लागेको छ। तर, यसअघि ५ असोज ०७६ मै पाटन उच्च अदालतले अन्य प्राविधिक तथ्यांक भए पनि हुने भन्दै व्याख्या गरेको छ। तर, सरकारले यसलाई बेवास्ता गरेको छ।

प्राधिकरणले लेखा समितिमा बुझाएको प्रमाण भने अलपत्र

बक्यौता प्रमाणीकरण गर्न छुट्टै समिति बनाएको सरकारले लेखा समितिमा प्राधिकरणले बुझाएको कागजपत्र भने अध्ययन नगरी अलपत्र छोडेको छ। प्राधिकरणले २४ साउनमा टिओडी मिटरसहितको प्रमाण लेखा समितिमा बुझाएको छ। त्यसमा प्राधिकरणले सबै उद्योगको लगसिट बुझाएको छ, जहाँ कुन उद्योगले दैनिक कति समय विद्युत् प्रयोग गरे भन्ने तथ्यांक छ। उद्योगीले पनि कुन दिन कति समय विद्युत् खपत भएको हेर्न चाहेका छन्। लगसिटले लोडसेडिङको वेला उद्योगीहरूले विद्युत् प्रयोग गरेको देखाएको छ। उच्च अदालत पाटनले ५ असोज ०७६ मा टिओडी मिटर वा अन्य प्राविधिक विश्लेषणबाट यकिन हुने दस्ताबेजलाई प्रमाणको रूपमा प्रयोग गर्न सकिने व्याख्या गरेको छ।

यस्तै, सबै उद्योगीको टिओडी मिटरको डाउनलोड विवरण (स्ट्यान्ट ट्यान्स) पनि लेखा समितिमा बुझाइएको थियो। साथै, केही लोड प्रोफाइलसहितको तथ्यांक पनि लेखा समितिमा पेस गरिएको थियो। तर, लेखा समितिले ती प्रमाण अध्ययन नै गरेको छैन।

क्यानन् बचत तथा ऋण सहकारी संस्था लि. को
१५ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको संचालक समितिको मिति २०८१ साल कार्तिक २९ गते बिहिबार बसेको बैठकको निर्णयानुसार निम्न विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा १५औं वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु :

(क) सञ्चालक समितिको तर्फबाट आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु सम्बन्धमा ।
(ख) लेखा सुपरिवेक्षण समितिको तर्फबाट आ.व. ०८०/०८१ प्रतिवेदन सम्बन्धमा ।
(ग) आ.व. ०८०/०८१ को वार्षिक लेखा परीक्षणको प्रतिवेदन सम्बन्धमा ।
(घ) विनियम, आन्तरीक नीति तथा कार्यविधिहरु संशोधन तथा पुनर्लेखन बारे ।
(ङ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(च) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन बारे ।
(छ) शेयर लाभांश र पुंजि संरक्षित फिर्ता कोष तथा प्रोत्साहन खर्च वितरण गर्ने बारे ।
(ज) सदस्यहरुबाट प्राप्त सुझाव बारे ।
(झ) खराब ऋणको कानूनी प्रकृया तथा धितो लिलाम गरी असुली गर्ने अख्तियारी बारे ।
(ञ) विविध ।

मिति : २०८१ पौष ०६ गते शनिवार
समय : बिहान ११:०० बजे
स्थान : क्वालीटी ब्याडक्वयट, ठूलो भञ्याङ्ग, स्वयम्भू, काठमाडौं ।

भवदीय,
पवन कुमार पौडेल
सचिव

कार्यालय...

पृष्ठ १ बाट क्रमशः

कार्यालय पुगिसकेका थिए। कैयौं कर्मचारीले बाटोमै बिदाको सूचना थाहा पाएर फर्किएका थिए। मन्त्रिपरिषद्को निर्णयबमोजिम गृह मन्त्रालयले सूचना जारी गरेपछि कार्यालय पुगिसकेका कर्मचारी घर फर्किन बाध्य भए।

मन्त्रिपरिषद्को आकस्मिक बैठकले ढुंगानाको असामयिक निधन भएकामा शोक मनाउन सार्वजनिक बिदा दिने र नेपालभरका सरकारी कार्यालय, विदेशस्थित नेपाली दूतावास र नियोगहरूमा राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय लिएको थियो।

त्यसपछि गृह मन्त्रालयमार्फत सूचना जारी भएको थियो।

बिदासम्बन्धी सूचनामा किन ढिलाइ भयो त ? गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले मन्त्रिपरिषद्को बैठक नै बिहान बसेको र निर्णयबमोजिम सूचना जारी गर्दासम्म ढिलाइ हुन गएको बताए। 'मन्त्रिपरिषद्को बैठक नै बिहान बसेको हो। मन्त्रिपरिषद्को निर्णयअनुसार गृहले सूचना जारी गरेको हो,' उनले नयाँ पत्रिकासँग भने। उनका अनुसार मन्त्रालयले बिदाको सूचना जारी गर्दा कार्यालय समय सुरु हुन लागेको थियो।

काठमाडौं जिल्ला प्रशासनदेखि यातायात व्यवस्था विभागसम्मको सेवा प्रभावित

अकस्मात् बिदाको निर्णयले कार्यालय आइसकेका कर्मचारी घर फर्किनु मात्र परेन, त्यसको बढी असर सेवाग्राहीले भोगे। बिदाको सूचनापछि काठमाडौं जिल्ला प्रशासनसमेत बन्द हुन पुग्यो।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बिदाको सूचना पाएपछि कार्यालयको सेवा बन्द गरेको बताए। कार्यालय खोलिसके पनि गृह मन्त्रालयबाट बिदाको सूचना प्राप्त भएपछि आएका सेवाग्राहीको काम टुंग्याएर सेवा बन्द गरेको उनले बताए।

अन्त्येष्टिको कामको व्यवस्थापन पनि जिल्ला प्रशासनले गर्नुपरेका कारण पनि सेवा प्रवाहमा लाग्न नपाएको उनको भनाइ छ। 'सरकारले नै शोकबिदा दिएकाले निर्णयमा हस्ताक्षर गर्न पनि मिलेन,' उनले नयाँ पत्रिकासँग भने, 'तर, आएका सेवाग्राहीको काम टुंग्याएर बिदा दियौं।'

यता यातायात व्यवस्था विभागले पनि गृहको सूचनाबमोजिम सेवा बन्द नै गरेर बिदा दियो। विभागका कर्मचारीका अनुसार गृहले सूचना जारी गरेपछि आइसकेका सेवाग्राहीको काम सकेर बिदा दिइएको थियो। करिब डेढ घण्टाजति बसेर कर्मचारी घर फर्किएका थिए।

बिदाका बाबजुद राहदानी विभागमा भने सेवा नियमित

सरकारले शोकबिदा दिए पनि राहदानी विभागले भने सेवा नियमित नै राख्यो। विभागका प्रवक्ता विवेक रिजालले सोमबार कार्यालयले नियमितजसो नै सेवा सञ्चालन गरेको बताए। विभागमा आएका सेवाग्राहीलाई सेवा दिएर विभागमा पूरा कार्यालय समयसम्मै कर्मचारीले काम गरेका थिए।

सार्वजनिक बिदामा अत्यावश्यक सेवाका कार्यालय खोल्ने सरकारको निर्णय निष्प्रभावी

सेवाग्राही प्रभावित हुने अवस्था आएपछि सरकारले ०७९ फागुनमा सार्वजनिक बिदामा पनि अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालय खुलाउने निर्णय गरेको थियो। तर, सरकारको यो निर्णय निष्प्रभावी देखिएको छ। १५ फागुन ०७९ मा बसेको मन्त्रिपरिषद् बैठकले शनिबार तथा दसैं, तिहार, छठ र फागुपूर्णिमाबाहेकका राष्ट्रिय पर्व बिदामा यस्ता सेवा निर्वाध सञ्चालन गर्ने निर्णय गरेको थियो। सार्वजनिक बिदामा केही अत्यावश्यक सेवा विगतदेखि सञ्चालन हुँदै आएकामा सरकारले त्यसको दायरा विस्तार गरेको थियो।

नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, कन्सुलर, अध्यागमन, भन्सार तथा राजस्वका सेवा (राजस्व अनुसन्धानबाहेक)लगायत बिदामा पनि खुलाउने गरी सरकारले निर्णय गरेको थियो। सवारी अनुमतिपत्र दर्ता, नवीकरणलगायत यातायात व्यवस्थापनका सेवा, उद्योग, वाणिज्य र कम्पनी प्रशासनका सेवा, वैदेशिक रोजगार सेवा, खाद्य गुणस्तर सेवा, भेटेरेनरीलगायतलाई पनि सार्वजनिक बिदामा नियमित गर्ने निर्णय सरकारको थियो।

सार्वजनिक बिदामा पनि काम गर्ने कर्मचारीलाई सट्टा बिदा दिने सरकारको निर्णय थियो। बिदामा काम गरेको अभिलेख राखेर सोबराबर अन्य दिनमा बिदा दिने सरकारी ढाँचा बनेको छ। सार्वजनिक बिदाको संख्या धेरै भएको र त्यसले सेवाप्रवाहमा असर पुऱ्याएको गुनासोपछि सरकारले बिदा कटौतीको विकल्पमा अत्यावश्यक सेवा कार्यालय सार्वजनिक बिदामा पनि सञ्चालन गर्ने निर्णय गरेको थियो। तर, कार्यान्वयन प्रभावकारी छैन।

संशोधन

मिति २०८१/०८/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित **सहिद मेमोरियल अस्पताल**को **आवश्यकता** भन्ने विज्ञापनको सि.नं. २ को फिजियोथेरापिष्ट पदको लागि योग्यता कम्तिमा BPT उत्तिर्ण हुनु पर्नेमा अन्यथा भएकोले संशोधन गरिएको छ।

MADAN BHANDARI UNIVERSITY OF SCIENCE AND TECHNOLOGY

Chitlang, Thaha Municipality Ward 9, Bagmati Province, Nepal

Invitation for Bids for the Upgrading Construction of University Road at Chitlang, Thaha Municipality Ward 9, Bagmati Province

Contract Identification IFB No.: MBUST/W/NCB-01/2081/82
Date of publication: November 19, 2024, Tuesday (Mangsir 4, 2081)

1. Madan Bhandari University of Science and Technology (MBUST) invites electronic bids from eligible bidders for the Upgrading Construction of University Road under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following specific construction experience should participate in this bidding:
a) Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 26 million excluding VAT.
b) Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract for Construction of Road within the last ten (10) years, with a value of at least NRs 15 Million excluding VAT that has been successfully or are substantially completed and that are similar to the proposed works.
c) Participation as Prime contractor in at least one (1) Construction of mountainous Road contract completed within the original contract period prior to the applications submission deadline within the last ten (10) years, with value of at least NRs 15 Million excluding VAT.
2. Eligible Bidders may obtain detailed of Invitations for Bids, further information and inspect the Bidding Documents at the office of MBUST Telephone no. **9840088016** and **9849848053 email: info@mbust.edu.np** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp** and **www.mbust.edu.np.**
3. Bids are to be submitted electronically through www.bolpatra.gov.np/egp on or before December 20, 2024 (Paush 5, 2081) by 13:00 hours, and bids will be opened on the same day at 14:00 hours.

Vice President

Local Government
Indrawati Rural Municipality
Office of Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

Invitation for Bid

Date of Publication: 2081/08/04

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchok, Bagmati Province, Nepal invites open competitive biddings for eligible bidders for following Works under NCB Procedures. For Detail of works please visit www.bolpatra.gov.np/egp.

S. N.	Contract No.	Name of Work	Estimated Amount (NRs.)	AACT of the best 3 Years within the last 10 years (NRs.)	Minimum Work Experience of Similar Size and Nature	Bid Security Amount (NRs.)	Bid Validity Period	Price of Bid Document (NRs.)
1	IRMSI/W/NCB/081/082-17	Roadway works at Baseri Purmi WadanKaryalaya Ghimere Tol Sadak, Indrawati-1, Sindhupalchok	33,61,117.09			90,000.00	(90+30) days from deadline for submission of Bids	3,000.00
2	IRMSI/W/NCB/081/082-20	Blacktop at Aaptar Dumindada Deurali Gahate Sadak, Indrawati 7, 8 & 12, Sindhupalchok		30.01 Millions	One Bituminous Road	5,75,000.00		5,000.00

2. Date of Purchasing, Pre-bid meeting, Submission and Opening of Bids.

Pre Bid Meeting	Last Date of Purchasing of Bids	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account for to Deposit Cash for the Bid Security
December 10, 2024 (2081/08/25) at 11:00 hours at Office	On or Before December 20, 2024 (2081/09/05) 12:00 hours	On or Before December 20, 2024 (2081/09/05) 12:00 hours	On or Before December 20, 2024 (2081/09/05) 13:00 hours	Name of the Bank: Nepal Investment Mega Bank Ltd. Office Code no. : 80327501300 Office Account no.: 17301400000116 Rajaswa (revenue) Shirshak no. :14229	Name of the Bank: Nepal Investment Mega Bank Ltd. Office Code no. : 80327501300 Office Account no.(Dharauti): 17301400000055

3. If the Last date of purchasing , Submission and Opening fails on a government holiday then the next working day shall considered at the last day. In such case the validaty period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Purchaser reserves the right to accept or reject wholly or partially any or all the procurement of works without assigning any reason, whatsoever. Other procurement process remains as per rule of PPPR, PPA and PPR.

Chief Administrative Officer

तस्करीको...

पृष्ठ १ बाट क्रमशः

३१ दिनको हिरासत बसाइपछि वाइबा गत २६ भदौमा छुटे। तर, तस्करले वाइबालाई गत ४ असोजमा अपहरण गरे। अपहरणकारीले उनलाई बुढानीलकण्ठस्थित शैलजा रिसोर्टमा लगेर बन्धक बनाएका थिए। २० लाख रुपैयाँको चेकमा हस्ताक्षर गरेपछि मात्रै उनी अपहरणमुक्त भएका थिए।

अपहरणमा संलग्न रसुवा गोसाइँकुण्ड गाउँपालिका- १ का ३१ वर्षीय बुद्धिबहादुर तामाङ, गोसाइँकुण्ड गाउँपालिका- ५ का ३८ वर्षीय नुर्पसिंगी तामाङ, गोसाइँकुण्ड गाउँपालिका- ६ का ४४ वर्षीय टेम्पा नुर्पु तामाङ र रसुवा कालिका गाउँपालिका- १ का ४८ वर्षीय गोपाल तामाङलाई प्रहरीले पक्राउ गरेको छ। घटनाको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले अपहरणमा संलग्न चार अभियुक्तको सम्बन्ध सुन तस्करीसँग रहेको देखिने बताए।

उनले भने, 'अपहरणमा परेको भन्दै हामीकहाँ जाहेरी आयो। घटनाको अनुसन्धान भयो। चार अभियुक्त पक्राउ परे। सोधपुछका क्रममा घटना सुन तस्करी र लुटपाटसँग जोडिने देखियो। यस घटनामा सशस्त्रका एक डिएसपी र नेपाल प्रहरीका एक असइको नाम पनि आएको छ। घटना अनुसन्धान गर्न 'हेडक्वार्टर'ले पहिले नै समिति गठन गरेको रहेछ। बाँकी तथ्य भने उहाँहरूलाई नै थाहा होला।'

मिटरब्याजसम्बन्धी...

पृष्ठ १ बाट क्रमशः

आयोगमा करिब २८ हजार उजुरी परेका थिए। आयोगले केही उजुरी फर्स्योट गरेकोमा बाँकी जिल्ला प्रशासन र प्रहरीमार्फत फर्स्योटको सिफारिस गरेको थियो। बाँकी उजुरी प्रहरीमा पठाउने निर्णय सरकारले गरेको थियो। जसअनुसार अहिले पनि प्रहरीले छलफल गराउने र बलियो प्रमाण देखिए मुद्दा चलाउने गरेको छ।

त्यसपछि पनि कतिपय समस्या समाधान नभएको भन्दै गत वर्ष चैतमा मिटरब्याजपीडितहरूले आन्दोलन गरेपछि सरकारले पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा अर्को आयोग गठन गरेको थियो। कतिपय लिखतहरू नै खारेज हुनुपर्ने र साहुकारले खाएका जग्गा फिर्ता हुनुपर्ने पीडितहरूको माग थियो।

मिटरब्याज समस्या समाधानका लागि पटक-पटक समिति र आयोग बन्दै आए पनि समस्या समाधान हुन सकेको छैन। ०७८ मा गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुसाल नेतृत्वमा पनि एक समिति बनेको थियो।

कार्की नेतृत्वको आयोगलाई लिखतको वर्गीकरण गरी फर्जी तथा अवैध लिखत खारेजीको विधि र प्रक्रिया सिफारिस गर्नेसम्मको कार्यादेश दिइएको थियो। साथै मिटरब्याजसँग सम्बन्धित मुद्दामा कोही पीडित जेल परेको भएमा पुनरावलोकन तथा माफी मिनाहाका लागि सिफारिस गर्नेसम्मको कार्यादेश दिइएकोमा आयोग नै अलपत्र परेपछि काम रोकिएको छ। आफूहरूको समस्यामा गम्भीर नभएको भन्दै कतिपय पीडित फेरि आन्दोलनको तयारीमा लागेका छन्।

बार-बेन्च तनाव

भागबन्डाले सर्वोच्चमा न्यायाधीश नियुक्ति सर्धैं पेचिलो

दुई न्यायाधीश नियुक्तिमा बारको असन्तुष्टिपछि चुलियो विवाद, थप नियुक्ति अन्योलमा



● **पूर्णमान शाक्य**,
वरिष्ठ अधिवक्ता

बार-बेन्च सम्बन्ध दुई कुरामा अड्किएको छ। पहिलो, बार अध्यक्षमाथि मुद्दा चलाएको र अर्को न्यायपरिषद् नियमावली खारेजी। यसअघि भएका दुई नियुक्तिकै कारण अहिले झन् विवादमा आएको हो। यो सुल्झाउन भित्रभित्रै गृहकार्य भइरहेको हुन सक्छ। निकट भविष्यमै यसको निकास दिन नियुक्ति प्रक्रिया रोकिएको हुन सक्छ।



● **सुधीरकुमार कर्ण**,
उपाध्यक्ष,
नेपाल बार एसोसिएसन

अदालत सञ्चालन, न्यायमा पहुँच र न्याय सम्पादनका लागि न्यायाधीश नियुक्ति हुनु जरुरी छ। कुनै पनि बहानामा यो रोकिनुहुँदैन। नियुक्ति सिफारिस अविलम्ब हुनुपर्छ। बार यसका लागि बाधक छैन। न्यायपरिषद् नियमावली संशोधन खारेज हुनुपर्नेमा बारभित्र एकमत छ। तर, न्यायाधीश नियुक्तिका लागि परिषद् पनि गम्भीर बन्नुपर्छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

कानुनअनुसार सर्वोच्चको न्यायाधीशले अवकाश पाउनुभन्दा एक महिनाअगावै न्यायाधीश नियुक्ति गर्नुपर्ने हुन्छ। तर, न्यायपरिषद्ले पटक-पटक यो प्रावधान उल्लंघन गर्ने गरेको छ। समयमा न्यायाधीश नियुक्त हुन नसक्दा न्यायसम्पादन प्रभावित बन्ने गरे पनि न्यायपरिषद्ले सक्रियता देखाउने गरेको छैन। विशेषगरी सर्वोच्च र उच्च अदालतको न्यायाधीश नियुक्ति जहिल्यै पेचिलो र विवादित बन्ने गरेको छ।

दल निकटता र भागबन्डाका आधारमा न्यायाधीश नियुक्ति हुने गरेको भन्दै आलोचना हुने गरेको छ। यसपटक पुनः सर्वोच्चमा रिक्त ६ मध्ये दुई न्यायाधीशको मात्र नियुक्ति सिफारिस भएकाले बारले प्रश्न उठाएको थियो। न्यायपरिषद् नियमावलीको नियम ४ (१) मा उमेरहदबाट अवकाश पाउने सर्वोच्चका न्यायाधीशको स्थानमा एक महिनाअघि नै नियुक्ति सिफारिस गर्नुपर्ने प्रावधान छ। साथै, उपनियम (२) ले उमेरहदबाहेक अन्य कारणले सर्वोच्चको न्यायाधीश पद रिक्त भएमा रिक्त भएको मितिले एक महिनाभित्र नियुक्ति सिफारिस गर्नुपर्ने व्यवस्था गरेको छ। उच्चको मुख्य न्यायाधीश वा न्यायाधीशको हकमा उक्त ऐनको दफा ४ (३) मा उल्लेख भएअनुसार रिक्त भएको मितिबाट तीन महिनाभित्र नियुक्ति



सिफारिस गर्नुपर्ने हुन्छ। तर, न्यायाधीश नियुक्तिको सवालमा सर्धैं ढिलाइ हुने गरेको छ। जसकारण वर्षौंदेखिका मुद्दा किनारा लाग्न सकेका छैनन्। हाल सर्वोच्चमा २५ हजारभन्दा बढी मुद्दा विचाराधीन छन्। जसमध्ये झन्डै तीन हजार मुद्दा पाँच वर्ष नाघेका छन् भने साढे ११ हजार मुद्दा दुई वर्षभन्दा पुराना छन्।

■ सर्वोच्च र उच्च अदालतको न्यायाधीश नियुक्ति सर्धैं पेचिलो र विवादित

अदालत र कानुन व्यवसायीहरूको संगठनबिचको विवाद नसुल्झिँदा न्यायाधीश नियुक्ति अन्योलमा परेको छ। एक वर्षअघि न्यायपरिषद्ले न्यायपरिषद् नियमावली संशोधन गरेपछि उत्पन्न परिस्थितिले असोज अन्तिममा उग्र रूप लिएको थियो। हाल नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरुद्धको अदालतको अवहेलना मुद्दा सर्वोच्च अदालतमै विचाराधीन छ। यो मुद्दामा आउने फैसला र नियमावली संशोधन खारेजीको विषय नटुंगिएकाले पनि तत्काल प्रधानन्यायाधीश तथा न्यायपरिषद् अध्यक्ष प्रकाशमानसिंह राउतले न्यायाधीश नियुक्ततर्फ ध्यान दिएका छैनन्।

यसअघि परिषद्बाट नियुक्ति सिफारिस भएका दुई न्यायाधीशले नियुक्तपछि अधिल्लो सोमबारबाट इजलासमा बसेर मुद्दा हेर्न थालेका छन्। नृपध्वज निरौला र नित्यानन्द पाण्डेयलाई सिफारिस गरेसँगै कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनका अध्यक्ष घिमिरेले दिएको अभिव्यक्ति विवादित बनेको थियो। उनीमाथि हाल अदालतको अवहेलनामा मुद्दा चलिरहेको छ। प्रधानन्यायाधीशसमेत २१ न्यायाधीश रहने सर्वोच्चमा निरौला र पाण्डेयसमेत गरी हाल १७ न्यायाधीश छन्। सर्वोच्चमा चार पद रिक्त छ भने उच्च अदालतमा १८ न्यायाधीशको नियुक्ति हुन बाँकी छ। देशभरका जिल्ला अदालतमा तीनजना न्यायाधीश पद रिक्त छ।

परिषद्का एक अधिकारी भने परिषद् अध्यक्ष भर्खरै आएको तथा चाडपर्वका कारणले बैठक बसेर नियुक्तिसम्बन्धी निर्णय नभएको बताउँछन्। तर, सर्वोच्च अदालत बार एसोसिएसनका निवर्तमान अध्यक्ष तथा वरिष्ठ अधिवक्ता पूर्णमान शाक्य भने न्यायपरिषद् नियमावली संशोधन र बारको अवरोधबिच दुई न्यायाधीश नियुक्तिले नै झन् कठिन स्थिति सिर्जना गरेको बताउँछन्। यसैकारण थप नियुक्ति सिफारिस रोकिएको हुन सक्ने उनको आशंका छ। 'यसअघि भएका दुई नियुक्तिकै कारण अहिले झन् विवाद भएको हो। यो सुल्झाउन भित्रभित्रै गृहकार्य भइरहेको हुन सक्छ। निकट भविष्यमै यसको निकास दिनका लागि नियुक्ति प्रक्रिया रोकिएको हो कि,' शाक्यले भने।

बारमा मधेश प्रदेशबाट प्रतिनिधित्व गर्ने उपाध्यक्ष सुधीरकुमार कर्ण भने कुनै पनि बहानामा न्यायाधीश नियुक्ति रोक्न नमिल्ने बताउँछन्। वीरगन्ज उच्च अदालतसमेत देशभरका अदालतमा मुद्दाको चाप दिनहुँ बढिरहँदा न्यायाधीश नियुक्ति वेलामा नहुनुले न्यायका उपभोक्ता मारमा परेको उनको भनाइ छ। 'अदालत सञ्चालन, न्यायमा पहुँच र न्याय सम्पादनका लागि न्यायाधीश नियुक्ति हुनु जरुरी छ। कुनै पनि बहानामा यो रोकिनुहुँदैन। नियुक्ति सिफारिस अविलम्ब हुनुपर्छ। बार यसका लागि बाधक छैन,' उनले भने।

न्यायपरिषद् नियमावली संशोधन खारेज हुनुपर्नेमा बारभित्र एकमत रहेको कर्णको भनाइ छ। तर, न्यायाधीश नियुक्तिका लागि भने परिषद् गम्भीर बन्नुपर्ने उनले बताए। 'बार अध्यक्षमाथि मुद्दा चलेकै कारणले न्यायाधीश नियुक्ति रोकिनुपर्छ भन्ने होइन। तर त्यो मुद्दाले बार र बेन्चबिच ल्याएको दूरीले न्यायालय कमजोर भएकै छ। यो विषयलाई परिपक्वताका साथ टुंग्याउनुपर्छ र जित-हारको विषय बनाउनुहुँदैन,' उनले थपे।

तत्कालीन प्रधानन्यायाधीश तथा न्यायपरिषद् अध्यक्ष विश्वम्भरप्रसाद श्रेष्ठले लेनदेन मिलाउन दुई न्यायाधीश नियुक्ति गरेको अभिव्यक्ति दिएपछि बार अध्यक्ष घिमिरेमाथि अदालतको अवहेलनामा कारबाही चलिरहेको छ। यस मुद्दामा उनले लिखित जवाफ सर्वोच्चलाई बुझाइसकेका छन्। थप कारबाही अघि बढिसकेको छैन।

सर्वोच्चमा ६ पद रिक्त रहेकोमा तत्कालीन प्रधानन्यायाधीश श्रेष्ठ नेतृत्वको परिषद् बैठकले निरौला र पाण्डेयको नियुक्ति सिफारिस गरेको थियो। बार एसोसिएसनका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता घिमिरेले न्यायपरिषद् नियमावली संशोधन खारेज गरेर मात्र न्यायाधीश नियुक्ति अघि बढाउनुपर्ने अडान राखेकोमा बारको आन्दोलन र धर्नाबिच यी दुई न्यायाधीश सिफारिस गरिएका थिए। यसका साथै परिषद् अध्यक्षले कार्यकालको अन्तिमतिर तथा वरिष्ठतम न्यायाधीशमाथि संसदीय सुनुवाइ समितिले उजुरी आह्वान गरिसकेको अवस्थामा दुईजनाको नियुक्ति सिफारिस गरिएको भन्दै बारले उक्त निर्णयको विरोध गरेको थियो। बार अध्यक्षले दिएको अभिव्यक्तिमाथि सर्वोच्चका उपरजिस्ट्रार गोविन्द घिमिरेले अदालतको अवहेलनामा कारबाहीका लागि प्रतिवेदन तयार गरेका थिए।

अवहेलनामा कारबाही अगाडि बढेपछि बारको आन्दोलन पनि हाल शिथिल छ भने न्यायाधीश नियुक्ति प्रक्रिया पनि रोकिएको छ। परिषद् अध्यक्ष तथा प्रधानन्यायाधीश राउत तत्काल न्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन अनिच्छुक देखिएका छन्। उक्त नियमावली संशोधन खारेजीको माग पूरा गरेर मात्र न्यायाधीश नियुक्त हुनुपर्ने बारको माग यथावत् नै छ। यसैकारण पनि प्रधानन्यायाधीश हच्किएका हुन्। वर्तमान प्रधानन्यायाधीशको नेतृत्वमा ११ कात्तिकमा न्यायपरिषद् र न्याय सेवा आयोगको बैठक बसेको थियो। जसले आसन्न स्थानीय तह उपनिर्वाचनमा न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतका रूपमा खटाउन तथा न्याय सेवाका अधिकृतलाई निर्वाचन अधिकृतका रूपमा खटाउन नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको थियो। परिषद्ले यीबाहेक नियुक्ति र सरुवा बढुवाबारे कुनै निर्णय गरेको छैन।

न्यायपरिषद्मा न्यायाधीशविरुद्ध ५३ उजुरी, दुई सय उजुरी टुंगिन बाँकी

काठमाडौं/ न्यायपरिषद्मा देशभरका दुई सयभन्दा बढी न्यायाधीशमाथिको उजुरी टुंगिन बाँकी छ। चार वर्षको अवधिमा ५३ वटा उजुरी परिसकेका छन्। आव ०७८/७९ का दुई थानसमेत गरी दुई सय ४९ वटा उजुरी रहेकोमा अब २०२ वटा उजुरीमाथि निर्णय गर्न बाँकी रहेको न्यायपरिषद्ले जनाएको छ। यसअघिका चार वर्षमा ४७ उजुरी तामेलीमा पठाइसकिएको छ।

देशभरका न्यायाधीशउपरको उजुरी न्यायपरिषद्मा दिन सकिन्छ। प्रधानन्यायाधीशको नेतृत्वमा रहने पाँच सदस्यीय परिषद्ले ती उजुरीमाथि छानबिन र कारबाही गर्छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको नेतृत्वमा रहेको न्यायपरिषद्मा कानुनमन्त्री अजयकुमार चौरसिया र वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल सदस्य छन्। वरिष्ठ अधिवक्ताहरू रामप्रसाद भण्डारी र रामप्रसाद श्रेष्ठ क्रमशः सरकार र नेपाल बार एसोसिएसनका तर्फबाट सदस्य छन्।



परिषद्मा यस आर्थिक वर्षको चार महिनामा ५३ वटा उजुरी परिसकेको भए पनि फर्स्योट संख्या शून्य छ। परिषद्ले पछिल्लो चार वर्षमा सबैभन्दा बढी फर्स्योट ०८०/८१ र ०७९/८० मा गरेको छ। ती वर्षमा क्रमशः २५ र २२ वटा उजुरी तामेलीमा पठाइएको अभिलेख छ। यी चार वर्षमा कसैलाई पनि सचेत र पदमुक्त गराइएको छैन। कारबाही गर्ने वा थप अनुसन्धान गर्ने नदेखिएमा उजुरीहरू तामेलीमा पठाउने निर्णय गरिन्छ। यस आर्थिक वर्षमा परेका उजुरी कुनै पनि टुंगिएका छैनन्। सबैभन्दा पुरानो दुईवटा उजुरी ०७८/७९ का छन्। त्यसपछिका वर्षका क्रमशः ४९ र ९८ वटा उजुरी किनारा लाग्न बाँकी रहेको परिषद्ले जनाएको छ।

कुन तहका न्यायाधीशमाथि कति उजुरी परेको छ भन्ने स्पष्ट अभिलेख भने परिषद्सँग छैन। कतिपय अवस्थामा उजुरी पर्दासम्म न्यायाधीशहरूको बढुवा भइसकेने र कहिलेकाहीं तल्लो तथा माथिल्लो अदालतमा समेत उस्तै फैसला हुँदा एकभन्दा बढी न्यायाधीशमाथि एउटै फैसलाबारे उजुरी पर्ने गरेकाले पनि यस्तो अभिलेख नराखिएको परिषद्ले जनाएको छ। परिषद् स्रोतका अनुसार तत्काल परिषद् नेतृत्व उजुरी फर्स्योटभन्दा पनि न्यायाधीश नियुक्तितिर केन्द्रित छ।

संक्षेप

तत्कालीन मुख्यसचिव अर्यालले दिए राजीनामा

काठमाडौं/ भ्रष्टाचार मुद्दामा सफाइ पाएका तत्कालीन मुख्यसचिव डा. वैकुण्ठ अर्यालले राजीनामा दिएका छन्। सफाइ पाएपछि आइतबार राष्ट्रिय योजना आयोगमा हाजिर गरेका उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा राजीनामा बुझाएका हुन्। भ्रष्टाचार मुद्दापछि योजना आयोगमा विशेष अधिकृतको दरबन्दी सिर्जना गरी उनको सरुवा गरिएको थियो। सञ्चारसचिव रहँदाको निर्णय प्रक्रियामा संलग्न रहेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अर्यालसहित ११ जनाविरुद्ध गत ९ असारमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। मुद्दा दायरसँगै अर्याल स्वतः निलम्बन परेका थिए। १४ कात्तिकमा विशेष अदालतले अर्यालउपरको आरोप अस्वीकार गर्दै सफाइ दिने फैसला गऱ्यो। सफाइको फैसलापछि अर्यालको निलम्बन फुकुवा भएको थियो।

टहरामुक्त बन्यो जिल्ला अस्पताल

कालीकोट/ लामो समयदेखि ससाना टिनको टहराबाट सेवा प्रदान गर्दै आइरहेको जिल्ला अस्पताल कालीकोट टहरामुक्त बनेको छ। स्थापनाकालदेखि साँघुरो र टिनको टहरामा सेवा प्रवाह गरिरहेको जिल्ला अस्पताल कालिकोट सुविधासम्पन्न भवन बनेपछि टहरामुक्त बनेको हो। कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेलले सोमबार अस्पताल भवनको औपचारिक उद्घाटन गरे। यसअघि साँघुरो टहरामा विनाउपकरण र चिकित्सकको अभावमा अस्पतालले बिरामीको उपचार गर्दै आएको थियो। जिल्ला अस्पताल भए पनि अत्यावश्यक सेवाबाहेक अन्य जटिल केसहरू कहिले जुम्ला त कहिले प्रदेश अस्पताल सुर्खेत रेफर गर्नुपर्थ्यो। नयाँ भवनसँगै आवश्यक दरबन्दीअनुसारको चिकित्सक पाएपछि पछिल्लो समय अस्पतालमा उपचारको सेवामा सुधार हुँदै गएको छ। सुविधासम्पन्न भवन अभावमा अस्पतालले बिरामीलाई दिनुपर्ने जति गुणस्तरीय सेवा दिन सकेको थिएन। नयाँ भवनबाट सेवा दिन थालेपछि बिरामी तथा चिकित्सकलाई पनि सहज भएको जिल्ला स्वास्थ्य प्रमुख डा.भीष्म पोखरेलले बताए।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनिश्चितकालीन तालाबन्दी

जुम्ला/ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका ५४ कर्मचारीले स्तरवृद्धिको माग सम्बोधन नभएको भन्दै प्रतिष्ठानको शैक्षिक र प्रशासनिक भवनमा ताला लगाएका छन्। तालाबन्दीपछि नियमित पठनपाठन प्रभावित भएको छ। ४८ घन्टाभित्र निर्णय कार्यान्वयन नभएमा अस्पतालका आकस्मिक सेवाबाहेक सबै सेवा बन्द गर्ने चेतावनी दिएका छन्। प्रतिष्ठानमा करिब चार सय शिक्षक कर्मचारी कार्यरत छन्। जसमध्ये ७०/७५ जना मात्रै स्थायी छन्। ठुलो संख्यामा करार र ज्यालादारी कर्मचारी कार्यरत छन्। लामो समयदेखि प्रतिष्ठानमा कार्यरत कर्मचारीको स्थायी प्रक्रिया अघि नबढाइनु, अदालतले समेत आन्दोलनरत कर्मचारीको पक्षमा समेत फैसला गरिसक्दा पनि सिनेट बैठकले कर्मचारीको माग सम्बोधन गर्ने निर्णयप्रति पदाधिकारीले कार्यान्वयनमा आनाकानी गरेपछि तालाबन्दी गरिएको आन्दोलनरत कर्मचारीले बताएका छन्। यसअघि २१ भदौ ०८० मा कर्मचारीको आन्दोलनपछि सम्झौता भएको थियो।

कोशीमा पहिचानवादीले फेरि आन्दोलन चर्काउने

विराटनगर/ कोशी नाम खारेजीको माग गर्दै पहिचानवादीहरूले नयाँ चरणको आन्दोलन घोषणा गरेका छन्। पहिचानका आधारमा संघर्ष समितिले सोमबार विराटनगरमा पत्रकार सम्मेलन गर्दै कोशी प्रदेशको नाम खारेजी र पुनः नामांकनको प्रक्रिया सुरु नगरे थप संघर्ष चर्काउने चेतावनी पनि दिएको छ। कोशी नामकरण भएको दिन १७ फागुनमा कालो दिवसका रूपमा मनाउने र १० चैतमा नामकरण खारेजी माग गर्दै कोशी प्रदेश सभा घेराउ गर्नेलगायत छन्। यस्तै, कोशी प्रदेश सभा, मुख्यमन्त्री कार्यालय घेराउसहित अनिश्चितकालीन हडताल गर्ने कार्यक्रम छ। समितिले प्रदेश सभामा कोशी नामको पक्षमा मतदान गर्ने सांसदलाई सार्वजनिक कार्यक्रममा सहभागी नगराउन र गराए प्रतिरोध गर्ने चेतावनी एिको छ। विभिन्न ठाउँमा लेखिएको प्रदेशको नाम 'कोशी' मेटाउन र हटाउन भनिएको छ। कोशी नामको लेटरप्याड, छाप नचलाउन कार्यालय प्रमुख कर्मचारीहरूलाई अनुरोध गर्ने र नमानेमा कारबाही अघि बढाउने समितिको चेतावनी छ। कोशी प्रदेश सभाको दुईतिहाइभन्दा बढी बहुमतबाट १७ फागुन ०७९ मा तत्कालीन प्रदेश १ को नाम 'कोशी' राखिएको थियो।

ढुंगानाको राजकीय सम्मानका साथ अन्त्येष्टि

नयाँ पत्रिका

पूर्वसभामुख दमननाथ ढुंगानाको पशुपति आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ। त्यस अवसरमा नेपाली सेनाको एक टुकडीले दिवंगत ढुंगानाको सम्मानमा सलामी अर्पण गरेको थियो। १७ तोपको सलामीसमेत दिइएको थियो। ढुंगानाको पार्थिव शरीरमा उनका छोराहरूले दागबत्ती दिए। कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुंगानाको पुरानो बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा ८३ वर्षको उमेरमा आइतबार दिउँसो निधन भएको थियो। ढुंगानाको सम्मानमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको थियो।

पूर्वसभामुख ढुंगानाप्रति श्रद्धाञ्जली अर्पण गर्न सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, उपसभामुख इन्दिरा राना, पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्री, मन्त्री गण, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, सांसद तथा विभिन्न पेसा-व्यवसायमा आबद्ध व्यक्ति तथा सर्वसाधारण आर्यघाट पुगेका थिए। ढुंगानाको पार्थिव शरीरलाई सोमबार बिहान ज्ञानेश्वरस्थित सानोगौचरनमा ल्याएर श्रद्धाञ्जली अर्पण गरिएको थियो। श्रद्धाञ्जली कार्यक्रममा प्रधानमन्त्री,



पूर्वसभामुख दमननाथ ढुंगानाको पार्थिव शरीरमा राष्ट्रिय झन्डा ओढाउँदै प्रधानमन्त्री केपी ओली।
तस्बिर : अमुल थापा/नयाँ पत्रिका

सभामुख, कांग्रेसका सभापतिसहित विभिन्न राजनीतिक दलका नेता सानोगौचरन पुगेर अन्तिम श्रद्धाञ्जली प्रकट गरेका थिए। २ माघ १९९८ मा जन्मेका ढुंगाना ०१७ सालदेखि राजनीतिमा लागेका हन्। ढुंगाना पहिलो जननिर्वाचित सभामुख हुन्। यसअघि ०१५ सालको संसद्मा कृष्णप्रसाद भट्टराई पहिलो मनोनीत सभामुख थिए। ०४८-५१ असारसम्म सभामुख भएका ढुंगानाले 'सरकार सत्तापक्षको, संसद् प्रतिपक्षको' भन्ने मान्यता स्थापित गरेका थिए। ढुंगानाले श्रीलंकामा सम्पन्न सात राष्ट्रको स्पिकर्स फोरममा उत्कृष्ट सभामुखको उपाधि पाएका थिए। ढुंगाना नेपाल मानव अधिकार संगठन, एम्नेस्टी, ट्रान्सपरेन्सीजस्ता संस्थाको संस्थापक पनि हुन्।

थमन विक हत्याका आरोपी चौधरी पक्राउ



महोत्तरी/ सशस्त्र प्रहरीका असइ थमन विकको हत्यामा संलग्न रहेको आरोप लागेका देवेन्द्र चौधरी पक्राउ परेका छन्। अदालतमा उपस्थित नभई नौ वर्षदेखि फरारको सूचीमा रहेका चौधरीलाई सोमबार रामानन्द विश्वेश्वर महेन्द्र क्याम्पसपरिसरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

राविम क्याम्पस जलेश्वरका प्रधानाध्यापक अजयकुमार झाले बैठक चलिरहेका वेला सादा पोसाकमा आएका दुईजनाले केही कुरा गर्नु छ भनेर चौधरीलाई लगेको बताए। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी सन्तुलालप्रसाद जयसवारले पनि उनलाई सशस्त्र असइ थमन विक हत्या आरोपमा पक्राउ गरेको पुष्टि गरे।

मधेश आन्दोलनका वेला घाइते भई उपचारका लागि जनकपुर लैजाने क्रममा असइ विकको फुल्हट्टा भगवानपुर सडकखण्डमा पर्ने सोनुषडा भन्ने स्थानमा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो। विकको हत्यामा चौधरीको पनि संलग्नता रहेको भन्दै मुद्दा परेको थियो। रामानन्द विश्वेश्वर महेन्द्र क्याम्पसका अध्यक्ष चौधरीको हकमा असइ विक हत्या र आगजनी मुद्दा अदालतमा मुल्तबीमा छ। चौधरीलाई मंगलबार जिल्ला अदालत महोत्तरीमा उपस्थित गराउने प्रवक्ता डिएसपी जयसवारले बताए।

■ एपिएफ-एसएसबी समन्वयात्मक बैठक

सीमामा तेस्रो देशका नागरिकमाथि निगरानी बढाउने सहमति

नयाँ पत्रिका

खुला सीमाका कारण तेस्रो देशका नागरिकको अवैध आवातजावतले बढाएको सुरक्षा चुनौतीमा केन्द्रित भई सशस्त्र प्रहरी बल नेपाल (एपिएफ) र भारतको सशस्त्र सीमा बल (एसएसबी)बिचको आठौं समन्वयात्मक बैठक सोमबार काठमाडौंमा सम्पन्न भएको छ। शनिबार सुरु भई तीन दिन चलेको बैठकमा दुवै देशका सुरक्षा अधिकारीले तेस्रो देशका नागरिकको आवातजावतमाथि निगरानी बढाउने र प्रभावकारी कदम चाल्ने निर्णय गरेका छन्।

खुला सीमाका कारण तेस्रो देशका नागरिक नेपाल र भारत दुवैतर्फ लुकिछिपी प्रवेश गर्ने समस्या रहेको, त्यस्ता व्यक्तिले दुवै देशको सुरक्षामा जोखिम थपेको एपिएफ र एसएसबीका अधिकारीको निष्कर्ष थियो। नेपालमा भारत हुँदै अफगानिस्तानदेखि म्यानमारसम्मका नागरिकहरू अवैध रूपमा प्रवेश गरी शरणार्थीको रूपमा बस्दै आएका छन्। पछिल्लो समय बंगलादेशी नागरिकहरूसमेत आइरहेका छन्। उनीहरूलाई रोक्न एपिएफका अधिकारीहरूले भारतीय अधिकारीलाई आग्रह गरेका थिए। भारतीय अधिकारीले पनि नेपाल हुँदै अन्य देशका नागरिक भारत छिर्न सक्नेमा



चिन्ता जनाएको बैठकमा सहभागी एक उच्च अधिकारीले बताए। साझा समस्या भएकाले थप मजबुत सहकार्यबाट समाधान गर्नुपर्नेमा दुवै देशका अधिकारी सहमत भएका छन्।

नेपालबाट सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल तथा सशस्त्र सीमा बल (एसएसबी)को तर्फबाट महानिर्देशक अमृतमोहन प्रसादले बैठकको नेतृत्व गरेका थिए।

नेपालले लागुऔषध तस्करीको नियन्त्रणको विषयलाई जोडदार रूपमा उठाएको थियो। सीमाबाट सहजै औषधिजन्य लागुऔषध भित्रिने गरेको र त्यो नेपालमा ठुलो समस्या बन्दै आएको छ। यसमा भारतीय सुरक्षा अधिकारीबाट अपेक्षित सहयोग नपाएको नेपाल प्रहरी अधिकारीले गुनासो गर्दै आएका छन्। यसपटक पनि सोही विषयलाई नेपाली पक्षले उठाएको छ। बैठकले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य शिविर सञ्चालन गर्ने सहमति पनि गरेको छ। एकअर्का देशका नागरिकको आवातजावतलाई मर्यादित र सहज बनाउन सीमाका सुरक्षा निकायको समन्वयमा जोड दिइएको छ।

हरेक वर्ष हुँदै आएको बैठक समन्वयलाई थप प्रभावकारी बनाउन अबदेखि ६-६ महिनामा गर्ने निर्णयसमेत भएको छ। बैठकमा लागुऔषधको ओसारपसार नियन्त्रण, तस्करी नियन्त्रण, सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन नियमित संयुक्त सीमा गस्ती, सीमा स्तम्भहरूको रेखदेख तथा संरक्षण, सूचना आदान-प्रदानलगायत दुई निकायबिच निरन्तर समन्वय तथा सहकार्य गर्ने सम्बन्धमा छलफल भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए।

सुशासनका लागि निर्वाचन प्रणालीमा सुधार

देशमा सुशासन कायम गराउन अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुको विकल्प छैन



● प्रेमलकुमार खनाल

अग्रलेख

लोकतन्त्रमा सुशासन अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । सुशासनले नै लोकतन्त्रलाई सबल र सुदृढीकरण गर्न मद्दत पुऱ्याउँछ । सुशासन स्थापित गर्न निर्वाचन प्रणालीको असाध्यै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यमान निर्वाचन प्रणालीले राजनीतिमा विकृति, विसंगति सिर्जना गरिरहेको छ । जब मुलुकमा विकृति र विसंगति बढ्न थाल्छ, तब सुशासनका मूल्य र मान्यता भत्कन थाल्छन् । परिणामतः जनतामा निराशा र आक्रोश बढ्छ । अनि, यसका लागि 'प्रणाली'लाई दोषी देखाउन थालिन्छ । अहिले नेपाली राजनीतिमा देखा परेको समस्याको कारण विद्यमान निर्वाचन प्रणाली पनि एक हो भन्ने बुझाइलाई राजनीतिक दलहरूले गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्ने समय आएको छ । हाम्रो देशको निर्वाचन प्रणाली मिश्रित प्रकृतिको भए पनि पहिलो हुने निर्वाचित हुने (पहुनिहु) प्रणाली नै हाबी भएको छ । हुनलाई पहिलो हुने निर्वाचित हुने प्रणालीमा ६० प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीमा ४० प्रतिशत गरेर मिश्रित निर्वाचन प्रणाली अपनाइएको भए पनि यो निर्वाचन प्रणाली दोषमुक्त हुन सकेको छैन । प्रत्यक्ष निर्वाचन प्रणालीमा पैसावालाहरूले टिकट प्राप्त गर्ने, जसरी पनि निर्वाचन जित्न जेजति पनि पैसा खर्च गर्ने, धाँधली गर्ने, गुन्डागर्दी गर्ने, बुथ क्याप्चर गर्ने, विकासका फोस्रा आश्वासन दिने, बाटो, खानेपानी, विद्यालय आदि विकास निर्माणमा व्यक्तिगत पैसा खर्च गरी विकास गरिदिएको भनेर मतदातालाई आकर्षित गर्ने जुन परिपाटीको विकास भएको छ, यसले पुँजीवादी निर्वाचन प्रणालीको भद्दा स्वरूपको पटाक्षेप गरिदिएको छ । हुनलाई ४० प्रतिशत समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली भनिए पनि पार्टीका उपल्लो तहका नेताहरूको मिलिभगतमा आफन्त तथा परिवारजन, पैसावाल उद्योगी व्यापारीहरू, जग्गा दलाल र मेनपावर व्यवसायीबाट पार्टीका नेताहरूले मोटो रकम लिएर समानुपातिकको उम्मेदवार बनाएर निर्वाचन आयोगमा बन्दसूची पठाउने काम मूलधारका पार्टीहरूबाटै भएको भन्ने जनस्तर र पार्टीभित्रैबाट पनि आलोचना भएको पटक-पटक सुनिन्छ ।

संसदीय प्रणालीमा निर्वाचन नै राज्यसत्तामा पुग्ने माध्यम हो । निर्वाचनका माध्यमबाट जनअनुमोदित भएर श्रमजीवी वर्गको हितमा काम गर्न राज्यसत्तामा पुग्ने कम्युनिस्ट पार्टीहरूले कार्यनीति अवलम्बन गरे पनि यही पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, जहाँ पुँजीवादीहरूले व्यापक रकम खर्च गरेर प्रयोग गर्दै आएको निर्वाचन प्रणालीलाई नै उपयोग गरिरहेका छन् । यो निर्वाचन प्रणालीको भद्दा स्वरूपले वास्तविक श्रमजीवी वर्गलाई राज्यसत्तामा पुगेर नेतृत्व गर्न कहिल्यै दिँदैन । अबको चुनाव पैसावालहरूको हुने भएको छ । वडा सदस्य र वडाध्यक्षमा चुनाव लड्न लाखौँ रुपैयाँ खर्च गर्नुपर्ने, मेयर र उपमेयरले करोडसम्म खर्च गर्नुपर्ने तथा संघ र प्रदेश तहका सांसद निर्वाचनमा त दुई-चार करोड रुपैयाँ नै खर्च गर्नुपर्ने जुन भयावह अवस्था छ, यसले मुलुकमा राजनीतिक पार्टीका उम्मेदवारले मात्रै अर्बौं अर्ब रकम खर्च गर्नुपर्ने स्थिति छ । यस्तै तह-तहका र चरण-चरणका निर्वाचनले राज्यको ढुकुटीबाट अर्बौं खर्च हुने स्थिति छ । अबको निर्वाचन प्रणालीमा आमूल सुधार गर्न ध्यान नदिने हो भने मुलुकमा राष्ट्रियता, राष्ट्रिय एकता, समावेशी लोकतन्त्र र गणतान्त्रिक शासन व्यवस्थाको रक्षा, सुदृढीकरण र आर्थिक विकासमा समेत चुनौती खडा हुने देखिएको छ ।

मुलुकमा युगान्तकारी परिवर्तन भएर संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थालाई अवलम्बन गर्ने संविधान जारी भयो । तर, संघीयताको मूल मर्म र समावेशी लोकतन्त्रको अवधारणाअनुरूपको पूर्ण समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली अवलम्बन गर्न राजनीतिक दलहरू सहमत हुन सकेनन्, जसले गर्दा पुरानो खालको बहुमतीय निर्वाचन प्रणालीकै वर्चस्व हुने गरी समानुपातिक निर्वाचन प्रणालीसहितको प्रतिनिधिसभामा १६५ प्रत्यक्ष बहुमतीय र ११० सिटमा समानुपातिक गरी ६०/४० अनुपातको निर्वाचन हुने निर्वाचन प्रणाली लागू भयो । मुलुकको संघीय शासन व्यवस्थाअनुरूपको पूर्ण समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली लागू नहुँदा अहिले मुलुकमा राष्ट्रिय एकता कायम गर्न, वास्तविक श्रमजीवी वर्ग, लिंग, समुदायको राज्यसत्तामा प्रतिनिधित्व गराउन, आर्थिक अनियमितता र भ्रष्टाचारलाई नियन्त्रण गर्न पनि गम्भीर चुनौती खडा भएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा दलका उम्मेदवारले निर्वाचन क्षेत्रका कुल मतदाताको बहुमत ल्याउनु नपर्ने हुँदा कुल मतदातामध्ये अल्पमतमा परेको दलको उम्मेदवार नै विजयी हुने जुन प्रणाली छ, यसले पराजित भएका



अन्य दलका बहुमत उम्मेदवारको प्रतिनिधित्व राज्य व्यवस्थामा नहुने स्थितिले यो निर्वाचन प्रणालीले संघीय शासन प्रणाली (दल, समुदायबिच सहमति, सहकार्य र समन्वयका आधारमा राज्य सञ्चालन गर्ने) को मूल मर्ममा प्रहार गरेको छ ।

सत्तारुढ दललगायत सबै प्रतिपक्षी राजनीतिक दलले आसन्न निर्वाचनअगाडि नै आपसी छलफल, विचार-विमर्श गरेर साझा धारणा बनाई आवश्यकताअनुसार संविधान र कानुनमा सुधार गर्न निम्न पक्षमा **गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ** : पहिलो, निर्वाचन प्रणालीलाई सुधार गरी देशमा सुशासन कायम गराउन अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्छ । पूर्ण समानुपातिक हुन नसके पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा पनि सम्बन्धित निर्वाचन क्षेत्रमा राजनीतिक दलले आआफ्नो दलका नाममा मतदातासमक्ष मत माग्ने र दलहरूले नै राष्ट्रिय रूपमा पाएको मतका आधारमा पहिलो मत पाउने राजनीतिक दलले उक्त निर्वाचन क्षेत्रका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि मनोनयन गरी निर्वाचन आयोगमा खामबन्दी गरिदिएको दलको उम्मेदवारलाई विजयी भएको घोषणा गर्ने व्यवस्था गर्नुपर्छ । यसरी दलहरूले राष्ट्रिय रूपमा पाएको मतका आधारमा सम्बन्धित निर्वाचन क्षेत्रका लागि पहुनिहु उम्मेदवार विजयी घोषणा गर्दा व्यक्तिगत तवरले उम्मेदवारले चुनावमा खर्च गर्नुपर्दैन । यसका साथै सम्बन्धित राजनीतिक दलले नै आफ्नो दलको सिद्धान्त, नीति, विचार तथा कार्यक्रमको जनतामा प्रचार-प्रसार गरेर मतदातालाई आकर्षित गर्नुपर्छ । यस किसिमको निर्वाचनमा सम्बन्धित दलले अन्तिम उम्मेदवारको नामावली निर्वाचन आयोगमा बुझाउनुअगाडि सम्बन्धित निर्वाचन क्षेत्रकै पार्टी सदस्यबाट पार्टी केन्द्रको निर्वाचन आयोगको सहजीकरणमा सर्वसम्मत छनोट भएको वा निर्वाचित भएको उम्मेदवारलाई नै दलको केन्द्रले निर्वाचन आयोगमा उम्मेदवारका रूपमा सिफारिस गर्ने व्यवस्था गर्नुपर्छ । यसरी उम्मेदवार छनोट र सिफारिस गर्दा मात्रै दलभित्र उम्मेदवार छनोटमा हुने पक्षपात, भेदभाव, गुटबन्दी र टिकट लिन नै पार्टीका नेतालाई मोटो रकम बुझाउनुपर्ने विकृत स्थितिको अन्त्य हुनेछ ।

> मुलुकको संघीय शासन व्यवस्थाअनुरूपको पूर्ण समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली लागू नहुँदा अहिले मुलुकमा राष्ट्रिय एकता कायम गर्न, वास्तविक श्रमजीवी वर्ग, लिंग र समुदायको राज्यसत्तामा प्रतिनिधित्व गराउन तथा आर्थिक अनियमितता र भ्रष्टाचारलाई नियन्त्रण गर्न पनि गम्भीर चुनौती खडा भएको छ

दोस्रो, यसैगरी प्रत्यक्ष निर्वाचन प्रणालीमा नै समावेशी समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको व्यवस्था गर्नुपर्छ । र राष्ट्रिय सभालाई चाहिँ पूर्ण समानुपातिक समावेशीकरण गरेर जाति, लिंग, पिछडिएको समुदाय, बुद्धिजीवी, श्रमिकलगायतको प्रतिनिधित्व हुने गरी समानुपातिक सूचीको उम्मेदवारका लागि पनि सम्बन्धित निर्वाचन क्षेत्र र जिल्लाका कार्यकर्ताबाट छनोट भइआएको वा निर्वाचित भइआएको व्यक्तिलाई नै समानुपातिकको बन्द सूचीको उम्मेदवार बनाउने व्यवस्था मिलाउनुपर्छ ।

तेस्रो, अब तीनवटै तहको निर्वाचन एकैसाथ गर्ने गरी ऐन-कानुनमा सुधार गर्नुपर्छ । चौथो, निर्वाचनका लागि एउटा मात्र मतपत्र प्रयोग गर्नुपर्छ । पाँचौँ, अनलाइन भोटिङ, डिजिटल भोटिङ र विदेशमा गएका आप्रवासी मतदाताले पनि मतदान गर्न पाउने व्यवस्था गर्नुपर्छ । छैटौँ, निर्वाचन आयोगलाई निष्पक्ष, स्वतन्त्र र अधिकारसम्पन्न संवैधानिक आयोगका रूपमा विकास गर्न यसमा नियुक्ति हुने पदाधिकारीको नियुक्ति सम्बन्धमा आवश्यकताअनुसार संविधान, कानुन र प्रक्रियामा सुधार गर्नुपर्छ र कर्मचारीतन्त्रमा विगतमा विवादित व्यक्तिलाई सेवानिवृत्त भएपछि नियुक्त गर्ने परिपाटी अन्त्य गर्नुपर्छ । राज्यको सेवामा उमेर हदका कारण निवृत्त भएका व्यक्तिलाई पुनः संवैधानिक अंगमा नियुक्ति गर्ने संवैधानिक व्यवस्थाले संवैधानिक अंगहरूको गरिमा बढ्न सकेको छैन ।

सातौँ, निर्वाचनमा हुने खर्च नियन्त्रण गर्न र राजनीतिक भ्रष्टाचारलाई अन्त्य गर्न एकै व्यक्तिलाई पटक-पटक उम्मेदवार बनाउनुको सट्टा एकपटक उम्मेदवार भएको वा विजयी भएको व्यक्तिलाई उम्मेदवार बनाउनुपरेमा तेस्रो वा चौथोपटकको निर्वाचनमा मात्रै उम्मेदवार बनाउने, एकपटक समानुपातिक प्रतिनिधित्वबाट उम्मेदवार वा विजयी भएकालाई पुनः उम्मेदवार नबनाउने कानुनी व्यवस्था गरिनुपर्छ । आठौँ, निर्वाचनमा राजनीतिक दलहरूले उद्योगी, व्यापारीबाट चन्दा लिने कार्यमा पूर्णतः रोक लगाउनुपर्छ र दलहरूलाई निर्वाचन प्रचार-प्रसार गर्न राज्यकोषबाटै दलहरूले प्राप्त गरेको मतका आधारमा अनुदान उपलब्ध गराउने र महालेखा परीक्षकबाट लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्छ । नवौँ, सांसदलाई विधायन निर्माण र विकास निर्माणको अनुगमनमा भूमिका अभिवृद्धि गरी सांसदको सट्टामा विज्ञहरूलाई मात्र मन्त्री बनाउने व्यवस्था गर्नुपर्छ । दसौँ, राज्यको बढ्दो साधारण खर्च घटाउन हालको सांसद संख्यामा आधा घटाउने व्यवस्था गर्नुपर्छ ।

लोकतन्त्रमा आवधिक निर्वाचनमार्फत जनताले मतदान गरेर जनताका प्रतिनिधिले शासन व्यवस्थाको नेतृत्व गर्ने जुन परिपाटी छ, यसलाई जनमुखी, वैज्ञानिक र पारदर्शी निर्वाचन प्रणालीका माध्यमबाट मात्रै समुन्नत बनाउन सकिन्छ । राजनीतिक भ्रष्टाचारलाई नियन्त्रण गरी अर्थतन्त्रको सबलीकरण गर्न र शुसासन स्थापित गर्न पनि विद्यमान निर्वाचन प्रणालीमा आमूल सुधार गर्न आवश्यक छ । यसका लागि सत्ता गठबन्धनका दललगायत सबै प्रतिपक्षी राजनीतिक दलले आसन्न निर्वाचनअगाडि नै आपसी छलफल र विचार-विमर्श गरेर साझा धारणा बनाई आवश्यकताअनुसार संविधान र कानुनमा सुधार गर्न गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ ।

---

३ प्रश्न

रास्वपाकी सांसद **सोविता** गौतमलाई



दुई वर्षसम्म पनि महिला समन्वय समिति किन बन्न सकेन ?

संसद्को नियमावलीमा महिला समन्वय समिति गठनको विषय समावेश गर्दा नै पुरुष माननीयज्यूहरूले संविधानसभा कालको 'ककस'को कुरा खोतलेर त्यस्तो समिति नबनाउन जोडबल लगाउनुभएको थियो । तर, संसद्मा प्रतिनिधित्व गर्ने महिला सांसदले राजनीतिबाहेक पनि महिलाका कैयौँ मुद्दा हुन्छन्, तिनलाई सामूहिक स्वर दिनकै लागि पनि अलग्गै समन्वय समिति आवश्यक भएकामा जोड दिएपछि समिति गठनको प्रावधान राखिएको हो । तर, समिति गठन गरिए पनि स्रोतसाधन भने दिन सकिन्न भनिएको थियो । हामीले त्यो पनि स्विकारेका थियौँ । पछि, समिति गठनको कुरा उठ्दा नेतृत्वको प्रश्न उठ्यो । वर्तमान परराष्ट्रमन्त्रीज्यूले समितिको नेतृत्व गर्ने भनिए पनि त्यो त्यत्तिकै सेलायो । उपसभामुखले नेतृत्व गर्ने पनि भनियो । तर, त्यसमा पनि विवाद देखियो । मूल रूपमा प्रमुख दलका नेतृत्वले चासो नदिँदा यो समिति अहिलेसम्म बन्न नसकेको हो ।

पुरुष सांसदले महिलाका आवाज दबाउन समिति बन्न नदिएका हुन् त ?

ठ्याक्कै त्यस्तै भन्न त सकिएन । तर, समिति नबनाउने विषयमा पुरुष सांसदज्यूहरूले निकै जोडबल लगाउनुभएको थियो । महिला माननीयज्यूहरूले चाहिँ हिजो संविधासभामा पनि 'ककस'का कारण आफ्ना मुद्दाहरू उठाउन सजिलो भएको थियो भनेर समितिको माग गर्नुभएको थियो । सायद यही द्वन्द्वका कारण समितिमाथि पनि राजनीति भइरहेको हुन सक्छ ।


समिति गठनमा ढिलाइले के-कस्ता असर परिरहेका छन् ?

महिलाका कैयौँ गैरराजनीतिक मुद्दा छन् । त्यस्ता मुद्दा दलहरूभित्रै पनि ओझेलमा परिरहेका हुन सक्छन् । महिलाका धेरै सामूहिक एजेन्डाहरू छन् । विशेषगरी दूरदराजका सीमान्तकृत समुदायका महिलाका समस्याबारे सबैले एक स्वरले आवाज उठाउनुपर्ने अवस्था छ । यस्तोमा समिति नबन्दा सकस भइरहेको छ ।

प्रेरक प्रसंग

फाटेको धोती

भारतका भूतपूर्व प्रधानमन्त्री लालबहादुर शास्त्री अत्यन्त सादा जीवन बिताउँथे । उनको लवाइ, खुवाइ या बसाइ कतै पनि कुनै तडकभडक देख्न पाइँदैनथ्यो । उनी अत्यन्त सादा पोसाक लगाउँथे । र, सकभर सामान्य जीवन बिताउँथे । महात्मा गान्धीको सादा जीवन उच्च विचारका सच्चा अनुयायी थिए शास्त्री । एकपटक लालबहादुर शास्त्री भारतका प्रधानमन्त्रीमा चुनिए । उनी शपथमा जान तयार भए । शपथका लागि लगाउन शास्त्रीसित गतिलो लुगा थिएन । उनीसित जम्मा दुईजोर धोती थिए । तर, दुवै फाटेका थिए । त्यसैले, शास्त्री शपथग्रहणका लागि फाटेकै धोती लगाएर जान तयार भए । यो देखेर उनकी पत्नीले भनिन्- शपथग्रहणका लागि राष्ट्रपति भवन जाँदै गर्दा यस्तो फाटेको धोती के लगाउनु ? बरु तत्काल बजारबाट एउटा अलि गतिलो धोती किनेर ल्याए त भइहाल्यो नि ! पत्नीको सुझाव सुनेर शास्त्री एकैछिन गम्भीर भए । अनि, उनले भने- तिमीले ठिक भन्यौ । म प्रधानमन्त्री बन्दै छु । त्यसका लागि शपथ लिन राष्ट्रपति भवन जाँदै छु । म एउटा राम्रो नयाँ धोती किनेर लगाउन पनि सक्छु । तर, के म नयाँ धोती लगाउन प्रधानमन्त्री बनिरहेको हो र ? यो देशमा मेरो यही फाटेको धोती पनि लगाउन नपाउने कति किसान र मजदुर होलान् ? के मैले मात्रै नयाँ धोती लगाएर हुन्छ ? प्रधानमन्त्रीले आफ्नो भन्दा पनि तिनै गरिब जनताको धोती बदल्ने गरी काम गर्नुपर्छ । त्यसैले, म यही धोतीमा शपथग्रहण गर्छु, मलाई नरोक । शास्त्रीको भनाइ सुनेपछि उनकी पत्नी, त्यहाँ उपस्थित सरकारी कर्मचारी र उनका सुरक्षाकर्मीसमेत नतमस्तक भए ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सार्वजनिक शौचालयको समस्या

सहरबजारमा जनसंख्याको चाप बढेसँगै नगरमा पर्याप्त सार्वजनिक शौचालयको व्यवस्था हुन नसक्दा सहरको सरसफाइमै समस्या आइरहेको छ । सहरबजारमा मात्र नभई देशभरका ७५३ पालिकामै सार्वजनिक शौचालयको व्यवस्था गर्नु अति जरुरी छ । यसतर्फ सरकार र जनप्रतिनिधिको ध्यान जान नसक्नु दुःखको विषय हो । साथै, जनताले पनि यसतर्फ सजग बन्नुपर्छ । उनीहरूले पनि जथाभावी दिसापिसाब नगर्ने, खुला स्थानमा कसैले दिसापिसाब गरेको देखेमा सम्झाउने काम गर्नुपर्छ । साथै, जनताले कहाँ-कहाँ, कति शौचालय आवश्यक छन् भन्ने विषयमा सम्बन्धित निकायलाई जानकारी गराएमा व्यवस्थापनमा सहजता आउन सक्छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

नेताहरूमाथि छानबिन गर

पछिल्ला दिनमा सहकारीको अर्बौं रकम अपचलनसम्बन्धी दिनदिनै नयाँ-नयाँ समाचार आइरहेका छन् । अधिकांश समाचारमा कुनै न कुनै राजनीतिक दलका कुनै न कुनै तहका नेताकै संलग्नताबारे लेखिएको पाइन्छ । तर, राज्यले त्यसरी सर्वसाधारण जनताको अर्बौं रकम अपचलन गर्ने कार्यमा कुनै न कुनै रूपमा मुछिएका नेतामाथि सत्यतथ्य छानबिन गर्न आनाकानी गरिरहेको छ । सरकारले नै यसरी आरोपित नेतालाई जोगाउन थाल्यो भने जनताले न्याय कसरी पाउलान् ?

● **गोविन्द मरासिनी**
सुकेधारा, काठमाडौं

बिदा किन ढिलो दिएको सरकार ?

सरकारले पूर्वसभामुख दमननाथ ढुंगानाको सम्मानमा सोमबार सार्वजनिक बिदा दिएको छ । तर, आइतबार दिउँसो निधन भएका ढुंगानाको सम्मानमा बिदा दिने निर्णय किन यति ढिलो गरियो ? आखिर बिदा दिनु नै थियो भने आइतबार नै निर्णय गरेर दिएको भए ठिक हुने थियो । ढिलो गरी बिदा घोषणा गर्दा कार्यालय जाने सरकारी कर्मचारी कार्यालय पुगिसकेका थिए भने विद्यार्थीहरू स्कुल, कलेजमा पुगिसकेका थिए । यस्तो ढिलाइ किन सरकार ?

● **अमृता सेढाईं**
गल्कोपाखा, काठमाडौं

डेलिभरी दिने कि जागरण सभा ?

सत्तारुढ दलहरूले सरकारको कामबाट जनतालाई सेवा प्रवाह गरी खुसी पार्ने कि विपक्षी दलहरूले जस्तो जागरण सभा गरेर सडक तताउने ? सम्पूर्ण सत्ताको बागडोर लिने सत्तारुढ दलले आफ्नो काम र जनमुखी नीतिबाट जनताको मुहारमा खुसी ल्याउने काम गर्ने कि आफैँ सडकमा राँको बाली शान्तिपूर्ण महोल बिगार्ने ? यस प्रश्नको जवाफ सत्ताको नेतृत्व गर्ने एमालेले आमजनतालाई दिनैपर्छ । किनकि, सत्तारुढ दलले सडक कब्जा गरेका दृश्य संसारमा हत्तपत्त कहीं देखिँदैन । सत्तारुढ दलले जागरण सभाका नाममा सडकमा शक्ति प्रदर्शन गर्नुजस्तो बिडम्बना अरू के नै होला र ?

एमालेले आउँदो ७ मंसिरमा आफ्ना कार्यकर्तालाई सडकमा उतारेर जागरण सभा गर्ने कार्यक्रम राखेपछि नै यी प्रश्न उठेका हुन् ।

सोही दिन दुर्गा प्रसाईंको नेतृत्वमा राष्ट्र, राष्ट्रियता, धर्म र संस्कृति बचाउ अभियानअन्तर्गत अर्को पनि सडक प्रदर्शनको कार्यक्रम तय भएको छ । ठिक एक वर्षअघि पनि एमालेको युवा संघ र प्रसाईंको आन्दोलन जुधाएर सडक तताउने काम भएको थियो । तर, त्यो वेला एमाले सत्तामा थिएन । सत्तामा नहुने प्रतिपक्षी पार्टीले सडक तताउनु अन्यथा होइन । तर, सत्तामा रहेकै पार्टीले सडक तताउने काम गर्नु भनेकोचाहिँ स्वीकार्य विषय हुन सक्दैन । यो जग हसाउने काम हो । एमालेले यथाशीघ्र ७ गतेको जागरण कार्यक्रम रोक्नुपर्छ । अन्यथा, त्यसले एमालेलाई त बदनाम गर्छ नै देशमा एउटा गलत अभ्यास पनि सुरु हुन सक्छ । जसले मुलुकलाई सधैँ अस्थिर र सडकलाई सधैँ अशान्त बनाइरहनेछ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

जलवायु शिक्षामा पहुँचको प्रश्न

हाम्रो शिक्षा प्रणालीले बालबालिकालाई भविष्यबारे बुझ्न र खोज गर्न आवश्यक संयन्त्र एवं ज्ञानले सुसज्जित गर्न सकेको छैन



देश/विदेश

● एलेक्सिया लेकलर्क

सन् १९९५ को कविता 'द राइट टु ड्रिम'मा उरुग्वेका कवि एडुआर्डो गालियानोले प्रकृति, समानता र शान्तिको सम्मान हुने गरी भविष्यको चित्रण गर्दै 'सन् २०२५ मा विश्व कस्तो हुनेछ' भन्ने परिकल्पना गरेका थिए । यद्यपि ०२५ नजिकिँदै छ र गालियानोको परिकल्पना कुनै पनि कोणबाट साकार हुने देखिँदैन । वास्तवमा हामीले मानव सभ्यताको अस्तित्वलाई खतरामा पार्ने विभिन्न परिस्थितिको सामना गरिरहेका छौँ । यो वर्ष मात्रै लाखौँ मानिसले चरम जलवायु प्रकोप, कीर्तिमानी तापमान, नरसंहार र विषाक्त रसायन एवं प्रदूषणको घातक जोखिमको अनुभव गरेका छन् । यी संकटले सामूहिक मृत्यु, चोटपटक, विस्थापन, गरिबी र आघात निम्त्याएको छ ।

निकट भविष्य डरलाग्दो देखिन्छ र यो परिस्थितिमा हाम्रो शिक्षा प्रणालीले बालबालिकालाई भविष्यबारे बुझ्न र खोज गर्न आवश्यक संयन्त्र एवं ज्ञानले सुसज्जित गर्न सकेको छैन । विद्यालय समाजलाई आकार दिने स्थान हुन् र शिक्षाले कि यथास्थितिलाई सुदृढ गर्न सक्छ वा न्यायपूर्ण एवं दिगो भविष्यको विकास गर्न सक्छ । विश्वभर उग्र-दक्षिणपन्थी र अधिनायकवादी सरकारले बारम्बार सार्वजनिक शिक्षा, साहित्य र जाति एवं लैंगिक इतिहासको शिक्षालाई तारो बनाउँदै आएका छन् । र, यस्ता आक्रामक नीति नभएका मुलुक वा क्षेत्रमा पनि नयाँ पुस्तालाई जलवायु परिवर्तनका समयमा बाँच्न र त्यसविरुद्ध अर्थपूर्ण कदम चाल्न आवश्यक शैक्षिक प्रणाली अपर्याप्त छ ।

जलवायु प्रकोपले शिक्षाको पहुँचमा अवरोध पुयाइरहेको भन्दै विश्वमा युवामाझ वातावरणीय चिन्ता व्याप्त छ र प्रदूषणले लाखौँ बालबालिकाको स्वास्थ्यमा असर गरिरहेको छ । यस सन्दर्भमा युवालाई जलवायु संकट सामना गर्न तयार पार्नु आवश्यक छ । युनेस्को र मनिटरिङ एन्ड इभ्यालुएटिङ क्लाइमेट कम्युनिकेसन (एमइसिसिई) परियोजनाको ग्लोबल एजुकेसन मोनिटरिङ रिपोर्टले विश्वव्यापी शिक्षा प्रणालीले पाठ्यक्रममा जलवायु परिवर्तनलाई कसरी समावेश गर्छ भनेर गरिएको जाँचमा ५० प्रतिशत अंक मात्र प्राप्त गरेको छ । यसले अधिकांश मौसमसँग सम्बन्धित सामग्री अझै पनि विज्ञानका कक्षामा सीमित छन् र अन्य विषयसँग नजोडिएको देखाएको छ ।



तस्बिर : रसल चायन/रोयटर्स

टेक्सासको सार्वजनिक विद्यालयमा पढेकी मैले पाठ्यक्रमका यी कमी-कमजोरी प्रत्यक्ष देखेकी छु । पुस्तकमा जलवायु परिवर्तनलाई संक्षिप्त रूपमा मात्र उल्लेख गरिएको थियो र सामान्यतया ध्रुवीय भालुलाई असर गर्ने भविष्यको समस्याका रूपमा चित्रण गरिएको थियो । प्रस्तावित समाधान बिरलै पुनः प्रयोग र कार्बन फुटप्रिन्ट घटाउनेमा केन्द्रित थियो । महिलाको नेतृत्वमा रहेको संस्था पीपल अर्गनाइज्ड इन डिफेन्स अफ अर्थ एन्ड हर रिसोर्सेस (पोडर) ले योङ स्कलर्स फर जस्टिस (वाइएसजे) कार्यक्रममा मैले इन्टर्न (कार्यस्थलमा सिकाइ) गर्दा मैले कुरा बुझ्न थालेकी थिएँ । वाइएसजे पाठ्यक्रमले वातावरणीय न्यायका लागि संगठित हुने, गैरश्वेत समुदायका नेतृत्वमा भएका आन्दोलनको इतिहास, स्थानीय आदिवासी संस्कृति र सामाजिक राजनीतिक संरचनाको एक महत्त्वपूर्ण परीक्षणमा केन्द्रित छ । पाठ, कला एवं कविता कार्यशाला, अतिथि वक्ता र आयोजन गतिविधिमार्फत मैले अन्ततः मेरो समुदायमा देखिएका र अनुभव गरेको असमानता के हो र तिनलाई किन र कसरी व्यक्त गर्न सकिन्छ भन्ने सिकेकी थिएँ । जलवायु समाधानमा परम्परागत ज्ञानले महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने मैले पहिलोपटक बुझेकी थिएँ ।

बिरुवा, वृक्ष आत्मा, बोधिसत्व र अन्य विषयबारे ब्रह्माण्डीय कथा मेरो हक्का र आदिवासी ताइबानी पुर्खाले सिञ्चित गरेको विवेकलाई जोड्न सफल भएकी थिएँ । मैले सिकेको सांस्कृतिक शिक्षाले मेरो घरबाहिरको वातावरणको महत्त्व राख्यो । त्यसपछिका वर्षमा मैले पेट्रोकेमिकल उद्योगको विरोध गर्ने र सफा एवं किफायती पानीको पैरवी गर्नेदेखि जीवाश्म इन्धनमा रोकका लागि जोड दिने र सञ्चयी प्रभाव नीति प्रवर्द्धन गर्ने विभिन्न अभियानमा संलग्न भएँ ।

मैले पोडर, मेरी आमाका कथा, मेरो समुदाय, मेरा आमूल परिवर्तनकारी विचार राख्ने प्राध्यापक र संगठनबाट प्राप्त गरेको जलवायु न्याय शिक्षाले मलाई निराशालाई आशामा बदल्न प्रेरित गरेको थियो । म शिक्षालाई स्वतन्त्रताको अभ्यासका रूपमा हेर्छु र संस्कृतिलाई पुनः दाबी गर्ने, इतिहास पुनः लेख्ने र हाम्रो विश्वको पुनः कल्पना गर्ने अवसरका रूपमा पनि हेर्छु । सबै विद्यालयका विद्यार्थीको बृहत् जलवायु शिक्षामा पहुँच हुनु अनिवार्य छ भन्नेमा म विश्वास गर्छु । यो शिक्षा परम्परागत पारिस्थितिकी, न्याय, आलोचनात्मक चेतना, सामाजिक भावनात्मक शिक्षा, स्टिम (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) र पहलकदमीमा केन्द्रित छ ।

पुस्तकमाथिको प्रतिबन्ध, विविधतापूर्ण इतिहास र जलवायु विज्ञानमा आक्रमणको सामना गर्दा पनि हामीले समुदायलाई आवश्यक शिक्षामा पहुँच सुनिश्चित गर्न काम गरिरहनुपर्छ । यो अहिलेको समयमा थप महत्त्वपूर्ण छ किनभने अमेरिकामा चाँडै जलवायु परिवर्तनको अस्वीकारलाई समर्थन गर्ने नयाँ सरकार बन्दै छ । हामीले जलवायु संकटको सामाजिक-राजनीतिक मूल कारण र समाधान बुझ्न जलवायु संकटको सामान्य बुझाइबाहिर निस्किनुपर्छ । यही कारणले गर्दा मजस्ता युवा हस्ताक्षर गरेको कल टु एक्सन (पहलकदमीको आह्वान) लाई समर्थन गर्छौं ।

हामीले आगामी पुस्तालाई जलवायु संकट र संरचनागत उत्पीडनको सामना गर्न आवश्यक संयन्त्र र ज्ञान प्रदान गर्नुलाई आफ्नो दायित्व सम्झेका छौं । यो दायित्व पूरा गर्दा मात्रै हामी एक पृथक् विश्वको कल्पना र निर्माण गर्न सक्छौं र हाम्रा भावी पुस्ताले यो सपना देख्न सक्नेछन् भन्नेमा म इमानदारीपूर्वक आशावादी छु । के थाहा, सम्भवतः सन् २०५५ मा गालियानोको सपना साकार हुनेछ कि ?

(लेकलर्क जलवायु अभियन्ता एवं स्टार्ट : इम्पावरमेन्टकी सह-संस्थापक हुन्)

अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एक्सप्रति वितृष्णा बढ्न थालेको हो ?

नोभेम्बर ६ मा डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएयता लाखौं मानिसले एक्स छाडिसकेका छन्, यो सोसल नेटवर्क ट्रम्पको 'मेगाफोन'मा बदलिएको भन्दै कैयौं प्रयोगकर्ता असन्तुष्ट छन्

कुनै समय सूचना आदानप्रदानका लागि आदर्श प्ल्याटफर्म मानिने सामाजिक सञ्जाल एक्स (पूर्वट्विटर)बाट गत साता अहिलेसम्मकै धेरै प्रयोगकर्ता एकैपटक बाहिरिए । एक्सको सबैभन्दा नयाँ प्रतिद्वन्द्वीको रूपमा उदाइरहेदो 'ब्लुस्काई'ले गत साता नै २४ घन्टाभित्रै १० लाख नयाँ प्रयोगकर्ता हासिल गर्दै १.६ करोड प्रयोगकर्ता पुऱ्याएको छ । नोभेम्बर ६ मा डोनाल्ड ट्रम्पको चुनावी जितयता लाखौं मानिसले एक्स छाडिसकेका छन् । यसका पछाडि मुख्यतया एक्सका मालिक तथा विश्वको सबैभन्दा धनी व्यक्ति एलोन मस्क जिम्मेवार छन् । मस्कको आगमनपछि उक्त सोसल नेटवर्क ट्रम्पको 'मेगाफोन'मा बदलिएकोमा कैयौं प्रयोगकर्ता असन्तुष्ट छन् ।

राष्ट्रपति पदमा निर्वाचित भएपछि ट्रम्पले मस्कलाई भविष्यमा बनाइने 'सरकारी दक्षता विभाग'को नेतृत्व दिने घोषणा गरेका छन् । अझ रोचक के भने मस्कले यस महत्त्वपूर्ण सरकारी मनोनयका लागि सिनेटबाट अनुमोदन हुनुपर्नेछैन । साथै उनले यस सरकारी पदमा रहँदा आफ्नो व्यावसायिक कार्यलाई पनि निरन्तरता दिन सक्छन् । उनले अहिले 'एक्स'का अतिरिक्त विद्युतीय कार कम्पनी 'टेस्ला' र रकेट बनाउने कम्पनी 'स्पेसएक्स'लगायत विभिन्न व्यवसाय चलाइरहेका छन् । अमेरिकाको इतिहासमा पहिलोपटक एकजना प्रविधि अर्बपति आफ्नो व्यवसायमार्फत अप्रत्यक्ष रूपमा नभई प्रत्यक्ष रूपमा लोकतन्त्रलाई आकार दिन गइरहेका छन् । 'मस्कसँग तुलना गर्न मिल्ने अर्को कुनै ऐतिहासिक उदाहरणबारे मलाई थाहा छैन,' प्रविधि विश्लेषण गर्ने कम्पनी एन्डरलेका अध्यक्ष रोब एन्डरले भने ।

मक्सले कुनै समय ट्विटर (एक्सको पूर्वनाम) राजनीतिक रूपमा तटस्थ हुनुपर्ने वकालत गर्थे । सन् २०२२ मा उनले एक ट्विट गर्दै लेखेका थिए, 'ट्विटरले आममानिसको विश्वास कमाउन यो माध्यम राजनीतिक रूपमा तटस्थ हुनुपर्छ । जसको अर्थ हो, यसले समान रूपमा दक्षिणपन्थ तथा वामपन्थीविरुद्ध उभिनुपर्छ ।' त्यही समयतिर उनले ट्रम्पको मनोनयनकै विरोध गर्दै लेखेका थिए । 'ट्रम्प राष्ट्रपति चुनिए भने उनी कार्यकालको अन्त्यमा ८२ वर्षका हुनेछन्, जुन संयुक्त राज्य अमेरिकाको त परको कुरा कुनै पनि क्षेत्रको प्रमुख कार्यकारी हुन धेरै बुढो उमेर हो ।'

महिनौंपछि जब मस्कले ४४ अर्ब डलरमा ट्विटर किने उनले त्यसका पोस्टको मोडरेट गर्ने कर्मचारी हटाए । 'एकाउन्ट भेरिफिकेसन (खाता प्रमाणीकरण)'का लागि शुल्क लगाए । ट्विटरको नाम बदलेर 'एक्स' बनाए । जनवरी २०२१ मा अमेरिकी संसद्मा उर्लिएको भिडलाई उक्साएको आरोपमा निलम्बित ट्रम्पको खाता पुनस्थापित गरिदिए । त्यसपछि एक्स उग्रदक्षिणपन्थी विचारक, घृणाजन्य पोस्ट गर्ने तथा गलत सूचना फैलाउनेहरूको क्रीडास्थल बन्यो, जसका कारण पुराना प्रयोगकर्तामाझ असन्तुष्टि बढ्यो । अमेरिकी राष्ट्रपतीय निर्वाचनको समयमा मक्सले यस प्ल्याटफर्मलाई ट्रम्पको प्रचारस्थल बनाएपछि खासगरी लिबरलहरू थप चिढिएका छन् ।



> सन् २०२१ पछि एक्स उग्रदक्षिणपन्थी विचारक, घृणाजन्य पोस्ट गर्ने तथा गलत सूचना फैलाउनेहरूको क्रीडास्थल बन्यो, जसका कारण पुराना प्रयोगकर्तामाझ असन्तुष्टि बढ्यो । अमेरिकी राष्ट्रपतीय निर्वाचनको समयमा मक्सले यस प्ल्याटफर्मलाई ट्रम्पको प्रचारस्थल बनाएपछि खासगरी लिबरलहरू थप चिढिएका छन् ।
>
> हालै 'गार्जियन' र 'अब्जर्भर'ले एक्समा पोस्ट नगर्ने घोषणा गरे । चर्चित अमेरिकी लेखक स्टिफन किङले पनि यो माध्यम 'धेरै विषाक्त' भएको भन्दै छाडेका छन् । अस्कर-विजेता हलिउड कलाकार बारब्रा स्ट्रेइस्यान्ड र जेमी ली कर्टिसले समेत एक्स खाता बन्द गरेका छन् ।

हालै 'गार्जियन' र 'अब्जर्भर'ले एक्समा पोस्ट नगर्ने घोषणा गरे । चर्चित अमेरिकी लेखक स्टिफन किङले पनि यो माध्यम 'धेरै विषाक्त' भएको भन्दै छाडेका छन् । अस्कर-विजेता हलिउड कलाकार बारब्रा स्ट्रेइस्यान्ड र जेमी ली कर्टिसले समेत एक्स खाता बन्द गरेका छन् ।

'एक्स अहिले खासमा 'ट्रुथ सोसल'को प्रिमियम संस्करणमा बदलिएको छ,' ट्रम्पको स्वामित्वमा रहेको ट्रुथ सोसलबारे चर्चा गर्दै 'सोसल मिडिया फर एकाडेमिक्स'का लेखक मार्क क्यारिगनले भने । प्रविधि क्षेत्रमा अहिले ट्रम्पको ट्रुथ सोसल एक्सभित्रै समाहित गर्ने चर्चासमेत छ । 'यदि एक्सको भविष्य के होला अहिले नै कसैले भन्न सक्दैन । यो खिइँदै गएर पतन हुन सक्छ वा ट्रम्प समर्थकको मात्र सामाजिक सञ्जालमा बदलिन पनि सक्छ अथवा अझ भोलिका दिनमा ट्रम्प र मस्कबिच बेमेल भएमा यो ट्रम्पविरोधी प्ल्याटफर्म बन्न पनि बेर लाग्नेछैन ।



त्यसो भएमा यो ट्रम्पका विचार विस्तार गर्ने सबैभन्दा सशक्त माध्यम हुनेछ । एक्स सामाजिक सञ्जालको भेषको एक राजनीतिक 'सुपर-एप' बन्नेछ । अनि रिपब्लिकन पार्टीको डिजिटल रणनीतिको केन्द्र बन्नेछ एक्स,' विभिन्न व्यवसायलाई डिजिटल रणनीतिमा सल्लाह दिने आइकोनिकसँग आबद्ध जेम्स किर्खामले भने ।

सन् २०१० को प्रारम्भिक दिन ट्विटरका लागि सबैभन्दा समय थियो । अभियन्ता, कलाकार, वकिल, शिक्षाविद्, नीति-निर्माता, पत्रकार र हरेक क्षेत्रका विशेषज्ञ यसमा जोडिएका थिए । विशेषज्ञहरूले आफ्ना जानकारी व्यक्त गर्ने, विचार आदानप्रदान गर्ने तथा दिन-प्रतिदिनका घटनाबारे जानकारी लिने उत्तम माध्यम थियो ट्विटर । केहीले मस्कको आगमनपछि यो सबै बिग्रिएको बताउँछन् । तर, उनको आगमनअघि नै टिकटक र त्यस्तै खालको एल्गोरिदमले निर्धारण गर्ने टाइमलाइनबाट ट्विटर प्रभावित भइसकेको थियो ।

सामाजिक सञ्जालले प्रयोगकर्ता अनुभवभन्दा आफ्नो मुनाफालाई उच्च महत्त्व दिन थालेपछि तिनले एल्गोरिदमले छान्ने 'उत्तम' सामग्रीलाई प्राथमिकता दिने उपाय अपनाए । अहिले उत्तम सामग्री तिनै हुन्छन्, जो चर्को हुन्छ वा जसले सहजै प्रयोगकर्ताहरूको ध्यान तान्न सक्छ । यस नयाँ एल्गोरिदम केन्द्रित सामाजिक सञ्जालको युगमा विशेषज्ञलाई पछ्याउने, समाचारमा अध्यावधिक हुने वा पछिका लागि सामग्री जोगाएर राख्ने ट्विटरजस्ता प्ल्याटफर्म पछि पर्न थाले ।

गत शुक्रबार 'ब्लुस्काई' सबैभन्दा डाउनलोड भएको एप एक्स छाडेकाहरूको छनोट बन्यो । तर, यस एपमा अहिले पनि जम्मा १.६ करोड प्रयोगकर्ता छन्, जुन मेटाको थ्रेडको मासिक २७.५ करोड र एक्सको ३१.७ करोड सक्रिय प्रयोगकर्ताको तुलनामा निकै थोरै हो । एक्सबाट प्रयोगकर्ताको बहिर्गमन शोकको विषय नभएको केही प्राविधिज्ञ बताउँछन् । बरु, यसले उनीहरूले पहिलेदेखि कल्पना गरेको विकेन्द्रीकृत सामाजिक सञ्जाल अर्थात् 'फेडिभर्स' युगको मार्ग कोर्न सक्ने तिनको आशा छ ।

'फेडिभर्स'को वकालत गर्ने तर्क गर्छन् कि प्रयोगकर्ताले एउटा सामाजिक सञ्जाल बनाएपछि पुग्ने हुनुपर्छ । यसका लागि उनीहरू जिमेल वा मोबाइल नेटवर्कलाई आदर्श मान्छन् । जिमेल खाता भएकाहरूले अन्य इमेल ठेगानामा सहजै मेल गर्न सक्छन् वा एउटा कम्पनीको मोबाइल नम्बर भएकाहरूले अर्को कम्पनीको मोबाइल नम्बरमा फोन गर्न सक्छन् । तर, हालसम्म समाजिक सञ्जाल कम्पनीले आफ्ना प्रयोगकर्तालाई तिनकै प्ल्याटफर्ममा रोकिराख्न अन्य माध्यमसँग अन्तर्क्रियाको बाटो नै खोलेका छैनन् । तर, नयाँ समाजिक सञ्जाल 'ब्लुस्काई'ले भने अन्य माध्यमसँग अन्तर्क्रिया गने 'इकोसिस्टम' निर्माण गरेको छ ।

एक्सको भविष्य के होला अहिले नै कसैले भन्न सक्दैन । यो खिइँदै गएर पतन हुन सक्छ वा ट्रम्प समर्थकको मात्र सामाजिक सञ्जालमा बदलिन पनि सक्छ वा अझ भोलिका दिनमा ट्रम्प र मस्कबिच बेमेल भएमा यो ट्रम्पविरोधी प्लेटफर्ममै बन्न पनि बेर लाग्नेछैन । केहीले यसलाई मस्कले उनको एआई कम्पनी एक्स-एआईको प्रशिक्षणस्थल बनाउन सक्ने अनुमान गरेका छन् । आखिर एक दिन एआईले अहिलेको सामाजिक सञ्जाललाई प्रायोजनहीन बनाइदिन सक्छ । संयोग के भने मस्कको एक्सएआईको बजार मूल्य अहिले ४० अर्ब डलर पुगेको छ, जुन मस्कले ट्विटरको खरिदको मूल्य नजिक हो ।

*(द गार्जियनका लागि **सियान बोइल**को लेख)*

विश्व संक्षेप

युक्रेनलाई रुसविरुद्ध लामो दूरीको क्षेप्यास्त्र प्रयोग गर्न बाइडेनको स्वीकृति

न्युयोर्क / अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनलाई रुसमा लामो दूरीका अमेरिकी क्षेप्यास्त्र (मिसाइलहरू) प्रयोग गर्न स्वीकृति दिएका छन् । उत्तर कोरियाले मस्कोको युद्ध प्रयासलाई सहयोग गरेको जवाफमा अमेरिकाले यस्तो स्वीकृति दिएको हो । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले लामो समयदेखि वासिंटनबाट शक्तिशाली मिसाइल प्रणाली प्रयोग गर्ने अधिकारका लागि आग्रह गर्दै आएका थिए । क्रेमलिनबाट भने यो समाचारबारे तत्काल कुनै प्रतिक्रिया आएको छैन । उत्तर कोरियाली सेनाको युद्धमा प्रवेश तथा आइतबारको ठुलो रुसी मिसाइल आक्रमणको सन्दर्भमा राष्ट्रपति बाइडेनले (रुसी राष्ट्रपति) पुटिनले बुझ्ने भाषामा प्रतिक्रिया दिएको विदेशमन्त्री रादोस्ला सिकोर्स्कीले सामाजिक सञ्जाल एक्समा उल्लेख गरेका छन् । आक्रमणको सिकार भएकोलाई रक्षा गर्ने अधिकार आफूहरूसँग भएको उनले बताए । युक्रेन युद्धमा आफूलाई तटस्थ पक्षको रूपमा प्रस्तुत गरेको चीनले शान्तिपूर्ण समाधानका लागि आग्रह गरेको छ ।

प्रदूषणका कारण नयाँदिल्लीका विद्यालय बन्द

नयाँदिल्ली / प्रदूषणका कारण भारतको राजधानी नयाँदिल्लीका विद्यालय बन्द गरिएका छन् । विषाक्त धुवाँका कारण सोमबारदेखि राजधानी नयाँदिल्लीका विद्यालयलाई अनलाइन कक्षामा रूपान्तरण गरिएको छ । विशाल महानगरको स्वास्थ्य संकट कम गर्ने पछिल्लो प्रयासमा फेरि अनलाइन कक्षा सञ्चालन गरिएको हो । आइतबार साँझ विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको दैनिक अधिकतम मात्राभन्दा ५७ गुणा बढी पिएम २.५ प्रदूषकहरू (फोक्सोमार्फत रक्त प्रवाहमा प्रवेश गर्ने खतरनाक क्यान्सर-कारक सूक्ष्म कण) रेकर्ड गरिएको थियो । सोमबार बिहान प्रदूषण तह चेतावनी सीमाभन्दा करिब ३९ गुणा माथि थिए भने सहर बाक्लो खैरो र धुवाँले ढाकिएको थियो । यो सहर प्रत्येक वर्ष धुवाँले ढाकिने गर्छ । विशेषगरी छिमेकी क्षेत्रहरूमा किसानले जोत्नका लागि आफ्नो खेतहरू सफा गर्न पराल जलाउँदा निस्किएको धुवाँले प्रदूषण बढाएको छ । हावाको गुणस्तर 'अझ बिग्रन सक्ने आशंकामा सहरका अधिकारीले विद्यालय जान प्रतिबन्ध लगाएका हुन् । अधिकारीहरूले बच्चाहरूलाई घरमै राखेर सवारी साधनको चाप उल्लेख्य रूपमा घटाउन सकिने आशा राखेका छन् । 'कक्षा १० र १२ बाहेक सबै विद्यार्थीका लागि भौतिक कक्षा बन्द गरिनेछ,' मुख्यमन्त्री आतिशीद्वारा आइतबार राति जारी विज्ञप्तिमा उल्लेख छ । प्राथमिक विद्यालयलाई बिहीबार व्यक्तिगत कक्षा बन्द गर्न आदेश दिइएको थियो ।

इतिहासमा आज

नोभेम्बर १९



सन् १९७७ : इजिप्टका राष्ट्रपति अनवर सदातले इजरायल भ्रमण गरे । सदात इजरायल भ्रमण गर्ने र इजरायली संसद् नेसेटलाई सम्बोधन गर्ने पहिलो अरब राष्ट्रप्रमुख हुन् । उनको भ्रमणको इजरायल र अरब जगत्मा आलोचना भएको थियो ।

- **सन् १७९४** : जयसन्धिमा हस्ताक्षर । आधिकारिक रूपमा ट्रिट्री अफ एमिटी कमर्स एन्ड नेभिगेसन भनिने यो सन्धि बेलायतका महामहिम र संयुक्त राज्य अमेरिकाबिच भएको थियो । सन्धिमा संयुक्त राज्य अमेरिका र बेलायतका प्रतिनिधिले हस्ताक्षर गरेका थिए ।
- **सन् १९४३** : जानोवास्का शिविर विद्रोह सुरु । कब्जा गरिएको पोल्यान्डमा सन् १९४१ मा कन्सन्ट्रेसन क्याम्प स्थापना गरिएको थियो । सन् १९४३ को नोभेम्बरमा सोभियत सेनाको प्रगतिको उत्साहमा नाजीहरूले शिविर खाली गर्ने प्रयास गरे । नाजीहरूले विगतमा मृत्युदण्ड र सामूहिक हत्याका निसाना हटाउन कैदीहरूलाई प्रयोग गरे । यस दिन कैदीले विद्रोह गरे र भाग्ने प्रयास गरे ।
- **सन् १९६९** : एपोलो १२ चन्द्रमामा अवतरण गर्ने दोस्रो अन्तरिक्षयान बन्यो । एपोलो १२ नासाको एपोलो कार्यक्रमको छैटौं मानवयुक्त उडान थियो । चालक दलका सदस्य चार्ल्स कोनराड जुनियर र एलन एल बिन चन्द्रमाको सतहमा पाइला राख्ने तेस्रा र चौथा मानव बने । पहिलो दुईजना निल आर्मस्ट्रङ र बज एल्ड्रिन थिए ।
- **सन् १९६९** : १९औं शताब्दीका महान् खेलाडी मानिने ब्राजिलियन फुटबलर पेलेले रियो दी जेनेरियोको माराकाना रंगशालामा भास्को दा गामाविरुद्ध गोल गरे । यो उनको फुटबल करिअरमा एक हजारौं व्यावसायिक गोल हो ।

Lumbini Province Government
Ministry of Forest and Environment
Soil and Watershed Management Office
Mulpani, Rolpa

Invitation for E- Bid

Date of Published : 19th November, 2024 (2081/08/04)

The **Soil and Watershed Management Office, Mulpani, Rolpa** invites electronic bids from Nepalese eligible bidders for the construction works given table below. Bidders may obtain further information at the office of **Soil and Watershed Management Office, Mulpani, Rolpa** mailing address: ***swmorolpa@gmail.com***, Telephone:***9857877108, 9868459978*** or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***

Contract No.	*Contract Name/Estimated Amount(NRs)*	*Last date and time of bids submission*	*bids opening date and time*	*bids Security (NRs)*	*bids document fee (NRs)*
SWMO-ROLPA/WORKS/NCB/01-081/82	**Construction of Gabion Revetment Works for Landslide Control of Rolpa Hospital, Rolpa-02, Reugha, Rolpa**	**20th Dec. 2024 (2081/09/05) 12:00 Hrs**	**20th Dec. 2024 (2081/09/05) 13:00 Hrs**	**1,80,000/-**	**3,000/-**
SWMO-ROLPA/WORKS/NCB/02-081/82	**Construction of Gabion Revetment Works for Dhad Pahiro Roktham Tatha Basti Sangrakshyan, Naubahini 06, Pyuthan**	**20th Dec. 2024 (2081/09/05) 12:00 Hrs**	**20th Dec. 2024 (2081/09/05) 13:00 Hrs**	**84,000/-**	**3,000/-**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०८/०४

यस कार्यालयको मिति २०८१/०५/१८ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/02/081-82, मिति २०८१/०५/२७ गतेको बोलपत्र आव्हानको सूचना नं: LIDPO/PKR/IFB/WORKS/04/081-82, मिति २०८१/०६/०६ गतेको बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/05/081-82 तथा मिति २०८१/०६/२१ गतेको बोलपत्र आव्हानको सूचना नं.: LIDPO/PKR/IFB/WORKS/07/081-82 अन्तर्गत तपसिलका ठेक्काहरुको लागि दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्येबाट तपसिलका बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र. स.	ठेक्का नं.	बोलपत्रदाताहरुको नाम र ठेगाना	कवोल रकम रु. (मू.अ.कर र पि. एस बाहेक)
१	LIDPO/PKR/W/NCB/25/081-82	M/S Amazon Developers, Pokhara-14	५६,२७,८५४.१६
२	LIDPO/PKR/W/NCB/26/081-82	M/S Amazon Developers, Pokhara-14	५६,२०,६९०.७
३	LIDPO/PKR/W/NCB/27/081-82	M/S Shubha Engineering and Builders Private Limited	१,१७,३०,७५८.५५
४	LIDPO/PKR/W/NCB/29/081-82	M/S Aandhikhola Engineering Consultancy & Construction Pvt. Ltd. Kaski Birauta	५८,६२,५७५.८
५	LIDPO/PKR/W/NCB/30/081-82	M/S Rose Design Consult Pvt Ltd, Chyamasingh, Bhaktapur	५७,०७,८९९.२
६	LIDPO/PKR/W/NCB/31/081-82	M/S Chirag Construction, Gorkha-8, Gokha	५८,७२,५११.५५
७	LIDPO/PKR/W/NCB/32/081-82	M/S Thutebazaar Construction, Sankhamul, Kathmandu	५२,३१,५१३.४०
८	LIDPO/PKR/W/NCB/33/081-82	M/S Suave Construction And Consultant., Kathmandu	६०,३५,६४९.२०
९	LIDPO/PKR/W/NCB/36/081-82	M/S Ethics Engineering Construction pvt.ltd. Phedikhola-2, Syangia	६०,१६,२५०.५
१०	LIDPO/PKR/W/NCB/37/081-82	M/S Bimal Constructions Aandhikhola-2, Syangia	१,१४,४३,५९७.००
११	LIDPO/PKR/W/NCB/38/081-82	M/S Bhusal enterprises, Virkot-1, Syangia	१,११,८९,२५३.००
१२	LIDPO/PKR/W/NCB/39/081-82	M/S Kambise Construction and Suppliers Pvt. Ltd., Baiteshwor, Dolakha	१,१३,२९,०७८.६०
१३	LIDPO/PKR/W/NCB/40/081-82	M/S Indreni Engineering, Rupa - 06, Kaski	१,०६,८६,३८२.००
१४	LIDPO/PKR/W/NCB/41/081-82	M/S Amazon Developers, Pokhara-14, Kaski	१,१७,०३,५५०.७०
१५	LIDPO/PKR/W/NCB/42/081-82	M/S Amazon Developers, Pokhara- 14, Kaski	६१,२६,३७०.२०
१६	LIDPO/PKR/W/NCB/43/081-82	M/S Amazon Developers, Pokhara- 14, Kaski	५२,६५,४३२.१०
१७	LIDPO/PKR/W/NCB/44/081-82	M/S Sabanam Construction, Lamjung	६७,३६,९३५.००
१८	LIDPO/PKR/W/NCB/45/081-82	M/S Tirumala Builders and Company Pvt. Ltd., Baiteshwor-05, Dolakha	५७,८२,२८०.९०
१९	LIDPO/PKR/W/NCB/46/081-82	M/S Ratna Devi Construction & Builders, Lamjung	५२,९१,५१५.९६
२०	LIDPO/PKR/W/NCB/59/081-82	Erica Developers Pvt. Ltd.	६९,४०,५५५.००
२१	LIDPO/PKR/W/NCB/76/081-82	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	७१,०६,००८.६२
२२	LIDPO/PKR/W/NCB/101/081-82	M/S Falewash Nirman Sewa Pvt. Ltd., Parbat	६६,२१,१४२.५०

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

(प्रकाशित मितिः २०८१/०८/०४)

सुनकोशी गाउँपालिकाको कार्यालय, पाङ्रेटार, सिन्धुपाल्चोकबाट मिति २०८१/०५/३१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपुर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरूको बोलपत्रको प्राविधिक प्रस्ताव परिक्षण गर्दा बोलपत्रमा माग भए बमोजिमको योग्यताको आधारमा योग्य भई सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २८ उपदफा (५) तथा सोहि ऐनको दफा ४७ बमोजिम तपसिल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८१/०८/११ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिने हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि. नं.	ठेक्का नं.	बोलपत्रको शीर्षक	बोलपत्रदाताको नाम र ठेगाना
1	SRM/WORKS/ROAD / NCB/81/82-03	Upgrading Works of Lapse Khola Kapsal Road, Sunkoshi RM-07	श्री S.R.B Builders Pvt. Ltd. Chautara-05, Sindhupalchok

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ४ मंसिर ०८१

वाइडबडी मर्मत ढिलाइले नेवानिले गुमायो डेढ अर्ब

नवीन अर्याल/नयाँ पत्रिका

१२ भदौमा सि-चेकका लागि इटाली पठाएको नेपाल वायुसेवा निगमको वाइडबडी विमान '९एन-एलजेड' सोमबार काठमाडौं फर्किएको छ। यदि इटालियन मर्मत कम्पनी एटिटेक एसपिएले सम्झौताबमोजिम काम गरेको भए जहाज ११ असोजमै नियमित उडानमा फर्किसकेको हुन्थ्यो।

९ असारमा सि-चेककै लागि इटाली पठाइएको अर्को वाइडबडी विमान '९एन-एएलवाई' मर्मतमा पनि ढिलासुस्ती गर्दा ८२ दिनपछि २५ भदौमा बल्ल नेपाल फर्किएको थियो। इटालीको नेपोल्समा वाइडबडी अलपत्र हुँदा नेपालमा चाडपर्व र पर्यटनको व्यस्त सिजन सुरु हुँदै थियो। दुवै वाइडबडी नेपाल फर्किँदा पर्यटकीय सिजन पनि सकिने आँटेको छ।

निगम नेतृत्वले एटिटेकसँग ३० दिनमा वाइडबडी विमान सि-चेक गर्ने सम्झौता गरेको थियो। तर, पहिलो वाइडबडी ८२ दिन र दोस्रो वाइडबडी ८३ दिनमा मर्मत भएर नियमित उडानमा फर्किए। एमआरओ कम्पनीको चरम लापरबाहीका कारण दुईवटा वाइडबडी अतिरिक्त १०५ दिन (मर्मतका ६० दिनबाहेक) इटालीको नेपोल्समा थन्किए। यो अवधिमा निगमले करिब एक अर्ब ५८ करोड आम्दानी गुमाएको निगम स्रोतले बतायो।

'चाडपर्व र पर्यटकीय सिजनमा वायुयानलाई यात्रु बोक्न भ्याई-नभ्याई हुन्छ, भाडा पनि दुई-तीन गुणासम्म महँगिएको हुन्छ,' निगम स्रोतले भन्यो, 'सिजनमा एउटा वाइडबडी ग्राउन्डेड हुँदा औसतमा करिब डेढ अर्ब आम्दानी गुम्छ, यो हिसाबले एक सय पाँच दिन ग्राउन्डेड हुँदा निगमको डेढ अर्बभन्दा बढी आम्दानी गुमेको छ।'

> सम्झौताबमोजिम ३० दिनमा गर्नुपर्ने सि-चेक गर्न ८३ दिन लगाइयो, नेवानिका उडान अस्तव्यस्त

> समयमा उडान नहुँदा यात्रुको रि-रुटिङ, होटेल खर्च, क्रु मेम्बरको भत्तालगायतमा ३८ प्रतिशत अतिरिक्त खर्च

निगमले वाइडबडी जहाजबाट दिल्ली, जापानको नारिता, दोहालगायत गन्तव्यमा उडान गर्दै आएको थियो। यसबिचमा दुईवटै वाइडबडी ग्राउन्डेड हुँदा नारिता उडान बन्द नै भयो। दिल्लीमा पनि दैनिक एउटा उडान कटौती भएको थियो। नारिता निगमको सर्वाधिक कमाइ गर्ने गन्तव्य हो।

जहाज समयमै मर्मत भएर उडानमा नफर्किँदा निगमले अतिरिक्त खर्च व्यहोर्नुपर्ने हुन्छ। पहिल्यै टिकट बुकिङ गरिसकेका यात्रुहरूको रि-रुटिङ, होटेलमा राखेको खर्च, क्रु मेम्बरको भत्तालगायतमा ३८ प्रतिशत अतिरिक्त खर्च हुने निगम स्रोतको भनाइ छ। उदाहरणका लागि, वाइडबडीको एउटा उडानमा खचाखच यात्रुले डेढ करोडको टिकट काटेका थिए, तर त्यो उडान भएन। अब ती यात्रुलाई निगमले आफ्नै खर्चमा पाँचतारे होटेलमा राख्नुका साथै अर्को फ्लाइटको व्यवस्था गरी गन्तव्यमा पुऱ्याउनुपर्छ।

निगमकै न्यारोबडी जहाजको इन्जिन मर्मतमा पनि पटक-पटक ढिलाइ गर्दा अर्बौं रुपैयाँ नोक्सानी भइरहेको छ। निगमको इन्जिन महिनौंसम्म मर्मत नहुँदा महँगो भाडाको इन्जिनबाट न्यारोबडी उडाउनुपरेको स्रोत बताउँछ।

निगमले सोमबार विज्ञप्ति जारी गर्दै वाइडबडी जहाज ९एन-एएलजेड नियमित सि-चेकको मर्मतपश्चात् इटालीबाट फर्किएको जनाएको छ। विज्ञप्तिमा भनिएको छ, 'युरोपियन एभिएसन सेफ्टी एजेन्सी (इसा) र फेडरल एभिएसन एडमिनिस्ट्रेसन (फा)बाट मान्यताप्राप्त इटालीको मेन्टेनेन्स एन्ड ओभरहल अर्गनाइजेसन-एमआरओ कम्पनी एटिटेकले सि-चेक सम्पन्न गरेर सर्टिफिकेट अफ रिलिज टु सर्भिस (सिआरएस) प्रदान गरेको छ, उक्त जहाज सोमबार बिहान ८:५२ बजे त्रिभुवन विमानस्थलमा अवतरण गरेको छ।'

युरोपेली युनियन (इयू)ले नेपाललाई सेफ्टी लिस्टमा राखेको अवस्थामा पनि निगमका दुईवटै वाइडबडी जहाज युरोपको इटालीस्थित नेपल्समा मर्मत-सम्भार सम्पन्न भएको निगमले जनाएको छ। अब निगमका चारवटै जहाजले अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान गर्ने बताएको छ।

निर्जीवन बिमाको नाफा ८६%ले घट्यो, जीवन बिमाको १९%ले बढ्यो

बाढीपहिरोको असर निर्जीवन बिमा कम्पनीमा, ठुलो मात्रामा आकस्मिक दाबी बढ्दा नाफा प्रभावित

मिलन विश्वकर्मा/नयाँ पत्रिका

असोजमा आएको बाढीले निर्जीवन बिमा कम्पनीहरूमा आकस्मिक दाबी बढेपछि चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो त्रैमासमा खुद नाफा ८६.३० प्रतिशतले घटेको छ। कम्पनीहरूले हालै सार्वजनिक गरेको चालू आवको पहिलो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो। सञ्चालनमा रहेका १४ निर्जीवन बिमा कम्पनीमध्ये चारवटा घाटामा गएका छन्, चारवटाको नाफा घटेको छ भने ६ कम्पनीले नाफा बढाएका छन्। गत आवको पहिलो त्रैमासमा निर्जीवन बिमा कम्पनीहरूको नाफा एक अर्ब २१ करोड ६० लाख रुपैयाँ थियो। चालू आवको पहिलो त्रैमासमा एक अर्ब चार करोड ९५ लाख रुपैयाँले घटेर १६ करोड ६५ लाख रुपैयाँ सीमित भएको छ।

बाढीका कारण २८ कात्तिकसम्म ११ अर्ब ८२ करोड ६ लाख रुपैयाँबराबरको दाबी परेको छ। त्यसमा कम्पनीहरूले ६१ करोड ७ लाख रुपैयाँ अग्रिम दाबी भुक्तानी दिएका छन्। सर्भेलगायतका प्रक्रिया सकेर पूरा दाबी भुक्तानी गर्न समय लाग्नेछ। बाढीले ठुलो मात्रामा दाबी पर्ने भएपछि कम्पनीहरूले असोज मसान्तसम्मको वित्तीय विवरणमा सम्भावित जोखिमबापत राख्नुपर्ने प्रोभिजनिङ बढाएका छन्। त्यसले कम्पनीहरूको नाफा घट्न गएको हो।

नेपाल बिमक संघका अध्यक्षसमेत रहेका सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले पछिल्लो समयमा बाढीपहिरोकै कारण कम्पनीहरूको नाफा प्रभावित भएको बताए। 'यो नियमित दाबी नभएर आकस्मिक रूपमा आएको दाबी हो, जुन आफैंमा ठुलो छ। दाबी नदिए पनि यसका लागि प्रोभिजनिङ रकम बढाउनुपरेको छ। केही कम्पनीहरू घाटामा गएका छन्। साथै, केही कम्पनीको नाफा घटेको पनि देखिन्छ,' उनले भने, 'पछिल्लो परिस्थितिकै कारण यस्तो अवस्था आएको हो।'

यस अवधिमा चार कम्पनी घाटामा गएको देखिएको छ। पहिलो त्रैमासमा दी ओरियन्टल इन्स्योरेन्स सबैभन्दा धेरै २४ करोड ५१ लाख रुपैयाँले घाटामा गएको छ। गत आवको यस अवधिमा उक्त कम्पनी एक करोड ४९ लाख रुपैयाँले नाफामा थियो। यसैगरी, नेसनल इन्स्योरेन्स १८ करोड तीन लाख रुपैयाँले घाटामा गएको छ। गत आवको यसै अवधिमा उक्त कम्पनी २१ करोड ६० लाख रुपैयाँले नाफामा थियो। यसैगरी, सगरमाथा लुम्बिनी इन्स्योरेन्स आठ करोड ९५ लाख रुपैयाँ र युनाइटेड अजोड इन्स्योरेन्स एक करोड ८१ लाख रुपैयाँले घाटामा छन्। गत आवको यस अवधिमा सगरमाथा लुम्बिनी आठ करोड १५ लाख रुपैयाँ र युनाइटेड अजोड तीन करोड ८६ लाख रुपैयाँले नाफामा थिए।

■ जीवन बिमा कम्पनीको नाफा-नोक्सान

नाफा (रु. हजारमा)

कम्पनी	असोजसम्म ०८१/८२	असोजसम्म ०८०/८१
हिमालयन लाइफ	२५३७५५	२४१३९७
नेपाल लाइफ	२०५४०५	१५७९३०
रिलायबल नेपाल	१९९३८८	११९४०३
सन नेपाल	१६६१४१	१६५३२७
आइएमई लाइफ	१४५०१३	१३०३८७
नेसनल लाइफ	१३८३८५	१३०२५८
एसियन लाइफ	१३२९७२	९३५९६
सानिमा रिलायन्स	१३२९४४	११०८५०
सिटिजन लाइफ	१३०९२९	७१४८५
प्रभु महालक्ष्मी	१२६२३७	१००३९६
सूर्यज्योति लाइफ	११५३३४	११२५०५
मेट लाइफ	९६५१९	९२५४८
एलआइसी नेपाल	७८८३२	५८१९९
राष्ट्रिय जीवन बिमा	२२६७	३७८१८

■ निर्जीवन बिमा कम्पनीको नाफा-नोक्सान

नाफा (रु. हजारमा)

कम्पनी	असोजसम्म ०८१/८२	असोजसम्म ०८०/८१
राष्ट्रिय बिमा कम्पनी	१५६,५७५	१३७,६६५
शिखर इन्स्योरेन्स	११५,२३५	११२,४१४
नेको इन्स्योरेन्स	७०,४६८	८८,०४३
हिमालयन एभरेस्ट	६६,१८०	५३,४९०
सिद्धार्थ प्रिमियर	६४,००३	१४०,०६१
आईजिआई प्रुडेन्सियल	६१,०६५	५१,१०२
प्रभु इन्स्योरेन्स	५६,०१४	५०,६७२
सानिमा जिआइसी	५०,८७०	३३,७७९
एलएलजी इन्स्योरेन्स	४८,९०५	५१,४६०
नेपाल इन्स्योरेन्स	१०,४१०	१४६,१७६
युनाइटेड अजोड	-१८,१४५	३८,६९९
सालिको इन्स्योरेन्स	-८९,५०९	८१,५०८
नेसनल इन्स्योरेन्स	-१८०,३८५	२१६,०५४
द ओरियन्टल इन्स्योरेन्स	-२४५,१६०	१४,९०८

■ चार निर्जीवनको नाफा घट्यो

समीक्षा अवधिमा चार निर्जीवन बिमा कम्पनीको नाफा घटेको छ। नेपाल इन्स्योरेन्सको नाफा ९३ प्रतिशतले घटेको छ। गत आवको पहिलो त्रैमासमा १६ करोड ६१ लाख रहेको नेपाल इन्स्योरेन्सको नाफा यसपालि एक करोड चार लाखमा सीमित भएको छ।

सिद्धार्थ प्रिमियरको नाफा पनि ५४ प्रतिशतले घटेर ६ करोड ४० लाख रुपैयाँमा सीमित भएको छ। गत आवको समीक्षा अवधिमा उक्त कम्पनीले १४ करोड रुपैयाँ नाफा कमाएको थियो। नेको इन्स्योरेन्सको नाफा पनि २० प्रतिशतले घटेर सात करोड चार लाख रुपैयाँमा सीमित भएको छ। गत आवको यसै अवधिमा उक्त कम्पनीले आठ करोड ८० लाख रुपैयाँ नाफा कमाएको थियो। यसैगरी, एनएलजी इन्स्योरेन्सको नाफा ५ प्रतिशतले घटेको छ। चालू आवको पहिलो त्रैमासमा भने चार करोड ८९ लाख रुपैयाँ नाफा कमाएको छ।

■ ६ निर्जीवन बिमा कम्पनीले बढाए नाफा

समीक्षा अवधिमा ६ निर्जीवन बिमा कम्पनीको नाफा भने बढेको छ। सानिमा जिआइसीको खुद नाफा ५१ प्रतिशतले बढेर पाँच करोड आठ लाख रुपैयाँ पुगेको छ। हिमालयन एभरेस्टको २४ प्रतिशतले बढेर ६ करोड ६१ लाख रुपैयाँ, आइजिआई प्रुडेन्सियलको १९ प्रतिशतले बढेर ६ करोड १० लाख, राष्ट्रिय बिमा कम्पनीको १४ प्रतिशतले बढेर १५ करोड ६५ लाख, प्रभु इन्स्योरेन्सको ११ प्रतिशतले बढेर पाँच करोड ६० लाख र शिखरको ३ प्रतिशतले ११ करोड ५२ लाख रुपैयाँ नाफा पुगेको छ।

■ जीवन बिमाको नाफा झन्डै दुई अर्ब

समीक्षा अवधिमा निर्जीवन बिमा कम्पनीहरूको नाफा प्रभावित हुँदा जीवन बिमा कम्पनीहरूको नाफा भने १९ प्रतिशतले बढेको छ। चालू आवको पहिलो त्रैमासमा १४ जीवन बिमा कम्पनीले एक अर्ब ९२ करोड ४१ लाख रुपैयाँ नाफा कमाएका छन्, जुन गत आवको सोही अवधिको भन्दा ३० करोड २० लाख रुपैयाँ बढी हो।

यो बिमांकीय मूल्यांकनअघिको नाफा हो। आर्थिक वर्ष सकिएपछि गरिने बिमांकीय मूल्यांकनका क्रममा बिमांकीले बिमा कोषमा भएको १० प्रतिशतसम्म रकम नाफा-नोक्सान खातामा सार्न सक्नेछन्। त्यसअनुसार जीवन बिमा कम्पनीको नाफा थप बढ्न सक्नेछ।

समीक्षा अवधिमा राष्ट्रिय जीवन बिमा कम्पनीको नाफा ९४ प्रतिशतले घटेको छ। गत आवको समीक्षा अवधिमा तीन करोड ७८ लाख रुपैयाँ रहेको उक्त कम्पनीको नाफा अहिले २२ लाख रुपैयाँमा सीमित भएको छ। यीबाहेक १३ जीवन बिमा कम्पनीको नाफा बढेको छ। बाढीले दुई सय ५० जनाको मृत्यु भए पनि जीवन बिमा कम्पनीको नाफाको ठुलो असर पुगेको छैन। बाढीका कारण मृत्यु भएकामध्येबाट जीवन बिमामा कति दाबी पऱ्यो भनेर कुनै तथ्यांक तयार गरिएको छैन।

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले व्यवसायमा आएको वृद्धिले नाफा बढेको बताए। 'व्यवसाय विस्तार, लगानीको विविधीकरण, बढ्दो लगानीको प्रतिफललगायतका कारण जीवन बिमा कम्पनीको नाफामा वृद्धि देखिएको छ,' उनले भने, 'यद्यपि, बिमा कम्पनीहरूका लागि निक्षेपमा विशेष ब्याजदर तोक्नुपर्छ।' निक्षेपको ब्याज नै बिमा कम्पनीको मुख्य आम्दानी हुने र त्यसले नै बिमितले पाउने बोनस निर्धारण हुने उनले बताए।

■ लघुबिमाको नाफा घट्यो

समीक्षा अवधिमा सात लघुबिमाको कुल नाफा पनि ७३.३२ प्रतिशतले घटेको छ। गत आवको पहिलो त्रैमासमा सात लघुबिमा कम्पनीले ६७ लाख २६ हजार रुपैयाँ नाफा कमाएका थिए। चालू आवको पहिलो त्रैमासमा त्यो १७ लाख ९४ हजार रुपैयाँमा सीमित भएको छ। गत आवदेखि सञ्चालनमा आएका लघुबिमा कम्पनीहरूको व्यवसायमा अस्थिरता आइरहेको छ।

त्यसमा ट्रस्ट माइक्रो इन्स्योरेन्स ७९ लाख ५३ हजार रुपैयाँले घाटामा गएको छ। गत आवको समीक्षा अवधिमा यो कम्पनी सञ्चालनमा आइसकेको थिएन। यस्तै, समीक्षा अवधिमा स्टार माइक्रो इन्स्योरेन्सले १४ लाख ४५ रुपैयाँ, नेपाल माइक्रो इन्स्योरेन्सले चार लाख १० हजार रुपैयाँ र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले तीन लाख ८१ हजार खुद नाफा कमाएको छ।

यस्तै, लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सले १० लाख ५८ हजार रुपैयाँ, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सले ११ लाख ५३ हजार रुपैयाँ र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सले ५३ लाख रुपैयाँ नाफा कमाएका छन्।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

बिद्युतीय बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४ गते)

चालू आ.ब. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामाग्रि विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं	बोलपत्र नं.	विवरण	फाराम दस्तुर रु.	बोलपत्र जमानत रकम रु.	कैफियत
1.	NTrC/G/NCB/ 10-081/82	Supply, Delivery and Installation of High-End Color Doppler Ultrasound Machine	3,000/-	1,77,000/-	Single Stage: Two Envelope
2.	NTrC/G/NCB/ 11-081/82	Supply and Delivery of Clothes Items	3,000/-	1,50,000/-	

विस्तृत जानकारीको लागि : Visit Website : www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०४)

बौदीकाली गाउँपालिकाबाट मिति २०८१।०६।२२ गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रहरुसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र. सं.	ठेक्का नं.	कामको विवरण	छनोटका लागि सिफारिस भएको बोलपत्रदाता	कवोल रकम (मु.अ.कर बाहेक)	कैफियत
1	BRM/NCB/ WORKS-01/2081/82	Bahakhola Khanepani Yojana	Hertz Engineering Pvt. Ltd. Kathmandu	40,48,967.50	
2	BRM/NCB/ WORKS-01/2081/82	Upgrading of Baudikali Ringroad (Chapabhanjyang to Raika upto Sawari bridge)	Jeevit Construction and Suppliers Pvt. Ltd. Tokha-8, Kathmandu	1,20,14,872.02	

प्रमुख प्रशासकीय अधिकृत

महासंघमा साना तथा मझौला उद्यम विकास केन्द्र स्थापना

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघमा लघु घरेलु तथा साना मझौला उद्यम विकास केन्द्र स्थापना भएको छ। सोमबार राष्ट्रिय योजना आयोगका सचिव मधु मरासिनी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण राउत र महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले केन्द्रको संयुक्त रूपमा उद्घाटन गरे।

केन्द्रले व्यवसाय सञ्चालनका लागि आवश्यक सीप, प्रविधि र तालिम प्रदान गर्ने बताइएको छ। उद्यमीहरूलाई सशक्त बनाउनका लागि बजार व्यवस्थापन, वित्तीय व्यवस्थापन र व्यवसाय रणनीतिसम्बन्धी सहायता पनि उपलब्ध गराउने बताइएको छ। यस्तै, केन्द्रले उत्पादन क्षमता बढाउन र गुणस्तर सुधार गर्न प्राविधिक सल्लाह तथा उपकरणसमेत उपलब्ध गराउनेछ। उत्पादित सामानलाई स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन, व्यापार मेलाहरू, प्रदर्शनीहरू र अन्य व्यापार प्रवर्द्धन कार्यक्रममा सहभागी गराई बजार विस्तार गर्न पनि सहजीकरण गर्ने बताइएको छ।

केन्द्रले व्यवसाय सञ्चालन, व्यवस्थापन, उत्पादन र विपत् व्यवस्थापनका लागि सल्लाहकारहरूको परामर्श सेवा पनि उपलब्ध गराउनेछ। यसले व्यवसायसम्बन्धी समस्याहरू समाधान गर्न र कानुनी सल्लाह प्रदान गर्न मार्गदर्शन गर्नेछ। केन्द्रले उद्यमीहरूलाई व्यवसाय दर्ता, लाइसेन्स प्राप्ति, करसम्बन्धी जानकारी र सरकारी नियमहरूको पालना गर्न सहयोग गर्नेछ।

स्तरोन्नतिपछि आइपर्ने चुनौती सामना गर्न नवप्रवर्तन आवश्यक

नेपाल अतिकम विकसित देशबाट स्तरोन्नति हुँदा आइपर्ने चुनौती सामना गर्न साना उद्यम एवं स्टार्टअपमा नवप्रवर्तन आवश्यक रहेको सरोकारवालाले जोड दिएका छन्। उद्योग वाणिज्य महासंघले सोमबार आयोजना गरेको एफएनसिसिआई इनोभेसन डायलगमा बोल्दै उनीहरूले स्तरोन्नति हुँदा नेपालले अन्तर्राष्ट्रियस्तरमा पाइरहेको सुविधा कटौती हुने भएकाले प्रतिस्पर्धी बन्न नयाँ र तुलनात्मक लाभका क्षेत्र पहिचान गर्नुपर्ने बताएका हुन्।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले पुराना कानुन परिमार्जन गरी व्यवसायमैत्री बनाउने प्रयास भइरहेको बताए। बौद्धिक सम्पत्तिसम्बन्धी कानुन परिमार्जन गरिरहेको उदाहरण प्रस्तुत गर्दै उनले नवप्रवर्तनमा सहयोग पुग्ने गरी नीतिगत सुधार गरिने पनि जानकारी गराए। राष्ट्रिय योजना आयोगका सचिव मधुकुमार मरासिनीले नेपालले अतिकम विकसित देशबाट स्तरोन्नति हुने हुँदा पछि तल झर्नुनपर्ने गरी तयारी गर्नुपर्नेमा जोड दिए। उनले भने, 'चुनौती सामना गर्न निजी क्षेत्रले पनि पहल गर्नुपर्छ, यहाँ निजी क्षेत्रको विकल्प छैन।'

कार्यक्रममा महासंघ अध्यक्ष ढकालले साना, मझौला र लघु उद्यममा पर्ने प्रभाव कम गर्न सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने बताए।

कर प्रणाली लगानीमैत्री बनाउन चेम्बरको माग

काठमाडौं/ आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले कर प्रणालीलाई लगानीमैत्री बनाउन सरकारले काम गरिरहेको बताएका छन्। नेपाल चेम्बर अफ कमर्सले सोमबार आयोजना गरेको राजस्व नीति र कर प्रणालीबारे अन्तर्क्रियामा बोल्दै उनले देशमा लगानीको वातावरण छैन भन्ने भाष्यलाई चिर्नुपर्ने बताए।

'लक्ष्यअनुसारको उपलब्धि हासिल गर्न नसकिए पनि अर्थतन्त्र अहिले ठीक ठाउँमा छ, राजस्व प्रणाली र सरकारको खर्च प्रणालीमा सुधार हुँदै आएको छ,' महानिर्देशक आचार्यले भने, 'देशमा आर्थिक उपलब्धिका लागि सरकार र निजी क्षेत्रले आपसी सहकार्य गर्नुको विकल्प छैन।' उनले नक्कली भ्याट बिल-बिजकको समस्या समाधान गर्ने प्रयास भइरहेको बताए।

चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपालको कर प्रणालीलाई लगानीसँग जोड्नुपर्नेमा जोड दिएका थिए। 'कर प्रशासन र कर नीति सहज र सरल भयो भने लगानीमैत्री वातावरण बन्छ, लगानी वृद्धि भएर निजी क्षेत्रले नाफा कमाए मात्रै कर वृद्धि गर्न सकिन्छ,' उनले भने, 'देशमा पुँजी निर्माण भएर रोजगारी सिर्जना र उत्पादन वृद्धि हुने गरी सरल र सहज नीति बनाउनुपर्छ।' अर्थतन्त्रमा झन्डै ८१ प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रलाई सहजीकरण र स्थिर नीतिगत व्यवस्था गरे दिगो अर्थतन्त्रको विकास र राजस्व संकलनको लक्ष्य पूरा गर्न समस्या नहुने उनको भनाइ थियो। अध्यक्ष अग्रवालले भन्सारमा कारोबार मूल्यलाई मान्यता दिएर सन्दर्भ मूल्यलाई खारेज गर्नुपर्नेमा जोड दिए।

मुग्लिन-पोखरा सडकखण्ड स्तरोन्नति गर्न दैनिक साढे चार घण्टा बन्द

कास्कीमा **रोहितराज पराजुली**

स्तरोन्नतिको काम भइरहेको पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडक खण्डमा सोमबार रातिदेखि दैनिक चार घण्टा ३० मिनेट बाटो बन्द गरिने भएको छ। आँबुखैरेनीदेखि पोखरासम्मको करिब ८१ किलोमिटर सडकलाई दुई प्याकेजमा विभाजन गरेर पूर्वी र पश्चिम खण्ड नाम दिएर स्तरोन्नतिको काम भइरहेको छ। पूर्वी खण्डमा आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.४५ किलोमिटर र पश्चिम खण्डमा जामुनेदेखि पोखरासम्मको ३८.८८ किलोमिटरको क्षेत्रलाई तोकिएको छ।

दुई खण्डमध्ये पूर्वी खण्डमा पर्ने तनहुँको व्यास नगरपालिका- १२ स्थित छिर्कनेदेखि देउरालीसम्मको सडक दैनिक चार घण्टा ३० मिनेट बन्द हुने भएको हो। पूर्वी खण्डका इन्जिनियरसमेत रहेका सूचना अधिकारी विष्णुप्रसाद पाण्डेका अनुसार प्रत्येक दिन राति ११ बजेदेखि बिहान १ बजेसम्म सडक बन्द हुनेछ। राति १ बजेदेखि १:३० बजेसम्म सवारी आवागमन खुला गर्ने र त्यसपछि पुनः बिहान १:३० बजेबाट ४ बजेसम्म सडक बन्द गरी निर्माणकार्य थालिने उनले जानकारी दिए। कामलाई तीव्रता दिनका लागि सडक बन्द गर्नुपरेको उनले जानकारी दिए। यस खण्डमा ६८ प्रतिशत काम सम्पन्न भएको छ।

■ दोस्रो चरणको कालोपत्र गर्न सुरु

पूर्वी खण्डमा पर्ने ४१.४५ किलोमिटर सडकमध्ये हालसम्म २९ किलोमिटर चार लेन र पाँच किलोमिटर दुई लेन गरी कुल ६३ किमि कालोपत्र गरिएको छ। कालोपत्र नगरिएका स्थानहरूमा समेत कालोपत्र गर्नका लागि काम सुरु गरिएको पाण्डेले बताए। पहिलो चरणको कालोपत्र गरिएको सडकमा दोस्रो चरणको कालोपत्र गर्न सुरु गरिएको हो। उनका अनुसार पहिलो चरणमा ६ सेन्टिमिटर बाक्लो कालोपत्र गरिएकोमा अब दोस्रो चरणमा चार सेन्टिमिटर कालोपत्र गरिने भएको हो। सडकको कालोपत्रको मोटाइ १० सेन्टिमिटर हुनुपर्ने पाण्डेले जानकारी दिए। तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित मार्कीचोकबाट दोस्रो चरणको कालोपत्र गर्ने काम सुरु भएको हो।

यसैगरी, यस खण्डमा निर्माण गर्नुपर्ने १४ वटा साना पुल र एक सय तीन कल्भटको निर्माण कार्य सकिँदा दुई ठूला पुल निर्माणका क्रममा रहेका छन्।

पूर्वी खण्डको निर्माणको जिम्मा २ वैशाख ०८१ सम्म सक्ने गरी चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीले पाएको थियो। ६ अर्ब २१ करोड ३१ लाख १३ हजार चार सय ७७ रुपैयाँ ४३ पैसामा निर्माण गर्ने गरी कम्पनीले १४ माघ ०७७ मा ठेक्का सम्झौता गरेको थियो।

घोराहीको ढलाइ मिक्स पिपिसी सिमेन्ट बजारमा

काठमाडौं/ घोराही सिमेन्ट इन्डस्ट्रीले नवीनतम उत्पादन 'ढलाइ मिक्स पिपिसी सिमेन्ट' बजारमा ल्याएको छ। कम्पनीले यसप्रकारको सिमेन्ट नेपाली बजारमा पहिलोपटक भएकाले नेपाली निर्माण सामग्री उद्योगमा नवप्रवर्तनको ढोका खोल्ने अपेक्षा गरेको छ। उच्च प्रविधिबाट उत्पादित सिमेन्टले व्यक्तिगत घर निर्माणकर्तालाई लक्षित गरेको छ। यस उत्पादनको प्रमुख विशेषता प्रारम्भिक मजबुती, उच्च टिकाउपन र छिटो सेट हुने रहेको कम्पनीले जनाएको छ। जसले घरका बिम, स्ल्याब, जग र पिल्लरको निर्माणलाई सुरक्षित, गुणस्तरीय र भरपर्दो बनाउँछ। यस सिमेन्टले व्यक्तिगत घर निर्माणकर्तामा निर्माणमा उच्च गुणस्तरीय संरचनात्मक मजबुती र लगानीको अधिकतम प्रतिफल प्राप्त गर्ने विश्वास दिलाउँछ। कम्पनीले व्यक्तिगत घर निर्माणकर्तालाई ओपिसी सिमेन्टको मजबुती र १० प्रतिशत कम मूल्यमा उपलब्ध गराउने लक्ष्य लिएको जनाएको छ। यो उत्पादन घोराही सिमेन्ट इन्डस्ट्रीको वितरण



सञ्जालमा सहजै उपलब्ध हुनेछ, जसले ग्राहकलाई सहज पहुँच सुनिश्चित गर्छ। ढलाइ मिक्स सिमेन्टको आगमनसँगै, घोराही सिमेन्ट इन्डस्ट्रीले नेपालको दिगो र नवप्रवर्तनशील निर्माण अभ्यासलाई अझ सशक्त समर्थन प्रदान गर्ने आफ्नो लक्ष्यलाई निरन्तरता दिएको छ। साथै, कम्पनीले आफ्ना ग्राहक र राष्ट्रका लागि प्राविधिक तथा व्यावसायिक सेवामा उत्कृष्टता प्रदान गर्दै निर्माण उद्योगमा उचित अभ्यासहरू स्थापना गर्नमा अनुसन्धान साझेदारको भूमिका निभाउने प्रतिबद्धता व्यक्त गर्छ।

बिवाइडीको ड्राइभ टु डिस्कभर कार्यक्रम

काठमाडौं/ बिवाइडीको आधिकारिक वितरक साइमेक्स इन्कले नयाँ बिवाइडी एट्टो३ २०२४ भर्सनका लागि मिडिया टेस्ट ड्राइभ कार्यक्रम आयोजना गरेको छ। 'बिवाइडी ड्राइभ टु डिस्कभर' नाम दिइएको यो कार्यक्रमले मिडिया प्रतिनिधिलाई नेपालका विभिन्न भूभागमा ड्राइभ गर्दै नेपालको पहिलो स्पोर्टी इलेक्ट्रिक एसयुवीको विशेष क्षमता अनुभव गराएको छ। बिवाइडी ड्राइभ टु डिस्कभरको रुट, गाडीको बहुउपयोगी क्षमताहरू देखाउन डिजाइन गरिएको थियो, जसमा सहरका सडक, उकालो र अफरोड बाटाहरू समावेश थिए। यात्रा बिवाइडी सोरुमबाट सुरु भएर भाटभटेनी, गैरीधारा, उत्तरढोका, लाजिम्पाट, महाराजगन्ज, हात्तीगौंडा, टोखा रोड र शिवपुरी हाइवे हुँदै सुन्दर शिवपुरी संरक्षण क्षेत्रबाट शिवपुरी भिलेज रिसोर्टसम्म पुगेको थियो। सहरको बाटो, उकालो र दुर्गम भूभागको



यो मिश्रणले मिडिया प्रतिनिधिलाई बिवाइडी एट्टो३ को अत्याधुनिक ड्राइभिङ फिचरहरू र मजबुत निर्माणको परीक्षण गर्न मौका दिएको छ।
कम्पनीका अनुसार बिवाइडी एट्टो३ को मुख्य विशेषता दिगो र नयाँ प्रविधिमा आधारित इन्जिनियरिङ हो। यो एसयुबीमा बिवाइडीको क्रान्तिकारी ब्लेड ब्याट्री प्रविधि प्रयोग गरिएको छ, जसले ब्याट्रीको सुरक्षा, आयु र प्रदर्शनलाई सुधार गर्छ। बिवाइडीको डिजाइन दर्शनअनुसार एट्टो३ २०२४ संस्करणमा आधुनिक र आकर्षक देखिने ड्रागन फेस ३.० बाहिरी डिजाइनमा समावेश छ। गाडीभित्र ड्राइभर र यात्रुको अनुभवलाई अझ राम्रो बनाउनका लागि आरामदायी र स्टाइलिस इन्टेरियर प्रदान गरिएको छ। यो मोडेलले नेपालको इभी प्रविधिमा नयाँ मानक भई देशका विभिन्न सडकको अवस्था र साहसिक भावना पूरा गर्न सक्षम भएको छ।

सिटी सेन्टर फेस्टिभ सेलिब्रेसनमा थापाले जिते स्कुटर

काठमाडौं/ सिटी सेन्टरले दसैं-तिहारको अवसरमा आयोजना गरेको 'फेस्टिभ सेलिब्रेसन-२०२४' का विजेतालाई उपहार प्रदान गरेको छ। सेन्टरले एक कार्यक्रम आयोजना गरी सेलिब्रेसनअन्तर्गतको बम्पर उपहारसहित अन्य उपहार प्रदान गरेको हो।



१३ असोजदेखि ३० कात्तिकसम्म सञ्चालन गरिएको सो सेलिब्रेसनअन्तर्गतको बम्पर उपहार भक्तपुरका कल्याण थापाले जितेका छन्। सेलिब्रेसनअन्तर्गत दैनिक तथा साप्ताहिक योजनाअन्तर्गत विभिन्न उपहार राखिएको थियो भने एकजना भाग्यशाली ग्राहकले बम्पर उपहारस्वरूप हिरो ब्रान्डको जुम स्कुटर जित्ने मौका दिएको थियो। सेन्टरमा सपिङ गरी थापाले सो बम्पर उपहार जितेका हुन्।
थापालाई सिजी मोटर्स प्रालिका नेसनल सेल्स म्यानेजर सूर्यप्रसाद ओझा र सिटी सेन्टरका प्रमुख कार्यकारी अधिकृत आदित्य कुमारले संयुक्त रूपमा स्कुटरको चाबी हस्तान्तरण गरे।
यस्तै, दैनिक तथा साप्ताहिक योजनामा सहभागी भई गोलाप्रथामार्फत विजेता बनेका ४० जनालाई टेक्नो स्मार्ट फोन, अल्टिमा लाइफस्टाइलका घडी तथा एयर बड्स, बाल्ट्राका घरायसी उपकरण, सफारी ब्रान्डका लगेज तथा ब्याग, एभरेस्ट ब्रान्डका साइकल वितरण गरिएको छ।
सिटी सेन्टरका सबै पसल तथा आउटलेटमा कम्तीमा एक हजार रुपैयाँ वा सोभन्दा बढीको सपिङ गर्नेहरूलाई फेस्टिभ सेलिब्रेसनमा सहभागी गराइएको थियो। सपिङका क्रममा उपलब्ध गराइएका सबै भौचरमध्येबाट गोलाप्रथा गरी विजेता चयन गरिएको हो।
बम्पर उपहार विजेता थापालाई चाबी हस्तान्तरण गर्दै सिजी मोटर्सका ओझाले ब्रान्ड प्रवर्द्धनमा सिटी सेन्टरसँग गरिएको सहकार्य फलदायी भएको बताए। यस्तै, सिटी सेन्टरका प्रमुख कार्यकारी आदित्यले उपभोक्तालाई सबै वस्तु तथा सेवा एकै छानामुनि सुपथ मूल्यमा उपलब्ध गराउन तथा सिटी सेन्टरको व्यापार प्रवर्द्धनका लागि पहिलोपटक फेस्टिभ सेलिब्रेसन सञ्चालन गरिएको बताए।

प्रभु केबलकारले ३० करोडको आइपिओ जारी गर्ने



काठमाडौं/ प्रभु केबलकार एन्ड टुरिजमले सर्वसाधारणका लागि ३० करोडबराबरको आइपिओ निष्कासन गर्ने भएको छ। आइपिओ निष्कासक तथा बिक्री प्रबन्धकमा कम्पनीले कुमारी क्यापिटललाई नियुक्त गरेको छ। यी दुवै संस्थाबिच सम्झौतासमेत भएको छ।
सम्झौतापत्रमा प्रभु केबलकारका अध्यक्ष भोजकुमार खड्का र कुमारी क्यापिटलका प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेका छन्।
प्रभु केबलकारको लगानीमा तीनवटा केबलकार परियोजना अगाडि बढेका छन्। जसमध्ये बुटवलमा गौतम बुद्धको कुलगुरु ऋषि कालदेवलको आश्रम र नुवाकोटगढी पाल्पा जाने सिद्धार्थ केबलकार परियोजना गत असोजदेखि व्यावसायिक रूपमा सञ्चालनमा आइसकेका छन्।
प्रभु केबलकार एन्ड टुरिजम लिमिटेड नै उक्त सिद्धार्थ केबलकार कम्पनीको मुख्य लगानीकर्ता कम्पनी हो। यो केबलकार बुटवलस्थित फूलबारी पार्क रहेको देउराली डाँडादेखि पाल्पाको नुवाकोटमा पुग्छ।
त्यस्तै, कम्पनीको लगानीमा सुदूरपश्चिमस्थित बाजुरा जिल्लाको बडिमालिका मन्दिर र चितवनको इच्छाकामना मन्दिरमा निकट भविष्यमा केबलकार बनाई सञ्चालन गर्ने कम्पनीको तयारी रहेको बताइएको छ। यस कम्पनीले जलविद्युत्, कृषि, पर्यटन, विभिन्न उत्पादनमूलक उद्योग र साहसिक पर्यटनमा समेत लगानी गर्दै दोस्रो बजारमा राम्रो उपस्थिति जनाएको छ।

तीन गैरनाफामूलक संस्थालाई मेटलाइफ फाउन्डेसनको दुई लाख डलर सहयोग

काठमाडौं/ मेटलाइफ फाउन्डेसनले सामुदायिक प्रभाव अनुदान कार्यक्रम (सिआइजिपी) नेपालमा विस्तार गरेको छ। स्थानीय समुदायमा गम्भीर समस्यालाई सम्बोधन गर्ने गैरनाफामूलक संस्थालाई सहयोग गर्ने प्रयासका रूपमा यो कार्यक्रम विस्तार गरेको हो। भोकमरी राहत र पोषण, शारीरिक र मानसिक स्वास्थ्य र वातावरणीय दिगोपनमा नेपालमा काम गरिरहेका तीन संस्थाहरूलाई अनुदान प्राप्त कर्ताका रूपमा छनोट गरिएको कम्पनीले जनाएको छ।
अनुदान प्राप्त गर्नेमा एक्सन अगेन्स्ट हंगर, निवास र अवेक रहेका छन्। एक्सनले उदयपुरको बेलाकामा खाद्य सुरक्षा र पोषण सुधार गर्न अमेरिकी डलर एक लाख प्राप्त गर्नेछ। त्यस्तै, निवासले महिलालाई भूमि र आवासमा पहुँच सुरक्षित गर्न ८८ हजार डलर प्राप्त गर्नेछ भने सोलुखुम्बुको हिमाली क्षेत्रमा सोलुचामले आफ्नो परियोजना अवेकले अल्पसंख्यक युवालाई वातावरणीय दिगोपन प्रशिक्षण प्रदान गर्न ५० हजार अमेरिकी डलर प्राप्त गर्नेछन्।

MetLife Foundation

यो अनुदानबाट १६ हजारभन्दा बढी मानिस लाभान्वित हुने अपेक्षा गरिएको छ। मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भने, 'मेटलाइफ फाउन्डेसनको सहयोगबाट यी संस्थाहरू नेपालका ग्रामीण समुदायका लागि उज्यालो र दिगो भविष्य निर्माण गर्ने बाटोमा छन्। यी प्रयासहरूको सकारात्मक तरंग प्रभावले समाजलाई बलियो बनाउँछ, महिलालाई सशक्त बनाउँछ र आउँदो पुस्तालाई आफ्नो समुदायमा लचिलोपन, आत्मविश्वास र आशाका साथ नेतृत्व गर्न सुसज्जित बनाउँछ।'
कर्पोरेट योगदान र समुदायको सहभागिताको लामो परम्परालाई निरन्तरता दिन मेटलाइफ फाउन्डेसन सन् १९७६ मा स्थापित भएको संस्था हो।

मुक्तिनाथ विकास बैंकले ल्यायो 'मुक्तिनाथ फाइदा एप'

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले मुक्तिनाथ फाइदा एप सञ्चालनमा ल्याएको छ। डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न बैंकले आफ्नो मोबाइल बैंकिङ सेवाको स्तरवृद्धि गरी थप सेवासहितको उक्त एप सञ्चालनमा ल्याएको हो। एप सञ्चालनपछि ग्राहकले विभिन्न फाइदा लिन सक्ने बताइएको छ। सबै ग्राहकले सरल र सुरक्षित तरिकाले उपयोग गर्न सक्नेछन्। साथै, एपमा ग्राहकले गर्ने सुरक्षित कारोबारका लागि सुरक्षा प्रश्न राख्न सक्नुका साथै ग्राहकले प्रयोग गर्ने डिभाइस ग्राहक स्वयंको हो-होइन, पहिचान पनि गर्न सक्नेछन्।

मुक्तिनाथ फाइदा APP

बैंकका अनुसार प्रयोगकर्ताले मोबाइल फोन तथा वेबबाट एउटै पासवर्ड प्रयोग गरी आफ्नो खाताबाट सुरक्षित कारोबार गर्न सक्नेछन्। यसका साथै अन्य थप गरिएका सुविधामा विभिन्न बिल भुक्तानी, नगद जम्मा भौचर, एटिएम कार्ड नवीकरण, इ-कमर्स कार्ड सक्रिय, भाषा छनोट, विदेशी मुद्रा विनियमदर, ब्याजदर, कारोबारको सीमाको जानकारीलगायतका सेवा पनि एपमा उपलब्ध रहेका छन्।

लिटमस केबल्स र खेलाडी तथा फिटनेस प्रशिक्षक मूलगुठीबिच सहकार्य

काठमाडौं/ तार, केबल तथा कन्डक्टर उत्पादक कम्पनी लिटमस इन्डस्ट्रिज लिमिटेडले खेलाडी, व्यक्तिगत तथा फिटनेस प्रशिक्षक सनम मूलगुठीसँग सहकार्य गरेको छ। राष्ट्रिय प्रेरणाको स्रोत तथा १५औँ वर्ल्ड बडिबिल्डिङ एन्ड फिजिक च्याम्पियनसिप २०२४ की रजत पदक विजेता सनमले आफ्नो अतुलनीय समर्पण र लगनशीलता यस सहकार्यमार्फत ल्याउने अपेक्षा गरिएको छ।
नेपालको विद्युतीय उत्पादन क्षेत्रमा विश्वास, नवीनता र शक्तिको पर्याय बनेको लिटमस केबल्सले नेपाली फिटनेस तथा बडिबिल्डिङको क्षेत्रलाई नयाँ उचाइ प्रदान गर्ने सनमसँग हात मिलाउँदै सम्पूर्ण नेपालीलाई व्यक्तिगत विकास र सबल र उज्यालो नेपाल निर्माणमा उत्कृष्टता हासिल गर्न प्रेरित गर्ने उद्देश्य राखेको छ। यो सहकार्य दृढता र प्रगतिका लागि समर्पित दुई शक्तिको एकता पनि हो।
सहकार्यबारे बोल्दै लिटमसकी मार्केटिङ तथा बिजनेस डेभलपमेन्ट निर्देशक साक्षी गुप्ताले भनिन्, 'सनमको समर्पणजस्तै हामीले निर्माण गर्ने हरेक तार र केबलले भरोसा र सबलताको आधार निर्माण गरेका छन्। उहाँको



अद्भुत यात्रा र परिचय दृढता, अनुशासन, लगन र निरन्तर मिहिनेतको सशक्त उदाहरण हो। लिटमसलाई परिभाषित गर्ने मूल्य-मान्यता पनि यिनै विशेष गुण हुन्।'
सहकार्यपछि आफ्ना उपलब्धिबाट धेरैलाई प्रेरित गर्दै आइरहेकी सनमले भनिन्, 'लिटमस इन्डस्ट्रिजसँग सहकार्य गर्न पाउनु मेरा लागि खुसीको कुरा हो। यो सहकार्यले म अझ धेरैलाई ठुलो सपना देख्न र आफ्नो क्षमतामा विश्वास गर्न, प्रेरित गर्न उत्सुक छु, जसरी लिटमस केबल्सले नेपालको विद्युतीकरण र विकासलाई ऊर्जा प्रदान गरिरहेको छ।'

Request For Proposal

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for **Service Outsourcing of Collection Counters.**

1. RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the **Administration Department, 4th floor, Ghantaghar building,** Kathmandu, Nepal upon submission of a formal application for bid document.
2. The hard copy of Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, 03 December, 2024 (18 Mangsir, 2081). Bid documents received after this deadline will not be accepted.
3. The received proposal shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11.00. a.m.** on 04 December, 2024 (19 Mangsir, 2081). Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the proposal.
4. In case the last day of submission/opening date falls on government holiday, then submission / bid opening shall be done on the next working day.
5. The Bank reserves the ultimate rights to accept/ reject any proposal and shall not be required to disclose any reason whatsoever and will not be compelled to accept the lowest proposal.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu, Nepal Contact 01- 5971871

डि.स.का. द.नं. २१५८/०६५/६६

हसना भास्तिपुर
बचत तथा ऋण सहकारी संस्था लि.
च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

NEFSCUN

ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति: २०८१/०८/०४

यस संस्थाबाट ऋण लिने तपसिल बमोजिमका ऋणी सदस्यहरूको ऋण लिदा गरिदिएको लिखत तथा शर्तनामामा तोकिएको अनुसार बुझाउनु पर्ने सांवा, ब्याज समेतका रकमहरू नबुझाई ऋण लिदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवं लिखित रूपमा ऋणीले तिर्न बुझाउन पर्ने सांवा, ब्याज, हर्जाना रकम समेत खुलाई पटकपटक तरिकाले गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदरूकता नदेखाएको हुनाले यो ३५(पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बाकी रहेको सम्पूर्ण सांवा, ब्याज र हर्जाना लगायतका रकम एकमुष्ट चुक्ता फर्छ्यौट गर्ने गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एंव उल्लेखित ऋणसंग सम्बद्ध सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकसंगोलको परिवारको नाउमा नेपाल राज्यभर भएको अन्य चलअचल सम्पति समेतबाट सहकारी ऐन, नियामवली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/ जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सुचनाबाट सूचित गरिन्छ।

तपशिल:

ऋणीको तीन पुरते विवरण र फोटो		धितोवाला/जमानीकर्ताको तीन पुरते विवरण र फोटो	
नाम	: सविन बानिया क्षेत्री स.नं. : २५१८०	नाम	: नारायण भक्त बानिया क्षेत्री
स्थाई ठेगाना	: काठमाडौं-२३, काठमाडौं	स्थाई ठेगाना	: कमठमाडौं-२३, काठमाडौं
अ. ठेगाना	: कमठमाडौं-१३, कालिमाटी	अ. ठेगाना	: कमठमाडौं-१३, कालिमाटी
बुबाको नाम	: नारायण भक्त बानिया क्षेत्री	ना.प्र.नं.	: ७५६९/२०८३५
बाजेको नाम	: राम भक्त बानिया क्षेत्री	बुबाको नाम	: राम भक्त बानिया क्षेत्री
		बाजेको नाम	: मनि राज बानिया क्षेत्री
नाम	: बिनोद राई स.नं. : २४९२१	नाम	: सागरमाथा राई
स्थाई ठेगाना	: वासिङटर्पा-६, भोजपुर	स्थाई ठेगाना	: बराह-२, सुनसरी
अ. ठेगाना	: चन्द्रागिरि-१२, काठमाडौं	अ. ठेगाना	: चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं.	: २२०८/५०९१०	ना.प्र.नं.	: ०६/५२५०८
बुबाको नाम	: सुन्दर प्रसाद राई	बुबाको नाम	: बिनोद राई
बाजेको नाम	: बखत सिंह राई	बाजेको नाम	: सुन्दर प्रसाद राई
नाम	: राजु अर्याल स.नं. : २५७३२	नाम	: प्रविण अर्याल
स्थाई ठेगाना	: भुमेस्थान-१, धादिङ	स्थाई ठेगाना	: थाक्रे-१, धादिङ
अ. ठेगाना	: चन्द्रागिरि-१४, काठमाडौं	अ. ठेगाना	: चन्द्रागिरि-१४, काठमाडौं
ना.प्र.नं.	: ३/५१२७-०४४/४५	ना.प्र.नं.	: २६-०१-७४-०७१७४
बुबाको नाम	: राम प्रसाद अर्याल	बुबाको नाम	: राजु अर्याल
बाजेको नाम	: ईश्वरी प्रसाद अर्याल	बाजेको नाम	: राम प्रसाद अर्याल
नाम	: महेश्वर गोपाली स.नं. : ००६८४	नाम	: घनमाया गोपाली स.नं. : ०१२५३
स्थाई ठेगाना	: थानकोट-४, काठमाडौं	स्थाई ठेगाना	: थानकोट-४, काठमाडौं
अ. ठेगाना	: चन्द्रागिरि-४, काठमाडौं	अ. ठेगाना	: चन्द्रागिरि-४, काठमाडौं
ना.प्र.नं.	: ४७७	ना.प्र.नं.	: ४८१५/५४१५२
बुबाको नाम	: पदम बहादुर गोपाली	बुबाको नाम	: कृष्ण गोपाली
बाजेको नाम	: बेखालाल गोपाली	बाजेको नाम	: सुर्यलाल गोपाली
नाम	: केशव लाल श्रेष्ठ स.नं. : ०१०७८		
स्थाई ठेगाना	: बलम्बु-४, काठमाडौं		
अ. ठेगाना	: चन्द्रागिरि-१२, काठमाडौं		
ना.प्र.नं.	: ३५८/३२६९		
बुबाको नाम	: बुद्धि लाल श्रेष्ठ		
बाजेको नाम	: ललित मान श्रेष्ठ		

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

रानी जमरा कुलरिया सिंचाइ आयोजना
टिकापुर, कैलाली

काम सुचारु गरी सम्पन्न गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४

यस आयोजना अन्तर्गतका देहाय बमोजिमका ठेक्काहरूसँग सम्बन्धित निर्माण कम्पनीले सम्झौता अनुसारको निर्माण कार्य अलपत्र पारी सम्पर्क विहीन रहेको, लामो समय देखि निर्माण स्थलमा कुनै पनि निर्माण कार्य गरेको नपाईएको, आयोजनाद्वारा विभिन्न मितिमा म्यादभित्र कार्य सम्पन्न गर्न पटक-पटक लिखित तथा मौखिक रुपमा जानकारी गराउँदा समेत निर्धारित समयमा कार्य सम्पन्न गर्ने गरी निर्माण गतिविधि अगाडी नबढेको, सम्झौता अनुसारको कार्य सम्पन्न गर्न निर्माण कम्पनीले आफैंले पेश गरेको कार्यतालिका अनुसारको प्रगति हासिल नगरेको, निर्माण कार्य अलपत्र पारी चरम लापरवाही गरेको र कार्य सम्पन्न गर्न आवश्यक अग्रसरता र चासो नदेखाएको हुँदा सम्बन्धित निर्माण कम्पनीलाई तुरुन्त कार्य सुचारु गरी निर्धारित म्याद भित्र कार्य सम्पन्न गर्नुहुन यो सूचना जारी गरिएको छ। यो सूचनालाई बेवास्ता गरी कार्य सम्पन्न नगरेको अवस्थामा ठेक्का सम्झौताका शर्तहरू र प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही प्रक्रिया अगाडी बढाईने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपशिल:

क्र. स.	ठेक्का नं.	ठेक्काको कामको विवरण	सम्झौता मिति	निर्माण कार्य सम्पन्न गर्नुपर्ने मिति	निर्माण व्यवसायीको नाम र ठेगाना
१	RJKIP/RTW-Karnali/NCB-11/077/78	Construction of Embankment with Revetment and studs for Command Area Protection in Karnali River at Bhurakhani, Tikapur Municipality, Kailali	२०७८/०२/३१	२०८२/०२/३० (म्याद थप समेत)	श्री बराह डेभलपर्स प्रा.लि. (साविक: श्री राजेन्द्र निर्माण सेवा प्रा.लि., जोगबुढा, डडेल्धुरा) प्रोप्राइटर: श्री सुरेन्द्र साउद)
२	RJKIP/RTW-Karnali/NCB-12/078-79	Emergency Work For Construction of Embankment, Concrete Blocks (Revetment And Toes) And Dumping Big Boulder For Command Area Protection Works in Karnali River Shahipur, Tikapur Municipality	२०७८/१२/१८	२०८१/१२/२२ (म्याद थप समेत)	श्री बराह डेभलपर्स प्रा.लि. (साविक: श्री राजेन्द्र निर्माण सेवा प्रा.लि., जोगबुढा, डडेल्धुरा) प्रोप्राइटर: श्री सुरेन्द्र साउद)
३	NP-DOI- MRJKIP-223197-CW-RFB	Implementation of CAD in Jamara Pilot Area	२०८०/०२/२६	२०८१/०८/१५	श्री भैरव- नव जानुकादेवी- शारदा जे.भी., उत्तरगया, रसुवा आधिकारिक प्रतिनिधि: श्री लेखनाथ अधिकारी
४	NP-DOI- MRJKIP-223196-CW-RFB	Implementation of CAD in Rani Pilot Area	२०८०/०१/११	२०८२/०२/३० (म्याद थप समेत)	श्री थेगिम- सनलाइट जे.भी., धनगढी, कैलाली आधिकारिक प्रतिनिधि: श्री चेतराज भट्ट
५	NP-DOI- MRJKIP-384899-CW-RFB	Command Area Development Works of Tertiary Canal and Water Courses (CAD-2) in Kulariya Irrigation System	२०८१/०२/०७	२०८२/०२/०२	श्री रायमाझी- एन.एस.- निशान जे.भि., हुम्ला आधिकारिक प्रतिनिधि: श्री अकिल बहादुर बुढा

आयोजना निर्देशक

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
मंगलबार ४ मंसिर ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

युरोपमा लुकेका फेन्सिङका प्रशिक्षक शाहीलाई कारबाही

अन्तर्राष्ट्रिय फेन्सिङ महासंघले आयोजना गरेको लेभल २ कोर्स लिन हंगेरीको बुढापेस्टमा पुगेका प्रशिक्षक जलेन्द्रबहादुर शाही नेपाल फर्केनन्, परीक्षा सकेको भोलिपल्ट नै घर फर्कने बताएका उनी अहिलेसम्म सम्पर्कविहीन छन्



हंगेरीको बुढापेस्टमा फेन्सिङ लेभल २ प्रशिक्षण लिने क्रममा नेपालका प्रशिक्षक जलेन्द्रबहादुर शाही (बायाँबाट गोलो घेरामा)

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

हंगेरीको बुढापेस्टमा तीन महिनाको लेभल २ प्रशिक्षण लिन पुगेको नेपालको फेन्सिङका पूर्वखेलाडी तथा राष्ट्रिय टोलीका प्रशिक्षक जलेन्द्रबहादुर शाही त्यतै युरोपमा लुकेका छन्। नेपाल फेन्सिङ संघले शाहीलाई सबै किसिमको जिम्मेवारीबाट मुक्त गरी कारबाही गरेको महासचिव सुजनलाल श्रेष्ठले जानकारी दिएका छन्। 'संघले प्रशिक्षक शाहीलाई हंगेरीमा लेभल २ को प्रशिक्षण गर्न पठाएको थियो, तर अहिले उनी सम्पर्कविहीन छन्, हामीले कारबाही स्वरूप उनलाई सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरेका छौं,' श्रेष्ठले भने।

शाही कैलाली जिल्ला फेन्सिङ संघका अध्यक्ष र सुदूरपश्चिम प्रदेश फेन्सिङ संघका उपाध्यक्ष हुन्। 'युरोपमा लुकेपछि हामीले उसका सबै जिम्मेवारीमुक्त गरेका छौं,' श्रेष्ठले भने, 'यदि भविष्यमा नेपाल फर्किए, उनलाई पुनः कारबाही गरिनेछ।' संघले तीन महिनासम्म चलेको लेभल २ को प्रशिक्षणमा फेन्सिङका मुख्य प्रशिक्षक बनाउन नै शाहीलाई हंगेरीमा पठाएको हो। राष्ट्रिय फेन्सिङ टोलीका मुख्य प्रशिक्षण गर्न कम्तीमा लेभल २ कोर्स पास गर्नुपर्छ।

यो लेभल २ कोर्स पास गरेलगत्तै शाहीले मुख्य प्रशिक्षक जिम्मेवारी पाउने पक्का थियो। फेन्सिङका खेलाडी तथा प्रशिक्षकलाई एक्सपोज गर्न अन्तर्राष्ट्रिय फेन्सिङ महासंघले लेभल २ कोर्स कार्यक्रम आयोजना प्रत्येक वर्ष आयोजना गरिरहेको हुन्छ। 'हंगेरीको कोर्सपछि मुख्य प्रशिक्षक बन्न उसको योग्यता पनि पुग्ने थियो, तर संघले निकै आशा गरेका व्यक्ति नै यतिबेला हंगेरीबाट सम्पर्कविहीन भएका छन्,' श्रेष्ठले भने, 'हामीले उनी युरोपमा लुक्छन् भन्ने कल्पना पनि गरेका थिएनौं।'

हंगेरी दूतावासलाई इमेल

राष्ट्रकै इज्जत नराम्रो बनाएका व्यक्तिलाई तत्कालै नेपाल फर्काउन नेपाल फेन्सिङ संघले हंगेरीमा रहेको दूतावासमा पत्र पठाएको छ। 'उनलाई तत्कालै नेपाल फर्काउन हामीले हंगेरीको दूतावासलाई इमेल गरेका छौं,' महासचिव श्रेष्ठले भने, 'सम्बन्धित निकायले लुकेका प्रशिक्षकलाई नेपाल फर्काउन सहयोग गर्ने विश्वास दिलाएको छ।' पछिल्लो समय शाहीको सोसल मिडियामा उनले स्पेनको विभिन्न सहरबाट पोस्ट गरेका छन्।

संघले पनि उनी अहिले पनि स्पेनमा रहेको अनुमान गरेको छ। 'शाही स्पेनमा रहेको प्रारम्भिक अनुमान छ, सोसल मिडिया सबैलाई ब्लक गर्नुअघि उसले स्पेनमा घुमघाम गरेको तस्बिर पोस्ट गरेका थिए, त्यसपछि केही पनि अपडेट छैन,' श्रेष्ठले भने, 'हामी सम्भवतः स्पेनमा रहेको नेपालको राजदूतावाससँग पनि यस सम्बन्धमा सहकार्य प्रयासमा छौं।'

नेपाल आउन छोरा बिरामीको बहाना

अन्तर्राष्ट्रिय फेन्सिङ महासंघले बुढापेस्टमा रहेको फेन्सिङ एकेडेमीमा लेभल २ कोर्स आयोजना गरेको थियो। त्यसै एकेडेमीमा विभिन्न राष्ट्रबाट आएका खेलाडी तथा प्रशिक्षकहरूलाई राखेको थियो। नेपालबाट प्रतिनिधित्व गरेका शाहीले निर्धारित समयअगाडि अन्तिम परीक्षापछि घर फर्कने महासंघलाई आग्रह गरेका थिए। परीक्षा सकेको भोलिपल्ट नै नेपाल फर्कने भनी उनले महासंघका बुढापेस्टस्थित एकेडेमीमा रहेका पदाधिकारीलाई जानकारी दिए। फेन्सिङ संघले उनको आउने र जाने टिकट व्यवस्थापन गरेको थियो। महासंघले शाही नेपाल फर्कन्छन् भनी विमानस्थलसम्म कोही पनि पदाधिकारी पठाएन। र, शाही नेपाल आउने विमान नसमाती सीधै ट्रेनको यात्रा गरी स्पेन पुगे।

'छोरा धेरै बिरामी भएको र तत्काल परीक्षा लिएर नेपाल फर्कने भनेका रहेछन्, त्यसपछि महासंघले अवस्थाअनुसार परीक्षा लियो,' महासचिव श्रेष्ठले भने, 'उनी नेपाल नआएर सम्भवतः ट्रेन चढेर स्पेन पुगेजस्तो लाग्छ।' अन्तर्राष्ट्रिय फेन्सिङ महासंघले प्रशिक्षणमा रहेका शाही सम्पर्कविहीन भएको केही दिनअगाडि मात्रै नेपाल फेन्सिङ संघलाई जानकारी दिएको थियो। 'हामीलाई सम्बन्धित निकायबाट शाही युरोपमा लुकेको जानकारी प्राप्त भयो, अहिलेसम्म हामीलाई उनी स्पेन वा अन्य युरोपियन राष्ट्र भएको केही आधिकारिक जानकारी छैन,' श्रेष्ठले भने। शाहीले भने युरोपमै रहेका साथीहरूलाई केही दिनका लागि स्पेन आएको र हंगेरी फर्कने जानकारी दिएका रहेछन्। तर, उनी स्पेनबाट न नेपाल न हंगेरी नै फर्केका छन्।

नेपालकै राम्रा खेलाडी र प्रशिक्षक

फेन्सिङका शाही आफ्नो समयमा नेपालकै एक राम्रा खेलाडी तथा प्रशिक्षक हुन्। घरेलु टोलीमा उनी विभागीय टोली त्रिभुवन आर्मी क्लबमा आबद्ध थिए। आर्मीबाट प्रतिनिधित्व गर्दै उनले नेपालगन्जको सातौं र पोखरामा भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण पदक जितेका थिए। सन् २०१९ मा नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुदमा उनले मुलुकलाई पदक दिलाएका थिए। नेपालकै पहिलो पुस्ताका फेन्सिङ खेलाडी रहेका शाहीले केही वर्षअगाडि मात्र सक्रिय खेलबाट सन्न्यास लिएको घोषणा गरेका थिए।

त्यसपछि नयाँ खेलाडी उत्पादन गर्न उनले प्रशिक्षण जिम्मेवारी सम्हाले। यस कार्यमा संघबाट पनि उनलाई साथ मिल्यो। 'खेलाडीका रूपमा शाहीलाई आफ्नो विधामा कसैले हराउन सक्दैनथे, यति मात्र नभई युवा खेलाडीलाई राम्रो प्रशिक्षण दिन सक्ने व्यक्ति थिए,' श्रेष्ठले भने, 'प्रमुख प्रशिक्षक बन्ने सबै गुण र क्षमता भएका कारण नै संघले उसलाई मुख्य प्रशिक्षकसमेत बनाउने तयारी थियो।'

सन् २०१८ मा इन्डोनेसियाको जकार्तामा भएको १८औं एसियन खेलकुद प्रतियोगितामा शाहीले नेपाली फेन्सिङ टोलीका सहायक प्रशिक्षक भूमिका निर्वाह गरेका थिए।

हंगेरीमा दूतावासमा पत्रचार गरेका छौं



सुजनलाल श्रेष्ठ, महासचिव, नेपाल फेन्सिङ संघ

राष्ट्रकै इज्जत नराम्रो बनाएका व्यक्ति शाहीलाई तत्कालै नेपाल फर्काउन हामीले हंगेरीमा रहेको दूतावासमा पत्र पठाएको छौं। सम्बन्धित निकायले लुकेका प्रशिक्षकलाई फर्काउन सहयोग गर्ने विश्वास दिलाएको छ।

संघले नै उसलाई हंगेरीमा बस्नेदेखि टिकटसम्म व्यवस्था गरी लेभल २ को प्रशिक्षण गर्न पठाएको थियो, तर अहिले उनी सम्पर्कविहीन छन्, हामीले कारबाही स्वरूप उनलाई सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरेका छौं। यो कोर्सपछि उसलाई नै मुख्य प्रशिक्षक बनाउने हाम्रो तयारी थियो, तर निकै आशा गरेका व्यक्ति नै युरोपमा लुक्छन् भन्ने कल्पना पनि गरेका थिएनौं।

एनपिएलको पहिलो खेलमा विराटनगरले जनकपुरविरुद्ध खेल्ने



सुदूरपश्चिम रोयल्सले सोमबार धनगढीको चौराहदेखि रंगशालासम्म आयोजना गरेको ज्याली

नयाँ पत्रिका

नेपाल प्रिमियर लिग(एनपिएल)को पहिलो खेलमा विराटनगर किंग्स र जनकपुर बोल्ट्सबिच खेल हुने भएको छ। नेपाल क्रिकेट संघ(क्यान)ले सोमबार सार्वजनिक गरेको खेल तालिकाअनुसार १५ मंसिरमा विराटनगरले दिउँसो १२:१५ बजे जनकपुरको सामना गर्नेछ। १६ मंसिरमा उपनिर्वाचन भएका कारण क्यानले कुनै पनि खेल समावेश गरेको छ। ६ पुसम्म चल्ने एनपिएलमा आठ फ्रेन्चाइज टोली छन्।

खेल तालिकाअनुसार पहिलो क्वालिफायर र इलिमिनेटर खेल ३ पुसमा हुनेछ। पहिलो क्वालिफायरमा लिगको शीर्ष स्थानमा रहेको टोली तथा दोस्रो स्थानको टोलीबिचमा प्रतिस्पर्धा हुन्छ। यस खेलमा विजेता टोलीले फाइनल स्थान बनाउनेछ। पराजित टोलीले फाइनल प्रवेशको फेरि मौका पाउने क्यानले जनाएको छ। ४ पुसमा इलिमिनेटर हुने खेलमा हुनेछ। यसमा तेस्रो र चौथो स्थानमा रहने टोलीबिच खेल हुन्छ। पराजित टोली प्रतियोगिताबाट बाहिरिँदा विजयी टोलीले दोस्रो क्वालिफायरमा स्थान बनाउनेछ।

जनकपुर बोल्ट्सको जर्सी सार्वजनिक

जनकपुर बोल्ट्सले सोमबार आफ्नो आधिकारिक जर्सी सार्वजनिक गरेको छ। जनकपुरमा भएको कार्यक्रममा जनकपुरले आधिकारिक जर्सी सार्वजनिक गरेको हो। मधेश प्रदेशका खेलकुदमन्त्री प्रमोद जयसवाल र मार्की खेलाडी आसिफ शेखले आधिकारिक जर्सी सार्वजनिक गरेका हुन्। यसैबिच नेपाली यू-१९ क्रिकेट टोलीकी कप्तान पूजा महतोलाई 'फेस अफ द बोल्ट्स'को रूपमा सार्वजनिक पनि गरियो। उनलाई ५० हजार रुपैयाँ नगद पुरस्कारसहित सम्मानसमेत छ।

महतोको कप्तानीमा गत साता नेपाली यू-१९ महिला क्रिकेट टोलीले इतिहास रच्दै आइसिसी यू-१९ महिला विश्वकप क्रिकेटमा स्थान बनाएको थियो। महतोले आफूलाई फेस अफ द बोल्ट्स बनाएर सम्मान गरेकोमा खुसी व्यक्त गरिन्। उनले एनपिएलको पहिलो संस्करणमै मधेश प्रदेशको प्रतिनिधित्व गरिरहेको जनकपुरलाई सफलताको शुभकामना दिइन्।

एनपिएलका आठ फ्रेन्चाइजमध्ये विराटनगर किंग्स बाहेक सबैले आधिकारिक जर्सी सार्वजनिक गरिसकेका छन्। जनकपुरका प्रशिक्षकमा नेपालका पूर्वप्रशिक्षक पुबुदु दासानायके छन्।

धनगढीमा सुदूरपश्चिम रोयल्सको ज्याली

धनगढी/ सुदूरपश्चिम रोयल्सले धनगढीको सोमबार चौराहदेखि रंगशालासम्म भव्य ज्याली आयोजना गरेको छ। सो ज्यालीमा हजारौं समर्थकको सहभागिता रहेको रोयल्सले जनाएको छ। ज्यालीमा टोलीका मुख्य प्रशिक्षक जगत टमाटा, मार्की खेलाडी दीपेन्द्र सिंह ऐरी, आरिफ शेख, विनोद भण्डारी, इशान पाण्डे, अमित श्रेष्ठलगायत खेलाडीको सहभागिता थियो।

ज्यालीमा स्थानीय संस्कृति र वेशभूषा झल्कने झाँकी प्रस्तुत गरिएको थियो। रोयल्सले समग्र सुदूरपश्चिम क्षेत्रको प्रतिनिधित्व गरेकाले यहाँको स्थानीय संस्कृतिलाई क्रिकेटको माध्यमबाट विश्वभर चिनाउने लक्ष्य राखेको सिइओ प्रकाश खड्काले बताएका छन्। उनले स्थानीय सहभागितालै टोलीको हौसला बढेको र सुदूरपश्चिमको नाम उच्च बनाउन खेलाडीको मनोबल पनि बढेको महसुस गरेको बताए। सुदूरपश्चिम रोयल्सले केही दिन धनगढीमै रहेर खेलाडीलाई प्रशिक्षण गराउनेछ। सुदूरपश्चिमका मेन्टरमा अस्ट्रेलियाका ब्राड रहेका छन्।

खेल संक्षेप

जेसिज कपको उपाधि मकवानपुरलाई

मकवानपुर/ दोस्रो चैनपुर जेसिज कप फुटबल प्रतियोगिताको उपाधि मकवानपुर गढी जेसिआईले जितेको छ। प्रतियोगिताको सोमबार सम्पन्न फाइनलमा हेटौंडा १९ बस्तीपुरको एफसी परेलीलाई १-० ले हराउँदै मकवानपुरगढीले उपाधि जितेको हो। खेलमा एक मात्र विजयी गोल गणेश हमालले दोस्रो हाफमा गरेका थिए। मकवानपुरले सेमिफाइनलमा नमोबुद्ध एफसी पदमपोखरीलाई हराएको थियो। अर्को सेमिफाइनलमा परेलीले मनहरी वडा नम्बर ५ लाई निराश बनाएको थियो। विजेता मकवानपुरले एक लाख ११ हजार र उपविजेता परेलीले ५१ हजार रुपैयाँ हात पारे।

बास्केटबलमा टिआइए सेमिफाइनलमा

काठमाडौं/ १६औं टिआइए अन्तरस्कुल बास्केटबल प्रतियोगितामा आयोजकको टिआइए 'ए'ले सेमिफाइनल स्थान पक्का गरेको छ। पुरुषतर्फ सोममबार भएको खेलमा टिआइए 'ए'ले सेबलाई ३७-२६ ले हरायो। टिआइएका लागि रेशम नगरकोटीले सर्वाधिक १६ स्कोर गरेका थिए। अर्को खेलमा जित निकालेको एचएचसीएले अन्तिम चारमा स्थान पक्का गरेको छ। एचएचसिएले निम्सलाई ६०-३५ को स्कोरमा हराएको हो। सबै क्वार्टरमा एचएचसिएले फराकिलो अग्रता लिएको थियो। एचएचसिएका लागि डेभिड राईले सर्वाधिक २० स्कोर गरे। ज्ञानोदयले ज्ञान निकेतनलाई ६२-४८ को स्कोरमा पछि पार्दै अन्तिम चारको स्थान सुरक्षित गरेको छ।

एबिपी फाइभ पाँच गोलले विजयी

काठमाडौं/ विराटनगरमा चलिरहेको फुटसल लिगमा एबिपी फाइभ एफसीले आफ्नो दबदबा कायमै राखेको छ। प्रतियोगिताको सोमबार भएको दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्दै एबिपी फाइभले क्लासिको एफसीलाई ५-१ ले हरायो। जितसँगै एबिपी फाइभ अंक तालिकाको शीर्ष स्थानमा छ। अर्को खेलमा रियुनाइटेड एफसीले विराटनगर स्पोर्टस् एकेडेमीलाई २-१ ले हरायो। स्टार ब्वाइज एफसीले अपटाउन एफसीमाथि २-१ को जित निकाल्यो। स्टार ब्वाइज तेस्रो स्थानमा छ। प्रतियोगितामा विराटनगर स्पोर्टस् एकेडेमी र क्लासिको एफसीले अहिलेसम्म जित निकालेको छैन।

हिमचुलीलाई मर्स्याङ्दी कपको उपाधि

लमजुङ/ मर्स्याङ्दी गाउँपालिकामा भएको छैटौं मर्स्याङ्दी कप २०८१ को उपाधि हिमचुली माध्यमिक विद्यालय खुदीले जितेको छ। मर्स्याङ्दी गाउँपालिकाले आयोजना गरेको अन्तरविद्यालयस्तरीय खेलकुद प्रतियोगितामा १ सय ५ अंकका साथ हिमचुली माविं पहिलो भएको हो। ९१ अंकका साथ महेन्द्रदेव माविं तरान्चे दोस्रो भएको छ। ८३ अंक जोडेको त्रिभुवन माविं घनपोखरा तेस्रो भएको आयोजकले जनाएको छ।

रेडियन्ट र एक्सेल्सियरको जित



काठमाडौं/ आयोजक रेडियन्ट पब्लिक बोर्डिङ स्कुल र द एक्सेल्सियर स्कुलले १०औं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा सोमबार जित हात पारेका छन्। रेडियन्ट जुनियर पुरुषमा र एक्सेल्सियर सिनियर पुरुषमा विजयी भएका हुन्। जुनियर पुरुषमा साविक विजेता रेडियन्टले केभिसीलाई १८-६ ले पराजित गऱ्यो। रेडियन्टका सोहाम बुढाथोकीले ६ स्कोर गरेका थिए। सिनियर पुरुषमा एक्सेल्सियरले ज्ञानोदयलाई २९-२२ ले हरायो। एक्सेल्सियरका सोडमेन तामाङले १० स्कोर गरे।

सिनियर पुरुषमा केभिसीले माउन्ट ग्लोरीलाई २४-७ ले हरायो। पुष्पसदनले होली भिजनलाई ३५-२० र स्वस्तिश्री गुरुकुलले विस्डमलाई ३२-८ ले पाखा लगाए। केभिसीका समर्पणले सात र पुष्पसदनका उमंगले १७ स्कोर गरेका थिए। जुनियर पुरुषमा नवीन ज्योतिले पुष्पसदनलाई ८-३ ले पन्छायो। नवीन ज्योतिका जीवन विष्टले ४ स्कोर गरे। प्रतियोगिताअन्तर्गत सिनियर महिलामा केभिएसले केभिसीलाई २४-१५ ले हरायो। केभिएसकी सिमरनले १३ स्कोरको योगदान गरिन्। एक्सेल्सियरले ज्ञानोदयलाई १२-६ ले पराजित गऱ्यो। केभिएसकी सिमरनले १३ तथा एक्सेल्सियरकी अकिना घिमिरेले ९ स्कोर गरेका थिए।

पुलिससँग अंक घटाउने मौका मनाङले चुकायो

नयाँ पत्रिका

मनाङ मर्स्याङ्दी क्लब ललित स्मृति एन्फा यू-१८ युथ लिगको शीर्ष स्थानमा नेपाल पुलिस क्लबसँग अंक दूरी घटाउने अवसरबाट गुमाएको छ। सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा सोमबार मनाङले चर्च ब्वाइज युनाइटेडसँग गोलरहित बराबरीमा खेल्दै अवसर शीर्ष स्थानमा अंक घटाउने मौका चुकाएको हो। बराबरी नतिजासँगै मनाङले १० खेलमा १९ अंक बटुलेको छ। मनाङ दोस्रो स्थानमा उक्लिएको छ। शीर्ष स्थानको पुलिसभन्दा मनाङ चार अंकले पछाडि छ।

प्रतियोगितामा पुलिस अप्रत्याशित रूपमा एनआरटीसँग ४-२ ले स्तब्ध भएको थियो। लिगमा पुलिसको यो पहिलो हार थियो। यसैगरी, बराबरीपछि चर्च ब्वाइजले पनि पाँचौं स्थानमा उक्लिने अवसर गुमाएको छ। चर्च ब्वाइज १४ अंक जोड्दै तालिकाको छैटौं स्थानमा उक्लिएको छ। लिगको दोस्रो खेलमा खुमलटारले अन्तिम समयमा सम्हालिन नसक्दा त्रिभुवन आर्मी जित निकाल्न वञ्चित भयो।

प्रतिस्पर्धाको ९० मिनेटसम्म खुमलटार १-० ले अगाडि थियो। इन्जुरी समयमा खुमलटारले आर्मीविरुद्ध कमजोर डिफेन्स रणनीति अपनाउँदा गोल व्यहोरेको थियो। जसकारण नै खुमलटारले इन्जुरी समयमा स्पष्ट तीन अंकसमेत गुमायो। बराबरीसँगै पुछारमा रहेको खुमलटारले अंक बढाउने अवसर गुमायो।

१० खेल सकिँदा खुमलटारले चार अंक जोडेको छ। पछिल्लो खेलमा खुमलटारले सातदोबाटो युवा क्लबमाथि ४-० को फराकिलो जित निकालेको थियो। खुमलटारले ८७औं मिनेटमा सागर तामाङको सहयोगमा १-० को अग्रता लियो। आर्मीलाई इन्जुरी समयमा भुवन कामीले १-१ को बराबरीमा ल्याए।

नर्वेको जितमा हालान्डका ह्याट्रिक

नेसन्स कपको समूह '३' मा काजकिस्तानलाई ५-० को अन्तरले हराउँदा नर्वेका अर्लिङ हाल्यान्डले ७१औं मिनेटमा ह्याट्रिक गरे



एजेन्सी

अर्लिङ हालान्डको ह्याट्रिकको सहयोगमा नर्वेले आइतबार राति काजकिस्तानलाई ५-० को फराकिलो अन्तरले हराउँदै नेसन्स लिगको आफ्नो समूहमा शीर्ष स्थानमा पुगेको छ। हाल्यान्डले खेलको २३औं मिनेटमा टोलीलाई १-० को अग्रता दिलाएका थिए। उनले खेलको ३७औं र ७१औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन्। नर्वेले पहिलो हाफमा काजकिस्तानविरुद्ध ३-० को अग्रता लिएको थियो। नर्वेले दोस्रो हाफमा थप दुई गोल गरेको थियो।

हाल्यान्डले सान्डेर वर्गेको सटिक पासमा डिबक्सभित्र ह्याट्रिक गोल गरेका हुन्। नर्वेका लागि लेपिइजका युवा खेलाडी नुसाले पाँचौं गोल गरेका हुन्। गत महिना हाल्यान्डले नर्वेका लागि अन्तर्राष्ट्रिय खेलमा सर्वाधिक गोल गर्ने कीर्तिमान राखेका थिए।

हाल्यान्डले अहिलेसम्म नर्वेबाट ३९ खेलमा ३८ गोल गरेका छन्। नेसन्स लिगमा उनले ६ खेलमा सात गोल पुऱ्याएका छन्। समूह '३' मा स्लोभेनियाले अस्ट्रियालाई १-१ को बराबरीमा रोकेको छ।

फ्रान्ससँग इटालीको स्तब्ध

नेसन्स कपमा फ्रान्सले इटालीलाई ३-१ ले हराएको छ। लिगको समूह '२' बाट क्वार्टरफाइनलमामा दुवै टोली पुगिसकेका छन्। यी दुई राष्ट्रबिचको खेल समूह विजेताका लागि भएको हो। प्रतिस्पर्धामा इटालीसँग एक गोल अन्तरले मात्र पराजित हुँदा फ्रान्स दोस्रो स्थानमा झर्ने थियो। तर, फ्रान्सले आवश्यक गोलअन्तरले जित निकाली शीर्ष स्थानमाथि कब्जा जमाउन सफल भयो। इटालीको घरेलु मैदान सानसिरोमा फ्रान्सका लागि मिडफिल्डर रेबियटले दुई गोल गरेका थिए। इटालीका आन्द्रो काम्बासियोले आत्मघाती गोल गरे।

प्रतिस्पर्धामा रेबियटले दोस्रो मिनेटमा फ्रान्सलाई १-० को अग्रता दिलाए। खेलको ३३औं मिनेटमा इटालीका भिकारियोको आत्मघाती गोलमा फ्रान्स २-० अघि रह्यो। खेलको ३५औं इटालीका काम्बासियोले ३-१ का लागि गोल गरे। पहिलो हाफमा इटाली र फ्रान्सले आक्रामक खेल प्रदर्शन गरेको थियो। खेलको ६५औं मिनेटमा रेबियटले व्यक्तिगत दोस्रो गोल थप्दा फ्रान्स ३-१ ले विजयी भयो। सन् १९८३ यता घरेलु मैदानमा इटालीको यो सबैभन्दा ठुलो अन्तरको हार पनि हो। यसै समूहमा इजरायलले बेल्जियमलाई १-० ले हरायो।

प्रशिक्षक थोमासको प्रभावशाली सुरुवात

नेसन्स लिगमा आइतबार राति नै समूह '२' मा इंग्ल्यान्डले रिपब्लिक अफ आयरल्यान्डलाई ५-० को गोल अन्तरले पराजित गरेको छ। यस खेलसँगै थोमास टुचलले इंग्ल्यान्डको मुख्य प्रशिक्षक भूमिका निर्वाह गरेका हुन्। उनले आफ्नो पहिलो खेलमै इंग्ल्यान्डलाई सानदार जित दिलाएका छन्। यसअघि इंग्ल्यान्डका लागि ली चास्ली अन्तरिम प्रशिक्षक बनेका थिए। चास्लीले ६ खेल सम्हाल्दा इंग्ल्यान्डलाई ५ खेलमा जित दिलाए।

आयरल्यान्डले बलियो इंग्ल्यान्डविरुद्ध पहिलो हाफमा गोलरहित बराबरीमा रोकेको थियो। तर, दोस्रो हाफको दोस्रो मिनेटमै कप्तान ह्यारी केनले गोल खडेरी तोड्दै इंग्ल्यान्डलाइ १-० को अग्रता दिलाएका थिए। गोलको अग्रतासँगै इंग्ल्यान्डले खेलमा पकड जमायो।

बल पोसेसन राम्रो बनाउँदै इंग्ल्यान्डले मध्यान्तरपछि आयरल्यान्डविरुद्ध पाँच गोल गर्न सफल भयो। खेलको ५५औं मिनेटमा गोर्डान र खेलको ५८औं मिनेटमा गालाघेरको गोलमा इंग्ल्यान्ड ३-० ले अघि रह्यो। आयरल्यान्डले पाँच मिनेट सम्हालिन नसक्दा खेल गुमाएको हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com